सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ असोज २०८०, बुधबार (4 Oct 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७४ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

‘राष्ट्रसंघका महासचिव गुटेरेसको नेपाल भ्रमणको तयारी’



काठमाडौं/ प्रधानमन्त्री प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणको तयारी भइरहेको बताएका छन्। मंगलबार पार्टी पदाधिकारी बैठकमा उनले गुटेरेसले छिट्टै नेपाल भ्रमण गर्ने र यसका लागि सरकारले तयारी गरिरहेको जानकारी गराएका छन्।

‘महासभापछि महासचिव गुटेरेसको पहिलो विदेश भ्रमण नेपालबाट हुँदै छ। यसले नेपालको शान्ति प्रक्रियाको विषय टुंग्याउन महत्त्वपूर्ण सहयोग पुग्नेछ,’ प्रचण्डको भनाइ उद्धृत गर्दै माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले भने, ‘भ्रमणका लागि सरकारले आवश्यक तयारी गर्दै छ।’ संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी हुन अमेरिकाको न्युयोर्क गएका वेला प्रधानमन्त्री प्रचण्डले गुटेरेसलाई नेपाल भ्रमणको निम्ता दिएका थिए।

सामाजिक सद्भाव बिग्रँदा राष्ट्रिय सुरक्षामै चुनौती



योजनाबद्ध र प्रायोजित रूपमै जातीय र धार्मिक सद्भाव बिथोल्ने गतिविधि भइरहेको सुरक्षा निकायको विश्लेषण

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पेट्रोलियममा सात थरी करसँगै निगमले उठाउँछ थप सात किसिमका शुल्क, थलिन्छन् उपभोक्ता

उपभोक्ताले १०२.७३ रुपैयाँ परेको पेट्रोलको १८३ र १४५८.९४ रुपैयाँको ग्यास सिलिन्डरको १८ सय ९५ तिर्नुपर्छ

■ वर्षमा दुई खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात गर्दा एक खर्ब १२ अर्ब ६३ करोड उठाइयो कर

पूर्वाधार कर मात्रै एक खर्ब १६ अर्ब उठ्यो

निगमका कर्मचारीलाई दैनिक खाजादेखि पोसाकसम्मका भत्ता

अजित अधिकारी/नयाँ पत्रिका

खाना पकाउने एलपी ग्याससहितका पेट्रोलियम पदार्थमा सरकारले मूल्य अभिवृद्धि कर भ्याटसहित सात किसिमका कर उठाउने गरेको छ। यसबाहेक नेपाल आयल निगमले नाफालगायतका थप सात शीर्षकमा रकम उठाउँछ। जसका कारण भारतबाट १०२ रुपैयाँ ७३ पैसा प्रतिलिटरमा खरिद गरिएको पेट्रोल उपभोक्ताले १८३ रुपैयाँ र प्रतिसिलिन्डर १४ सय ५८ रुपैयाँ ९४ पैसामा खरिद गरिएको ग्यासको १८ सय ९५ तिर्नुपर्छ।

पेट्रोलियममा अहिले भ्याटबाहेक भन्सार तथा प्रज्ञापन शुल्क, पूर्वाधार कर, सडक मर्मत शुल्क, प्रदूषण शुल्क, फ्युल थ्रुपुट शुल्क र मूल्य स्थिरीकरण कोषका लागि कर उठाउने गरिएको छ। सातवटै करबापत उपभोक्ताले ग्यास प्रतिसिलिन्डरमा ३०९ रुपैयाँ ५७ पैसा, पेट्रोल प्रतिलिटरमा ६३ रुपैयाँ ६१ पैसा, डिजेलमा ४७ रुपैयाँ १६ पैसा, मट्टीतेलमा ३३ रुपैयाँ ६६ पैसा, आन्तरिक हवाई इन्धनमा १९ रुपैयाँ ६१ पैसा र बाह्य हवाई इन्धनमा एक रुपैयाँ ९५ पैसा तिनुपर्छ।

प्रतिशतका आधारमा नभई ‘फ्ल्याट’मा करको दर तोकिएका कारण निगम सधैं फाइदामा र उपभोक्ता सधैं महँगीको मारमा परिरहेका छन्। करको हिस्सा उच्च हुँदा उपभोक्ता मूल्यमा असर पर्ने गरेको पछिल्लो वासलात विवरणले नै देखाउँछ। निगमले आइतबारदेखि इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट पेट्रोल १०२ रुपैयाँ ७३ पैसा प्रतिलिटरका दरले खरिद गर्न थालेको छ। यसमा विभिन्न सात प्रकारका कर जोडिएर ६३.६१ रुपैयाँ हुने गरेको छ। जसकारण भन्सार पास हुनासाथ पेट्रोलको मूल्य १६६ रुपैयाँ ३४ पुग्छ। त्यसपछि निगमले पनि नाफा राखेर बेच्छ।

» पृष्ठ ११ मा क्रमशः

■ **यसरी निर्धारण हुन्छ पेट्रोलियम पदार्थको मूल्य**

	पेट्रोल	डिजेल	मट्टीतेल	हवाई इन्धन आन्तरिक	हवाई इन्धन बाह्य	ग्यास
भारतबाट खरिद मूल्य	१०२.७३	११८.४०	११३.४६	११३.७५	११३.७५	१४५८.९४
त्यसपछि उठाउँछ सरकारले सात किसिमका यी कर						
भन्सार तथा प्रज्ञापन शुल्क	२५.२३	१२.०३	१२.०३	२.१३	०.०३	७८.४५
सडक मर्मत शुल्क	४	२	-	-	-	-
प्रदूषण शुल्क	१.५०	१.५०	-	-	-	-
पूर्वाधार कर	१०	१०	-	-	-	-
भ्याट	२१.०५	१९.९०	१९.९०	१५.६५	-	२१२.१७
फ्युल थ्रुपुट शुल्क	-	-	-	०.४८	०.५५	-
मूल्य स्थिरीकरण कोष	१.८३	१.७३	१.७३	१.३६	१.३७	१८.९५
कुल	६३.६१	४७.१६	३३.६६	१९.६१	१.९५	३०९.५७
त्यसपछि पालो निगमको, उठाउँछ यी ६ किसिमका शुल्क						
प्रशासनिक खर्च	०.६१	०.६१	०.६१	०.६१	०.६१	८.६३
बिमा	०.०६	०.०७	०.०७	०.०७	०.०७	१.५३
चुहावट/नोक्सानी	१.२५	०.८४	०.८२	०.७३	०.७५	-
ऋणको ब्याज	०.०६	०.०६	०.०६	०.०६	०.०६	०.९०
ढुवानी भाडा	६.२४	३.०१	६.२४	६.२९	६.२९	-
डिलर कमिसन	६.१४	४.८८	४.७६	-	-	२९६.९६
कुल	१४.३६	९.४७	१२.२८	७.७६	७.७८	३०८.०२
यहाँसम्मको कुल लागतमा पनि निगमले थप नाफा खाएर उपभोक्तालाई बेच्छ						
कुल लागत	१८०.७१	१७५.०४	१५९.६८	१४१.१६	१२३.४८	२०७६.५३
निगमको नाफा/घाटा	२.२९	-२.०४	१३.३२	-५.१६	१३.७३	-१८१.५३
उपभोक्ता मूल्य	१८३	१७३	१७३	१३६	१.०३५ डलर	१८९५

आयल निगमले स्वचालित प्रणालीअन्तर्गत शनिबार रातिदेखि लागू हुने गरी प्रतिलिटर पेट्रोल १८५, डिजेल/मट्टीतेल १७९, आन्तरिक हवाई इन्धन १४४, बाह्य हवाई इन्धन १.०९५ (डलर) र ग्यास (प्रतिसिलिन्डर) २११० रुपैयाँ पुऱ्याएको थियो। तर, सरकारले तत्काल मूल्यवृद्धि फिर्ता लिन निर्देशन दिएपछि पुरानै मूल्यमा बेच्न थाल्यो। बढाएको मूल्यअनुसार पेट्रोलदेखि ग्याससम्म निगम सबैमा नाफामा थियो।

उपभोक्तालाई सहुलियत दिन गृहकार्य हुँदै छ

● **रमेश रिजाल**, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री



पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा मूल्य निरन्तर बढ्दा नेपालमा समेत बढाउनुपर्ने र त्यसले उपभोक्तालाई असर गर्नेतर्फ सरकार गम्भीर छ। उपभोक्तालाई परेको असरलाई ध्यान दिएर नै यसपटक स्वचालित कार्यविधि नै मिचेर भए पनि आयल निगमलाई घाटा हुने गरी बढेको मूल्य फिर्ता भएको छ। आगामी दिनमा पनि पेट्रोलियम पदार्थमा उपभोक्तालाई केही सहुलियत दिन सकिन्छ कि भनेर सरकारका तर्फबाट गृहकार्य भइरहेको छ। उपभोक्तालाई राहत दिने विषयमा चाँडै एउटा टुंगोमा पुग्छौं। ग्यासमा उपभोक्ता प्रयोजन र व्यावसायिक प्रयोजनको मूल्यमा पनि पुनरावलोकन गर्नेतर्फ पनि मन्त्रालयले काम गरिरहेको छ। स्वचालित मूल्य निर्धारण प्रणाली पनि कायमै छ।

करको दर घटाएर राहत दिनुपर्छ

● **सुरेन्द्र पाण्डे**, पूर्वअर्थमन्त्री



अहिले भारतको तुलनामा नेपालमा पेट्रोलियम पदार्थ केही महँगो छ। खासमा सीमा क्षेत्रमा पेट्रोलियम पदार्थको मूल्य उस्तै हुनुपर्छ। यसो गर्दा पेट्रोलियमको तस्करी हुन पाउँदैन। नेपालको इन्धन सस्तो गर्न पनि कर घटाउनुपर्ने देखिन्छ। अर्कातिर, अहिले विभिन्न शीर्षकमा तोकिएको कर नै बढी छ। यसलाई समायानुकूल परिवर्तन गर्न कसैको ध्यान गएको देखिँदैन। महँगीले आक्रान्त भएका उपभोक्तालाई करको दर घटाएर राहत दिने अहिले सही वेला आएको छ। त्यसैले सरकारले करको दर घटाएर उपभोक्तालाई राहत दिन ढिला गर्नुहुँदैन।

राष्ट्रिय आवश्यकताअनुसार निर्णय गर्नुपर्छ

● **महेश दाहाल**, पूर्वअध्यक्ष, राजस्व परामर्श विकास समिति (हाल खारेज)



संसदूले पास गरेको आर्थिक ऐनअनुसार कर असुली हुने भएको हुँदा पुनः बीचमा हेरफेर गर्न अलि कठिन होला, तर आमउपभोक्ताको सवालमा सरकारले निर्णय गर्ने हो भने संसदूले सर्वसम्मत रूपमा करका दरहरू हेरफेर गर्ने सरकारको निर्णयलाई समर्थन गर्न सक्छ। त्यसैले राष्ट्रिय आवश्यकता के हो भन्ने पहिचान गरेर सरकारले निर्णय लिन पाउँछ।

कान्ति बाल अस्पतालमा बालिका मृत्यु प्रकरण

मन्त्रालयमै थन्किएको प्रतिवेदन

शिवहरि घिमिरे/नयाँ पत्रिका


कान्ति बाल अस्पतालको इमर्जेन्सी कक्षमा पालो कुर्दाकुर्दै उपचार नपाएर भएको बालिका रेजिशा गोपालीको मृत्युसम्बन्धी छानबिन प्रतिवेदन १९ दिनसम्म पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमै थन्किएको छ। छानबिन समितिले इमर्जेन्सीमा खटिएका चिकित्सक र अस्पताल कर्मचारी (सेक्युरिटी गार्ड)को लापरबाहीले बालिकाको मृत्यु भएको निष्कर्षसहित २९ भदौमै स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई प्रतिवेदन बुझाए पनि अहिलेसम्म कुनै कारबाही नभएको हो।

१८ भदौमा कान्ति पुऱ्याइएकी मकवानपुरकी पाँच वर्षीया रेजिशाले इमर्जेन्सीबाहिर दुई घन्टासम्म पालो कुर्दा पनि उपचार नपाएपछि हजुरबुबाको काखमै प्राण त्यागेकी थिइन्। २० भदौमा नयाँ पत्रिकामा समाचार प्रकाशित भएसँगै चौतर्फी दबाब परेपछि स्वास्थ्यमन्त्री बस्नेतको निर्देशनमा अस्पताल प्रशासनले २३ भदौमा छानबिन समिति गठन गरेको थियो। अस्पतालका डा. प्रकाश जोशी संयोजक तथा नर्सिङ अधिकृत अजिता सिलवाल र शाखा अधिकृत डम्बरु दाहाल सदस्य रहेको समितिले छानबिन प्रतिवेदन तयारी गरी तीन

» पृष्ठ ११ मा क्रमशः



कान्ति बाल अस्पतालको लापरबाहीले १८ भदौमा ज्यान गुमाएकी मकवानपुरकी पाँच वर्षीया रेजिशा गोपाली



बझाङमा तीन घन्टामा सात भूकम्प

पहिलो भूकम्पमा विद्यार्थी चौरमा निकाल्दा मानवीय क्षति टऱ्यो

स्थान	समय	म्याग्निच्युड
तलकोट गापा	दिउँसो २:४०	५.३
चैनपुरआसपास	दिउँसो ३:०६	६.३
छब्बिस पाथीभेरा गापाको कडेल	दिउँसो ३:४५	४.१
भाटेखोला	साँझ ४:२८	४.१
जयपृथ्वी नपाको हेमन्तवाडा	साँझ ४:३१	४.३
तल्कोट गापाको धमेना	साँझ ५:१९	५.०
जयपृथ्वी नपाको हेमन्तवाडा	साँझ ५:३८	५.०

डडेल्धुराबाट **नवराज पनेरू**

बझाङमा एकै दिन तीन घन्टाको अन्तरालमा चार म्याग्निच्युडभन्दा ठूला सातवटा भूकम्प गएका छन्। जसबाट एकजना बेपत्ता भएका छन् भने १५ जना घाइते भएका छन्।

प्रहरीका अनुसार भूकम्पसँगको पहिरोले जयपृथ्वी नगरपालिका- ११ ओखल गाउँकी गुनदेवी धामी बेपत्ता भएकी हुन्। घाइते भएका जयपृथ्वी नगरपालिका, मस्टा गाउँपालिका, केदारस्युँ, छब्बिस पाथिभेरा, खप्तडछान्ना र वित्थडचिर गाउँपालिकाका १३ जनाको स्थानीय प्राथमिक स्वास्थ्य

» पृष्ठ ११ मा क्रमशः



भूकम्पले घर भत्काएपछि चिन्तित जयपृथ्वी नगरपालिका- ४ गोलाईका डल्लो जोशी। तस्बिर सौजन्य : **नरेन्द्रराज उपाध्याय**

■ राष्ट्रिय भूकम्प मापन केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारी भन्छन्- **भूकम्पको जोखिम घटेको छैन**



नेपाल भूकम्पीय जोखिम रहेको देश हो। जतिवेला पनि भूकम्प जान सक्छ। ५-६ म्याग्निच्युडका भुइँचालो गएर महाभूकम्पको शक्ति कम गर्दैन। ६ म्याग्निच्युडभित्रको भूकम्पले जोखिम घटाउने होइन, बरु भुइँचालो जाने ठाउँ हो, शक्ति छ भनेर दर्साउने हो। शक्ति घटाउन आठ म्याग्निच्युडमाथिको भूकम्प जानुपर्छ। ६ म्याग्निच्युडका एक हजार भूकम्प गयो भने ८ म्याग्निच्युडबराबरको शक्ति निष्क्रिय हुने हो। तर, अहिले लगातार गइरहेका भूकम्पपछि ठूलो जान्छ वा भूकम्प नै जाँदैन भनेर भन्न सकिँदैन। तर, जोखिम छ भनेर दर्साउँछ।

सहकारीमाथि काठमाडौं महानगरले थाल्यो कारबाही

७३ सहकारीलाई कारबाही गर्न प्रहरीलाई पत्र

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्रका सहकारीलाई कडाइ गर्ने भएको छ। महानगरका अनुसार सहकारीमाथि कडाइस्वरूप अनुगमनलाई तीव्रता दिने, सहकारी एकीकरणमा प्रोत्साहन गर्ने र मापदण्डविपरीतका सहकारी खारेज गरिने भएको छ।

महानगरमा दुई सय ४२ वटा सहकारीविरुद्ध झन्डै ६ हजार उजुरी दर्ता भएका छन्। त्यसमध्ये ७३ वटा सहकारीलाई कारबाही गर्नका लागि महानगरले प्रहरीमा नाम पठाइसकेको छ। महानगरका सहकारी विभाग प्रमुख बलराम त्रिपाठीले दसैंअगाडि नै महानगरभित्र कार्यक्षेत्र भएका सहकारीको अनुगमन हुने बताए। 'अहिले अनुगमन अलि कम भइरहेका छन्। त्यसलाई तीव्र बनाउँदै छौँ। दसैँअगाडि नै अनुगमन सुरु गर्छौँ,' उनले भने, 'महानगरभित्र चाहिनेभन्दा धेरै सहकारी छन्। महानगरभित्रका १९ सय सहकारीमध्ये १६ सय बचत तथा ऋण सहकारी छन्। सहकारी ऐनअनुसार पाँच हजार जनसंख्यामा एक बचत तथा ऋण सहकारी हुनुपर्छ। त्यसैले महानगरको जनसंख्याअनुसार एक सय ६० बचत तथा ऋण सहकारी भए पुग्ने अवस्था छ। 'कडाइका साथ अनुगमन गरेर सहकारीको संख्या घटाउँछौँ। कानुनबमोजिम चलेको छैन भने खारेज गर्ने हो,' त्रिपाठीले भने।

कारबाहीका लागि पत्र पठाइएका सहकारी संस्था

न्युज डेभलपमेन्ट, अष्टमंगल, ढुकु पिकु, स्वर्णपथ, चाइना टाउन, समुन्नत, बिजनेस, एलपिजी, लक्षपमबास, सूर्योदय ज्योति, स्वतन्त्र शान्ति, मानापाथी, ल्होत्से, सोसाइटी, तीव्र, उपासी, सिर्कादेवी, ॐ बटु, हलमार्क, सम्यक्, एटुजेड, पानीट्यांकी, उन्नति, मुस्किलमा सजिलो, मनसुन, जनमत, आनन्द नगर, सुपर टप, जनजीविका, अस्मोसिस, महिलाचालक मजदुर, जिलेट, सामाजिक, गृहशान्ति, सर्वश्री, कान्ति, किरणोदय, संघर्ष, हितकोष, हेल्प विथ अस, नमस्ते गोसाइँकुण्ड, द नेक्स्ट, जाम्बाला, पुण्यभूमि, जय हनुमान, सुख समृद्धि, डेभलपमेन्ट, आरक्ष, नवसंकल्प, अमृताम्भ, पर्फेक्ट, अष्ट, स्वर्णकालीन, हाम्रो भकारी, जनमिलन, मिनी, हिराखुसी र मध्यविन्दु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड छन्।

■ महानगरको सहकारी विभागमा ६ हजार उजुरी

महानगर कार्यक्षेत्र रहेका एक हजार नौ सय सहकारीमध्ये दुई सय ४२ सहकारीविरुद्ध महानगरमा ६ हजार उजुरी दर्ता भएका छन्। यसमध्ये तीन हजार उजुरी सामान्य सहमतिका आधारमा फिर्ता भएका छन्। ती सहकारीले बचतकर्ताको करिब एक खर्ब रकम फिर्ता दिन बाँकी छ। सहकारीविरुद्धका उजुरीको संख्या बढ्न थालेपछि महानगरले कडाइ गर्न लागेको हो। बचत गरेको रकम सहकारीले फिर्ता नदिएको, तोकिएबमोजिम ब्याज प्राप्त नभएकोलगायत उजुरी बचतकर्ताका तर्फबाट परेका छन्। त्यस्तै, सहकारी सञ्चालकको तर्फबाट बचतकर्ताले धम्क्याएको, ऋणीले ऋण नतिरेको, ऋणीबाट पैसा असुलउपर नहुन्जेल घरजग्गा रोक्का राखिदिनुपर्नेलगायत गुनासोसहितका उजुरी परेका छन्।

दुई सय ४२ सहकारीविरुद्ध परेका उजुरीमध्ये ७३ सहकारीलाई कारबाही गर्नका लागि नेपाल प्रहरीमा नामावली पठाइएको महानगरले बताएको छ। 'उजुरी त दैनिक चार-पाँचवटा नै आइरहेका छन्। पुलिसलाई फरवार्ड गरेको भनेकोचाहिँ बचतकर्ताको गुनासो र उजुरीसँग सम्बन्धितको मात्र हो। अरूचाहिँ हामीले सम्बन्धितलाई बोलाएर कबुलियतनामा गराएर पठाइदिन्छौँ,' विभाग प्रमुख त्रिपाठीले भने।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारअन्तर्गत सहकारी सम्बन्धित अधिकार पनि रहेको छ। जसअन्तर्गत सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मापदण्ड निर्धारण, नियमन, सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ-संस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी स्थानीय तथ्यांक व्यवस्थापन र अध्ययन अनुसन्धानलगायत रहेका छन्। कारबाहीका लागि प्रहरीलाई नाम पठाएका ७३ सहकारीमध्ये पर्फेक्ट बचत तथा ऋणले मात्र बचत रकम फिर्ता गरिरहेको महानगरले जनाएको छ।

● **बलराम त्रिपाठी**, प्रमुख, सहकारी विभाग काठमाडौं महानगर



दसैंअगाडि नै महानगरभित्र कार्यक्षेत्र भएका सहकारीको अनुगमन गर्छौँ। महानगरभित्र चाहिनेभन्दा धेरै सहकारी छन्। महानगरभित्रका १९ सय सहकारीमध्ये १६ सय बचत तथा ऋण सहकारी छन्। सहकारी ऐनअनुसार पाँच हजार जनसंख्यामा एक बचत तथा ऋण सहकारी हुनुपर्छ। त्यसैले महानगरको जनसंख्याअनुसार एक सय ६० बचत तथा ऋण सहकारी भए पुग्छ। अब सहकारीको संख्या घटाउँछौँ। कानुनबमोजिम चलेको छैन भने खारेज नै गर्छौँ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०६/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रकाशित मिति २०८०/०५/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०४/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०५/२४ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा स्विकार योग्य बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७३/०७/३० रोज ३ मा प्रा.फ.र.नं. १७०४/०७३/०७४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०५८/०६/०८ मा स्थायी लेखा नम्बर (PAN) ३००३७३८७३ र मिति २०७३/०८/०१ मा (VAT) अन्तर्गत दर्ता कायम भएको **गौरी शंकर हार्डवेयर पसल**।

प्रोप्राइटर : राम करण ठाकुर

व्यक्तिगत जमानीकर्ताको विवरण

१. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने **राम करण ठाकुर** (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा)।	२. मोहित ठाकुर वडहीको बुहारी, राम करण ठाकुरको पत्नी, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने **ललिता देवी ठाकुर** (ना.प्र.नं. १५३०९१/८९२, जारी मिति २०६३/११/२८, जि.प्र.का. सिराहा)।

धितोको विवरण

१. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने राम करण ठाकुर (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ८ हाल कटारी न.पा. वडा नं. ४ स्थित कि.नं. ४३३२ र ४४५० को क्षेत्रफल क्रमशः ०-०-१२-० र ०-०-८-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. माधुरी ठाकुरको नाती, मोहित ठाकुर वडहीको छोरा, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने राम करण ठाकुर (ना.प्र.नं. १०२५, जारी मिति २०५७/०८/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. १ क हाल कटारी न.पा. वडा नं. ३ स्थित कि.नं. ३९७८ को क्षेत्रफल ०-०-७-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. मोहित ठाकुर वडहीको बुहारी, राम करण ठाकुरको पत्नी, सिराहा जिल्ला, साविक फुलबरीया गा.वि.स. वडा नं. ५ स्थाई ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ३ बस्ने ललिता देवी ठाकुर (ना.प्र.नं. १५३०९१/८९२, जारी मिति २०६३/११/२८, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको नाममा रोक्का समेत रहेको उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. १ क हाल कटारी न.पा. वडा नं. ३ स्थित कि.नं. १६२६ र १६२७ को क्षेत्रफल क्रमशः ०-०-२-० र ०-०-२-० (बिघा) बमोजिमको घरजग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

४. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी गौरी शंकर हार्डवेयर पसल कायम भएको प्रदेश नं. २, यातायात व्यवस्था कार्यालय, लहान, सिराहामा दर्ता कायम रहेको तपसिल बमोजिमका सवारी साधन :

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	ईन्जिन नं.	च्यासिस नं.
LPT 1109/42 BS3_20ft HDLB	प्र-२-०२-००१ क ०१३६	2021	497TC44CSY809094	MAT457017H7R04653

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०७/०१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०७/०२ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : कटारी, उदयपुर
फोन नं. ०३५-४५०४३४
Website: www.siddharthabank.com

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०६/१७

यस फाइनान्सको शाखा कार्यालय ओदारी, कपिलवस्तु तथा नारायणगढ, चितवनबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक-पटक म्याद दिंदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपशिल बमोजिमको सवारी साधनहरु तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको अचल सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

शाखा कार्यालय ओदारी, कपिलवस्तु

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : विश्वनाथ बढई बाबु : बिपत बढई बाजे : बद्री बढई ना.प्र.नं. : १/१५/५७०२६ मिति : २०६१/०७/१६, जि.प्र.का. कपिलवस्तु। ठेगाना : पतरीया ९, कपिलवस्तु। हाल : शुद्धोधन गा. पा. १, कपिलवस्तु।	**क) नाम : गीता बढई** बाबु : लालमन बढई पति : विश्वनाथ बढई ससुरा : बिपत बढई ना.प्र.नं : १/१५/७७६९० मिति : २०६३/०९/०९, जि.प्र.का. कपिलवस्तु। ठेगाना : पतरीया ९, कपिलवस्तु। हाल : शुद्धोधन गा.पा. १, कपिलवस्तु।

धितो सुरक्षणको विवरण

मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुमा विश्वनाथ बढईको नाममा दर्ता श्रेस्ता कायम रहेको लुम्बिनी अञ्चल कपिलवस्तु जिल्ला पतरीया वडा नं. ३ ख स्थित कित्ता नं. १२८ को क्षेत्रफल ०-०-१७-० (वि-क-धु) को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।

शाखा कार्यालय नारायणगढ, चितवन

१. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७७/०४/१३ मा प्रा.फ.र.नं. ८५/२०७७/२०७८ दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भरतपुर, चितवनबाट स्थायी लेखा नं. ६१३४११७६७ को प्रमाणपत्र प्राप्त **मार्स सप्लायर्स**।
प्रोप्राइटरको नाम : प्रकाश कुमार थापा
ठेगाना : भरतपुर म.न.पा. वडा नं. १२, आनन्दटोल, चितवन।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : प्रकाश कुमार थापा बाबु : धन बहादुर थापा बाजे : तिलक बहादुर थापा ना.प्र.नं. : १२६४ मिति : २०४७/०८/०५, जि.प्र.का. चितवन ठेगाना : भरतपुर म.न.पा. वडा नं. १२, चितवन।	**ख) नाम : शुष्मा थापा** बाबु : शिव कुमार डल्लाकोटी पति : प्रकाश कुमार थापा ससुरा : धन बहादुर थापा ना.प्र.नं. : १६००४/०६१ मिति : २०६१/०९/२३, जि.प्र.का. चितवन ठेगाना : भरतपुर म.न.पा. वडा नं. १२, चितवन।
ग) नाम : मुस्कान थापा बाबु : प्रकाश कुमार थापा बाजे : धन बहादुर थापा ना.प्र.नं : ३५-०१-७७-०२३९० मिति : २०७७/०७/१९, जि.प्र.का. चितवन ठेगाना : भरतपुर म.न.पा.वडा नं. १२, चितवन।	

धितो सुरक्षणको विवरण

क) मालपोत कार्यालय भरतपुर, चितवनमा **प्रकाश कुमार थापा**को नाममा दर्ता कायम रहेको भरतपुर वडा नं. ३ क स्थित कित्ता न. ५९६५ को क्षेत्रफल ०-१-०-० (बि-क-धु) को घरजग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत।
ख) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी मार्स सप्लायर्स कायम रहेको वागमती प्रदेश, यातायात व्यवस्था कार्यालय, मकवानपुर, हेटौडामा दर्ता रहेको प्रदेश-०३-००१-ख-०८१७ इन्जिन नं. **81K63739546** च्यासिस नं. **MAT447223J2R25679** भएको १ थान टाटा ट्रक।
ग) धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी मार्स सप्लायर्स कायम रहेको प्रदेश नं. २, यातायात व्यवस्था कार्यालय, पर्सा, वीरगंजमा दर्ता रहेको प्रदेश २-०३ ००१-ख-४८६५ इन्जिन नं. **12B63856825**, च्यासिस नं. **MAT447234M2R02286** भएको १ थान टाटा ट्रक।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

मंगलबार उपत्यकामा

न्युरोड : काठमाडौं मनपा-२२, न्युरोडबाट राजस्व छलीका ८० थान मोबाइलसहित काठमाडौं कागेश्वरी मनहरा नपा-७ बस्ने रामेछाप लिखु गापा-६ का २९ वर्षीय मिलन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले श्रेष्ठलाई बा.१९च ५०९४ नम्बरको गाडीसहित पक्राउ गरेको हो। उनलाई आवश्यक कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचरण काठमाडौं पठाइएको छ।

बोधिग्राम : संरक्षित वन्यजन्तु चितुवाको छालासहित पाँचजनालाई ललितपुर मनपा-१५, बोधिग्राम टोलबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने भोजपुर आमचोक गापा-४ का ३९ वर्षीय लक्ष्मण विश्वकर्मा, २० वर्षीय विनोद कालिकोटे, रामेछाप रामेछाप नपा-४ का ३४ वर्षीय दलबहादुर आलेमगर, धादिङ गल्छी गापा-८ का २८ वर्षीय उमेश दुधराज र २० वर्षीय प्रेमबहादुर विक रहेका छन्। केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

दमाईंटोल : काठमाडौं मनपा-१९, दमाईंटोल डेरा गरी बस्ने महोत्तरी गौशाला नपा-४, बिर्ताका २८ वर्षीय रञ्जित ठाकुरको कोठामा कोही नभएको अवस्थामा ताल्चा फुटाई दुई तोलाका सुनका सिक्री दुई थान, आधा तोलाको सुनको कानमा लगाउने झुम्का एक थान र नगद ५२ हजार रुपैयाँ सोमबार राति चोरी भएको छ। घटनाबारे अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

सार्वजनिक शौचालय सञ्चालन गर्नेलाई महानगरले सहयोग गर्ने

काठमाडौं/ काठमाडौं महानगरपालिकाले सार्वजनिक शौचालय सञ्चालन गर्नेलाई सहयोग गर्ने नीति अघि सारेको छ। वडासचिवसँगको छलफलका क्रममा महानगरले सोमबार यस्तो प्रस्ताव अघि सारेको हो।

छलफलमा हाल भएका शौचालयलाई सरसफाइ र नियमित गर्ने, सम्झौता भएकाहरूको सञ्चालन अवस्था अनुगमन गर्ने र नयाँ निर्माण गर्ने योजना कार्यान्वयनबारे कुराकानी भएको सार्वजनिक-निजी साझेदारी इकाइका प्रमुख डा. शिवराज अधिकारीले बताए। 'सार्वजनिक शौचालय भन्नेबित्तिकै मानिसको आँखाअघि फोहोरको दृश्य मात्रै आउँछ। अव्यवस्थित ठाउँ दुर्गन्ध, भिड। यसलाई रूपान्तरण गरेर सफा, दुर्गन्धरहित, व्यवस्थित, उज्यालो, हात धुने साबुन-पानीको व्यवस्था भएको शौचालय उपलब्ध गराउने बानीको विकास गर्न सहयोग गर्न लागिएको हो,' उनले भने। उनले सहरमा हरेक पाँच सय मिटरमा एउटा सार्वजनिक शौचालय उपलब्ध गराउने महानगरको नीति कार्यान्वयन गर्न सबै पक्ष एकै ठाउँमा उभिनुपर्ने बताए।

इकाइले शौचालयको स्वच्छतासम्बन्धी आचरण विकास गर्न सबै सार्वजनिक शौचालयलाई वर्षको तीनपटक निःशुल्क सफाइका सामग्री उपलब्ध गराउने भएको छ। यसमा सेतो फिनेल, कालो फिनेल, दाना फिनेल, हर्पिक, युरिन प्याड, कुचो, खरेटो, वाइफर, मग, बाल्टिन, साबुन, डोरम्याट आदि हुनेछन्।

स्वर्णिम योजनाअन्तर्गत स्वच्छ पिउने पानी कार्यक्रमकी सम्पर्क अधिकारी कविता राईले शौचालयको स्वच्छताका लागि डिटोल, रुमाल, रुम स्प्रे, डस्टबिन, ट्वाइलेट पेपर, कोलिन, जाम खोल्ने पम्प, झोल साबुन, ट्वाइलेट ब्रससहितका सामान उपलब्ध गराइने बताइन्। वडाबाट सञ्चालन भएका शौचालय नियमित र व्यवस्थित गर्ने, सार्वजनिक-निजी साझेदारी कार्यक्रमअन्तर्गत व्यक्ति, बैंक, वित्तीय संस्था र कार्यालयबीच सहकार्य तथा टोल सुधार समितिको सहयोगमा सार्वजनिक शौचालय सञ्चालन गर्ने एकाइको योजना छ। सार्वजनिक शौचालय निर्माणका लागि सहरी योजना आयोगले बनाएको नक्सालाई आधार मानेर वडा र एकाइले नयाँ ठाउँमा शौचालय निर्माण गर्नेछन्।

■ महानगरभित्र जम्मा एक सय ५० सार्वजनिक शौचालय

काठमाडौं महानगरभित्र जम्मा एक सय ५० वटा सार्वजनिक शौचालय छन्। गुठी र वाटर एड नामक संस्थाले अध्ययन गर्दा महानगरमा एक सय ५० सार्वजनिक शौचालय फेला परेको हो। जसमध्ये सार्वजनिक शौचालयको ३५, मन्दिरमा रहेका २२, सरकारी कार्यालयका पाँच, पार्कमा सात, पेट्रोल पम्पमा ५५, व्यापारिक मलमा १७ र अस्पतालका नौवटा छन्। यीबाहेक काठमाडौं महानगरपालिकाले सार्वजनिक रूपमा आह्वान गरेर महानगर क्षेत्रभित्रका होटेल, रेस्टुरेन्ट, बैंक, व्यापारिक भवन, कम्पनी, फर्म, गैरसरकारी संघ-संस्थाका शौचालयलाई सार्वजनिक बनाउन इच्छुकहरूलाई महानगरको सार्वजनिक-निजी साझेदारी एकाइमा सम्पर्क राख्न सार्वजनिक आह्वान गरेको थियो। सोअनुसार ३७ संघ-संस्थाले निःशुल्क रूपमा शौचालय प्रयोगका लागि दिएका छन्।

ख्वपः कलेजमा नयाँ कार्यक्रम सञ्चालन स्वीकृतिका लागि त्रिविको ध्यानाकर्षण

काठमाडौं/ भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वपः कलेजमा नयाँ कार्यक्रम सञ्चालन स्वीकृतिका लागि त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाको ध्यानाकर्षण गराएका छन्। प्रमुख प्रजापतिले उपकुलपति बास्कोटासँगको भेटका क्रममा नगरपालिकाले विभिन्न विषयका उच्च शिक्षा प्रदान गर्न शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आइरहेको र विद्यार्थीको रुचिअनुसार विषय थप्दै लाने योजनाअनुरूप ख्वपः कलेजमा त्रिविअन्तर्गत नयाँ कार्यक्रमहरू थप गर्न सहजीकरणका लागि आग्रह गरेका हुन्।

'त्रिविले समयमै परीक्षा नलिने, ढिला परीक्षाफल प्रकाशित गर्ने, गलत परीक्षाफल प्रकाशित गर्ने र बन्द, हडताल तथा तालाबन्दीजस्ता गतिविधिले कलेज र विश्वविद्यालयप्रति नै विद्यार्थीको आकर्षण घट्दै गएको छ,' प्रमुख प्रजापतिले भने, 'नेपालको शिक्षा नीतिप्रति विद्यार्थी असन्तुष्ट देखिएकै कारण बर्सेनि लाखौँको संख्यामा विद्यार्थीहरू बिदेसिने क्रम बढ्दै गइरहेको छ। विद्यार्थीलाई आफ्नै देशमा अध्ययन गर्ने वातावरण सिर्जना गर्नेतर्फ त्रिविले समयमै ध्यान पुऱ्याउनुपर्नेछ।' सो क्रममा उपकुलपति बास्कोटाले नेपालको शिक्षा नीति सुधार गर्ने प्रयास गरिरहेको जानकारी गराए।

सामाजिक सद्भाव बिग्रँदा राष्ट्रिय सुरक्षामै चुनौती

योजनाबद्ध र प्रायोजित रूपमै जातीय र धार्मिक सद्भाव बिथोल्ने गतिविधि भइरहेको सुरक्षा निकायको विश्लेषण

नवराज मैनाली/नयाँ पत्रिका

जातीय सद्भाव र धार्मिक सहिष्णुतामा उदाहरणीय रहँदै आएको नेपाली समाजमा पछिल्लो समय एक्कासि अतिवादी घटनाहरू बढ्न थालेका छन्। कतिपय घटना योजनाबद्ध र सुनियोजित भएकाले यो देशको राष्ट्रिय सुरक्षाका लागि दीर्घकालीन चुनौती हुने सुरक्षा निकायको विश्लेषण छ।

कोशी प्रदेशको नामाकरणलाई लिएर सुरु भएको जात र धर्मको विषयमा भएका हिंसाका घटना पछिल्लो समय तराईंका जिल्लामा पनि बढ्न थालेका छन्। यस्ता घटनाको कारण पत्ता लगाएर तत्काल नियन्त्रण नगरे शान्ति सुरक्षामा दीर्घकालसम्म असर पर्न सक्ने सुरक्षाविद्हरू बताउँछन्। तराईका जिल्लाहरूमा पछिल्लो समय धार्मिक सद्भाव बिथोलिन थालेको छ। मंगलबार दुई समुदायबीच झडप हुने अवस्था आएपछि नेपालगन्जमा कर्फ्यु लगाइएको छ।

सुरक्षा निकायको विश्लेषण प्रतिवेदनअनुसार सबैभन्दा संवेदनशील अवस्था कोशी प्रदेशमा छ, जहाँ प्रदेशको नामाकरणको विषयलाई लिएर हिंसा सुरु भएकोमा भदौ पहिलो साता धरानमा तनाव बढ्दा प्रशासनले निषोधाज्ञा नै लगाउनुपरेको थियो। कोशीमा आगामी दिनमा जातीय राजनीति अझै बढ्न सक्ने सुरक्षा निकायको विश्लेषण छ। केही समूहले 'मुक्ति वा मृत्यु' भनेर सशस्त्र दस्ता बनाएर तालिम दिन थालेका सुरक्षा निकायहरूको प्रतिवेदनमा उल्लेख छ। 'यही अवस्था रहे आगामी चुनावले कोशी प्रदेशलाई हिंसातर्फ धकेल्न सक्छ,' एक उच्च सैनिक अधिकारीले भने।

मधेश र लुम्बिनी प्रदेशका जिल्लामा पनि सद्भाव बिग्रँदै गएको छ। मुस्लिम र हिन्दूबीच शृंखलाबद्ध रूपमा झडपका घटना हुन थालेका छन्। विगतमा पनि वेलावेला विवाद तथा झडपका घटना हुनेमा त्यस्ता घटना एक-दुई दिनसम्म मात्र कायम हुन्थ्यो। पछिल्लो घटना अलि फरक किसिमको र प्रायोजित देखिएको गृह मन्त्रालयका एक अधिकारी बताउँछन्। सर्लाहीको घटना करिब एक सातासम्म चल्यो। जिल्ला प्रशासनले चार दिन मलगंवामा कर्फ्यु लगाउनुपरेको थियो। मंगलबार नेपालगन्जमा पनि त्यस्तै अवस्था आएको छ। अन्य केही जिल्लामा पनि अतिवादीहरू सक्रिय भएका छन्।

गृह मन्त्रालयलाई सुरक्षा निकायले बुझाएको प्रतिवेदनअनुसार तराईका जिल्लामा कतिपय नेता तथा प्रभावशाली व्यक्तिलाई नै धार्मिक हिंसा भड्काउन प्रयोग गर्ने प्रयास भइरहेको छ। जसले घटना सुनियोजित हुन सक्ने आकलन गरिएको छ। कतिपय जिल्लामा वडावडामा धार्मिक संगठनसमेत बन्न थालेका छन्। विभिन्न धर्मका नाममा विदेशबाट पैसा आइरहने र राज्यसंयन्त्र कमजोर हुँदा धर्म प्रचारका घटना पनि खुलेआम भइरहेका छन्। यस्तो अवस्थामा कतिपय धार्मिक अगुवाहरूसमेत उत्तेजक भाषण गरेर सद्भाव बिथोल्न सक्रिय भएका छन्। केही व्यक्ति योजनाबद्ध रूपमै यस्ता गतिविधिमा लागेपछि गृह मन्त्रालयले उनीहरूलाई कारबाहीको निर्देशन दिएको छ। सद्भाव बिथोल्न खोज्ने व्यक्तिहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइने गृह मन्त्रालयका प्रवक्ता नारायण भट्टराईले बताए। 'पछिल्ला घटनाप्रति गृह मन्त्रालय संवेदनशील छ,' उनले भने, 'सामाजिक सद्भावका लागि सबैको सहयोग आवश्यक छ, सद्भाव बिग्रँदा कसैलाई पनि फाइदा छैन।'



नेपालगन्जमा मंगलबार निकालिएको सद्भाव र्‍याली। तस्बिर : रासस

सुरक्षा निकायका प्रमुखहरूले जातीय र धार्मिक सद्भाव गम्भीर अवस्थामा पुगेको उच्च तहमा ब्रिफिङ गर्दै आएका छन्। गत ४ असोजमा संसद्को राज्यव्यवस्था समितिमा नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवर र सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले जातीय र धार्मिक अतिवादका घटना अहिले प्रमुख सुरक्षा चुनौती बनेको विश्लेषण सुनाएका थिए। सुरक्षा प्रमुखहरूले औंल्याएअनुसार नै एकपछि अर्को जिल्लामा हिंसाका घटना हुन थालेका छन्। एउटा समूह अर्को समुदायका चाडपर्व बहिष्कार गर्ने अभियानमा संगठित रूपमा लागेका छन्।

सुरक्षा निकायको ब्रिफिङपछि पछिल्लो समय धार्मिक सद्भावका लागि गृह मन्त्रालयले केही पहल थालेको छ। मन्त्रालयले धार्मिक अगुवाहरूलाई बोलाएर छलफल गर्नुका साथै प्रदेशहरूमा यससँग सम्बन्धित सुरक्षा गोष्ठी सुरु गरेको छ। गत साता कोशी प्रदेशमा गोष्ठी भएको थियो। बुधबार मधेश प्रदेशमा हुँदै छ। राष्ट्रिय अनुसन्धान विभागका पूर्वप्रमुख गणेश अधिकारी यस्ता घटनाको समाधान राजनीतिक रूपमै खोज्नुपर्ने बताउँछन्। 'अहिले देखिएका केही घटनाक्रमलाई राजनीतिक तहबाटै सौहार्दतापूर्वक समाधान खोजिनुपर्छ,' उनी भन्छन्, 'यो विषय राष्ट्रिय सुरक्षासँग पनि प्रत्यक्ष जोडिएको हुन्छ। राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितसँगै सम्बन्धित विषयमा बाह्य पक्षको चासो र संलग्नता भयो भने त्यसको असर दीर्घकालसम्म रहन्छ र राष्ट्रिय सुरक्षा व्यवस्थापनमा चुनौती थपिन्छ।'

नेपाल प्रहरीका पूर्वएआइजी बमबहादुर भण्डारी यस्ता घटनाको मूल कारण पत्ता लगाएर समाधान नखोजिए दीर्घकालसम्म असर पर्न सक्ने जोखिम देख्छन्। 'सरकारले यस्ता घटना रोक्न रणनीति र योजना नै बनाएर अघि बढ्नुपर्छ। यस्ता घटनाका कारण के हो खोजेर दीर्घकालीन समाधान खोजिएन भने जोखिमपूर्ण हुन्छ,' उनी भन्छन्, 'यस्ता घटनामा देशभित्र, देशबाहिर तथा अन्तर्राष्ट्रिय अनेक कारण हुन सक्छन्। भविष्यमा यस्ता घटना रोक्न जरा पत्ता लगाएर नीतिगत रूपमै पहलकदमी लिनुपर्छ।' सरकारले गम्भीर भएर कदम नचाल्ने र प्रमुख दलहरू यस्ता विषयमा एक ठाउँमा नउभिएमा देशमा शान्ति सुरक्षा थप संवेदनशील बन्ने सुरक्षाविद्हरूको चिन्ता छ।

सद्भाव बिगार्न खोज्नेहरू निगरानीमा छन्



● **नारायण भट्टराई**, प्रवक्ता, गृह मन्त्रालय

पछिल्लो समय सामाजिक सद्भाव बिथोल्न खोजिएको घटनाप्रति गृह मन्त्रालय संवेदनशील र चिन्तित छ। सद्भाव बिथोल्न खोज्नेहरू निगरानीमा छन्, उनीहरूमाथि कडा कारबाही हुन्छ। यसमा जिल्ला सुरक्षा समितिहरूले सक्रियताका साथ काम गरिरहेका छन्। सद्भाव बिगार्न नदिन गृह मन्त्रालयले पनि सहजीकरणको काम गरिरहेको छ। समाजमा सबै पक्ष मिलेर सद्भाव कायम राख्नतर्फ लाग्नुपर्छ।

बाह्य संलग्नता भए समस्या दीर्घकालसम्म रहन सक्छ



● **गणेश अधिकारी**, पूर्वप्रमुख, राष्ट्रिय अनुसन्धान विभाग

आ-आफ्नो धर्म संस्कार, रीतिरिवाज सबैलाई प्यारो हुन्छ र यो अत्यन्त संवेदनशील हुन्छ। त्यसैले एकअर्काको आस्था र विश्वासलाई सम्मान गर्नुपर्छ। अहिले देखिएका केही घटनाक्रमलाई राजनीतिक तहबाटै सौहार्दतापूर्वक समाधान खोजिनुपर्छ। यो विषय राष्ट्रिय सुरक्षासँग पनि प्रत्यक्ष जोडिएको हुन्छ। राष्ट्रिय सुरक्षा र राष्ट्रिय हितसँगै सम्बन्धित विषयमा बाह्य पक्षको चासो र संलग्नता भयो भने त्यसको असर दीर्घकालसम्म रहन्छ र राष्ट्रिय सुरक्षा व्यवस्थापनमा चुनौती थपिन्छ।

दीर्घकालीन समाधान नखोजे जोखिम बढ्न सक्छ



● **बमबहादुर भण्डारी**, पूर्वएआइजी, नेपाल प्रहरी

जातीय तथा धार्मिक तनावका पछिल्ला घटनाक्रम अत्यन्त संवेदशील छन्। यसले नागरिक र समाजको तत्कालको सुरक्षामा त जोखिम बढाएकै छ, साम्प्रदायिक कुराले राष्ट्रिय सुरक्षामै असर पार्दछ। त्यसकारण सरकारले यस्ता घटना रोक्न रणनीति र योजना नै बनाएर अघि बढ्नुपर्छ। यस्ता घटनाका दीर्घकालीन समाधान खोजिएन भने जोखिमपूर्ण हुन्छ।

■ सामाजिक सञ्जालमा हिंसा भड्काउने गतिविधि

सामाजिक सद्भाव बिग्रँदै जाँदा सामाजिक सञ्जालमा फैलने गलत सूचनाले झनै जोखिम बढाएको छ। मंगलबार नेपालगन्जमा भएको झडपको घटनाको विषयमा सामाजिक सञ्जालमा भ्रमपूर्ण र अर्को समुदायलाई आक्रोसित बनाउने सामग्रीहरू सम्प्रेषण भएका छन्। तर, नेपालमा सामाजिक सञ्जाललाई नियम गर्ने संयन्त्र र बलियो कानुन अझै बन्न सकेको छैन। नेपालगन्जको घटना केही जनप्रतिनिधिको सामाजिक सञ्जालमा आक्षेपपूर्ण अभिव्यक्तिबाट सुरु भएको प्रहरी अधिकारीहरू बताउँछन्। केही महिनायता जातीय हिंसामा रहेको छिमेकी देश भारतको मणिपुरमा भ्रमपूर्ण सामग्री सामाजिक सञ्जालमा फैलिँदा हिंसा झनै बढेको थियो। जसकारण त्यहाँ सरकारले इन्टरनेट सेवा नै बन्द गर्दै आएको छ।

नेपालमा पनि कतिपयले नियोजित रूपमा सामाजिक सञ्जालमार्फत अर्को समुदायमाथि आरोप लगाउने र भ्रमपूर्ण सामग्री सम्प्रेषण गर्दा पनि कारबाही हुन सकेको छैन। यस्तो अवस्थामा सामाजिक सञ्जालमा गलत सूचना छिटो फैलने र त्यसले शान्तिसुरक्षामा भन् चुनौती थप्न सक्ने भएकाले नियमन आवश्यक भएको नेपाल प्रहरीका पूर्वडिआइजी राजीव सुब्बा बताउँछन्। 'विभिन्न देशले गलत सूचना नियन्त्रण गर्ने संयन्त्र बनाइसकेका छन्,' उनी भन्छन्, 'अभिव्यक्तिको स्वतन्त्रतामा हनन नहुने गरी हाम्रोमा पनि सामाजिक सञ्जालमाथि नियमन गर्न ढिलाइ गर्नुहुन्न।' सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जाल नियमनसम्बन्धी कार्यविधि बनाए पनि त्यसलाई कार्यान्वयनमा लैजान सकेको छैन। सूचना प्रविधिसम्बन्धी ऐन विवादका कारण अल्झँदै आएको छ।

■ नेपालगन्जमा कर्फ्यु

बाँके/ नेपालगन्जमा अनिश्चितकालका लागि कर्फ्यु जारी गरिएको छ। हिन्दू र मुस्लिमबीच झडप भई अप्रिय घटना हुने सम्भावना बढेपछि बाँके प्रशासनले मंगलबार दिउँसो १ बजेदेखि अनिश्चितकालका लागि कर्फ्यु आदेश जारी गरेको हो। हिन्दू र मुस्लिमबीच झडप भई अप्रिय घटना हुन सक्ने परिस्थितिलाई मध्यनजर गरी बाँके प्रशासनले अनिश्चितकालका लागि कर्फ्यु जारी गरेको सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्रबहादुर केसीले जानकारी दिए। उनका अनुसार पूर्वमा राप्ती नदी पुल, दक्षिणमा जमुनाहा नाका, उत्तरमा राँझा चोक र पश्चिममा इन्द्रगाउँ जाने बाटोसम्म कुनै भेला, सभा, सम्मेलन र प्रदर्शन गर्न निषेध गरिएको छ। स्थितिलाई नियन्त्रण गर्न कठिनाइ भएपछि प्रशासनले नेपाली सेनासमेत परिचालन गरेको छ।

■ धर्मगुरु आचार्य श्रीनिवास पत्राउ

धरान/ हिन्दू धर्मगुरु आचार्य श्रीनिवास पत्राउ परेका छन्। सुनसरीको बराहक्षेत्र नगरपालिकास्थित चक्रघट्टीबाट आचार्य श्रीनिवास भनेर चिनिने दिनेश पण्डितलाई प्रहरीले पत्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डिएसपी नवीनकृष्ण भण्डारीका अनुसार उनलाई सोधपुछका लागि नियन्त्रणमा लिइएको हो। प्रहरीले उनीमाथि अनुसन्धान भइरहेको भन्दै थप विषय खुलाउन भने चाहेन। आचार्यले केही दिनअघि धनुषाको एउटा कार्यक्रममा धार्मिक तथा सामाजिक सद्भाव भड्काउने अभिव्यक्ति दिएको र उनीविरुद्ध उजुरी परेकाले पत्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ।

संक्षेप

११ किलो सुन तस्करी : चिनियाँ नागरिक पत्राउ

काठमाडौं/ दोलखाको उत्तरी नाका फलेकबाट तस्कर भई आएको ११ किलो सुनको मुख्य लगानीकर्ता चिनियाँ नागरिक गेङराउ रहेको खुलेको छ। उनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)को टोलीले स्वयम्भूबाट सोमबार पत्राउ गरेको हो।सिआइबीले गेङराउसँगै सनत प्रधान र लालबहादुर तामाङ पनि पत्राउ परेका छन्। सिआइबीका अनुसार पत्राउ परेका प्रधान र तामाङ उनका सहयोगी हुन्। फलेक नाकाबाट सुन नेपाल भित्र्याउनेमध्येका मुख्य अभियुक्त गेङराउ रहेको सिआइबीको भनाइ छ। थप अनुसन्धानका लागि पत्राउ तीनैजनालाई जिल्ला प्रहरी कार्यालय दोलखा पठाइएको छ। सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारीले ११ किलो सुन तस्करीमा संलग्नमध्ये चिनियाँ नागरिकसहित तीनजना पत्राउ परेको बताए। उनले भने, 'दोलखाको फलेक नाकाबाट सुन तस्करी गर्नेमध्येको मुख्य अभियुक्त चिनियाँ नागरिक पत्राउ परेका छन्। उनीसँगै अन्य दुई पनि पत्राउ परेका छन्। उनीहरूविरुद्ध थप अनुसन्धान गर्न जिप्रका दोलखा पठाइएको छ।'

प्रहरीका अनुसार उक्त घटनामा संलग्नमध्ये अर्का मुख्य अभियुक्तको खोजी भइरहेको छ। उनी पनि चिनियाँ नागरिक नै हुन्। प्रहरीले घटनामा संलग्न रहेको अभियोगमा बिगु गापा- १ का ५५ वर्षीय नुर्बुछिरिङ शेर्पा, ३० वर्षीय सुनमाला तामाङ, १८ वर्षीय पेम्बा तामाङ, च्याङबा भनिने चसमान तामाङ, २८ वर्षीय केशर तामाङ, २० वर्षीय माधव मगर र राज तामाङलाई पत्राउ गरिसकेको छ। उनीहरूले ल्याएको ११ किलो सुन प्रहरीले गत बुधबार, शनिबार र आइतबार बरामद गरेको थियो।

गाडीसहित बेपत्ता एकको शव भेटियो

कास्की/ गत शनिबार पर्वतको तमादीखोलामा आएको बाढीले बगाएको टाटासुमोमा रहेका एकजनाको शव मंगलबार स्याङ्जामा फेला परेको छ। बागलुङबाट पोखरातर्फ आउँदै गरेको ग.१ज ६२१३ नम्बरको टाटासुमो तमादीखोला तर्नेक्रममा खोलामा एक्कासि आएको बाढीले बगाएको थियो। बाढीका कारण गाडीसँगै सवार तीनजना बेपत्ता भएका थिए।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी रवीन्द्र खनालले कास्कीको अन्नपूर्ण गाउँपालिका- ३ घर भएका माधव पौडेलको शव फेला परेको बताए। शव मंगलबार मिर्मिस्थित कालीगण्डकी ए जलविद्युत् आयोजनाको बाँधमा भेटिएको हो। शव पौडेलका परिवारले सनाखत गरेकाले पोस्टमार्टमपछि परिवारलाई बुझाउने उनले जानकारी दिए। बाढीमा बेपत्ता तीनमध्ये रुपन्देहीको तिलोत्तमा नगरपालिका- ९ का ३४ वर्षीय गोपाल बस्यालको शव सोही दिन फेला परेको थियो। गाडीमा सवार बागलुङ ताराखोला गाउँपालिका- ३ हिलका डम्मरबहादुर थापाको अवस्था अझै अज्ञात छ।

लक्ष्मी घर्ती हत्याका चार आरोपी पत्राउ

कञ्चनपुर/ कञ्चनपुरको पुनर्वासकी एक महिलाको हत्यामा चार आरोपी साढे दुई महिनापछि पत्राउ परेका छन्। पुनर्वास नगरपालिका- ३ आइबिआरडीकी २७ वर्षीया लक्ष्मी घर्तीको हत्या आरोप लागेका चार युवकलाई जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले पत्राउ गरेको हो। पत्राउ पर्नेमा बेलौरी नगरपालिका- १ का सुरोज राना, राहुल राना, लालझाडी- १ नौरंगका सेनराज राना र पर्शु राना छन्।

कञ्चनपुरका प्रहरी प्रमुख एसपी कमल थापाले घटना रहस्यमयी भएकाले प्रहरीले विभिन्न कोणबाट अनुसन्धान सुरु गरेको बताए। उनले लक्ष्मी र बेलौरी- १ सरोज रानाबीच चिनजान रहेको बताए। 'चिनजानकै सम्बन्धका आधारमा उनीहरू २९ साउनमा लालझाडी जंगलमा जंगली हात्ती रेखदेख गर्न बनाइएको मचान हेर्न गएको र मदिरा सेवनपछि विवाद हुँदा युवाहरूले तेम्रो तलाबाट खसाएर घाइते बनाएका रहेछन्। घाइते भएकी लक्ष्मीको उपचारको साटो घरनजिकै ल्याएर फ्याँकेपछि लक्ष्मीको मृत्यु भएको रहेछ,' थापाले भने। उनका अनुसार हत्यामा संलग्न रहेका भनिएका राजकुमार राना अझै फरार छन्।

सशस्त्र प्रहरीको आफ्नै प्लान्ट स्थापना

काठमाडौं/ सशस्त्र प्रहरी बलले पानी प्रशोधन तथा वितरण स्थल सञ्चालनमा ल्याएको छ। संगठनका कर्मचारीलाई स्वच्छ पानी खुवाउने उद्देश्यसहित आफ्नै प्लान्ट स्थापना गरेको हो। यससँगै सशस्त्र प्रहरीले मुख्यालयका लागि पानी खरिद नगर्ने भएको छ। यसअघि प्लास्टिकका बोतल तथा जारमा पानी खरिद गरी आपूर्ति गर्दै आएको थियो। त्यसलाई निरुत्साहित गर्दै पिउनेपानीको गुणस्तरमा शुद्धता एवं विश्वसनीयता र खर्चमा मितव्ययिता कायम गर्ने अभिप्रायले प्रशोधनस्थलको निर्माण गरी प्रयोगमा ल्याइएको सशस्त्र प्रहरी बलले जनाएको छ। प्रशोधन केन्द्रको सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्यालले मंगलबार उद्घाटन गरेका छन्।

मुख्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई शुद्ध पिउनेपानीको व्यवस्था मिलाउने उद्देश्यले सञ्चालनमा ल्याइएको नवनिर्मित वाटर ट्रिटमेन्ट प्लान्टले विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसारको शुद्ध पिउनेपानी प्रशोधन गर्ने सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले बताए। प्रतिघन्टा १५ सयदेखि दुई हजार लिटरसम्म पानी शुद्ध पार्ने क्षमता रहेको वाटर ट्रिटमेन्ट प्लान्टको मासिक रूपमा दक्ष प्राविधिकबाट परीक्षण हुने जनाइएको छ।

सुदूरपश्चिममा पहिलोपटक खुल्दै राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय

स्वास्थ्य क्षेत्रको अध्ययन-अनुसन्धानलगायत उद्देश्य समेटिएको विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले कैलालीमा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनका लागि विधेयक अघि बढाएको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य क्षेत्रको अध्ययन-अनुसन्धानलगायत उद्देश्य समेटिएको करिब ६ सय शय्याको स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक स्वीकृत गरेका हो।

विधेयक अब संसद्मा पेस हुन बाटो खुलेको छ। कानुन बनेपछि विश्वविद्यालय सञ्चालनमा आउनेछ। यसअघि गेटा मेडिकल कलेज बनाउने भनिए पनि सरकारले ०७९ माघमा स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको थियो। त्यसका लागि गेटामा पाँच अर्ब लागतमा अस्पताल, कलेज, प्रशासनिक र होस्टेलका लागि २७ वटा भवनको निर्माण सम्पन्न भइसकेको छ। कानुनी बाटो तयार भइसकेपछि सुदूरपश्चिममै पहिलोपटक विश्वविद्यालय सञ्चालनमा ल्याइनेछ।

यस किसिमको विश्वविद्यालय सञ्चालनका लागि ०५६ देखि नै प्रयास थालिएको थियो। सोहीअनुसार ०५६ मा मेडिकल कलेज स्थापनाका लागि गेटा आँखा अस्पतालनजिक ७७ बिघा जमिन छुट्याइएको थियो। ०६६ मा राष्ट्रिय योजना आयोगमार्फत मेडिकल कलेज बनाउन ११ करोड रुपैयाँ विनियोजन भएको थियो भने ०६६ मै गेटा मेडिकल कलेज संरचना विकास समितिसमेत गठन भयो।

०७४ मा पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएकै वेला पूर्वाधार निर्माण कार्य सुरु गरियो। २९ माघ ०७९ मा मन्त्रिपरिषद्बाट गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयका रूपमा विस्तार गर्ने निर्णय भयो। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकबाट विश्वविद्यालयको विधेयक तयार भई स्वीकृत भएपछि विश्वविद्यालय सञ्चालनमा अर्को उपलब्धि भएको छ।

हाल देशभर सातवटा स्वास्थ्य विज्ञान प्रतिष्ठान र २१ वटा मेडिकल कलेज सञ्चालनमा छन्। तर सुदूरपश्चिममा यस्तो प्रतिष्ठान तथा विश्वविद्यालय भने छैनन्। अब सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयले सुदूरपश्चिम क्षेत्रकै स्वास्थ्य क्षेत्रमा थुप्रै अध्ययन अनुसाधन हुने अनुमान गरिएको छ।

विश्वविद्यालय सञ्चालनका लागि लामो समयदेखि संघर्ष र विभिन्न अभियान सञ्चालन गर्दै आएका अभियन्ता तथा पूर्वसांसद डा.दीपकप्रकाश भट्टले राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयले सुदूरपश्चिम क्षेत्रका मात्रै नभई नेपालकै स्वास्थ्य क्षेत्रमा ठूलो आयाम ल्याउने र स्वास्थ्य क्षेत्रका थुप्रै अध्ययन अनुसन्धान हुनसक्ने बताए। 'यो हामी सबैका लागि ठूलो उपलब्धि हो, अझ सुदूरपश्चिमका लागि हर्षको विषय हो। यस क्षेत्रको स्वास्थ्य क्षेत्रमा यो नयाँ सुरुवाती सुधारको संकेत पनि हो। अब सबै विषयमा अध्ययन अनसुन्धान गर्न र सबै विषय बढाउन विश्वविद्यालयले मद्दत गर्छ,' उनले भने।

सुदूरपश्चिममा विश्वविद्यालय सञ्चालन हुनुपर्ने मागसहित दबाबमूलक आन्दोलन र सर्घषका कार्यक्रम हुँदै आएका थिए। लामो समयदेखि सुदूरपश्चिम क्षेत्रले माग गरेको विश्वविद्यालय सञ्चालनका लागि सरकार सकारात्मक देखिएपछि स्वास्थ्य क्षेत्र फराकिलो बन्ने अनुमान गरिएको हो।

कहिले के निर्णय भए ?

- ०५६ मा मेडिकल कलेज स्थापनाका लागि गेटा आँखा अस्पताल नजिक ७७ बिघा जमिन छुट्याइयो
- ०६६ मा राष्ट्रिय योजना आयोगमार्फत मेडिकल कलेज बनाउन ११ करोड रूपैयाँ विनियोजन
- ०६६ मै गेटा मेडिकल कलेज संरचना विकास समिति गठन
- ०७४ मा प्रचण्ड प्रधानमन्त्री भएकै बेला पूर्वाधार निर्माण कार्य सुरु
- २९ माघ ०७९ मा मन्त्रिपरिषद्बाट गेटा मेडिकल कलेजलाई सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयका रूपमा विस्तार गर्ने निर्णय
- हाल विश्वविद्यालयको विधेयक तयार भई मन्त्रिपरिषद्को बैठकबाट व्यवस्थापिका संसद्मा दर्ता



■ **डा. दीपकप्रकाश भट्ट**, पूर्वसांसद

यो हामी सबैका लागि ठूलो उपलब्धि हो, अझ सुदूरपश्चिमका लागि हर्षको विषय हो। यस क्षेत्रको स्वास्थ्य क्षेत्रमा यो नयाँ सुरुवाती सुधारको संकेत पनि हो। अब सबै विषयमा अध्ययन अनसुन्धान गर्न र सबै विषय बढाउन विश्वविद्यालयले मद्दत गर्छ।

प्रेमविवाह गरेकी दलित युवतीको बिचल्ली

श्रीमान्सहित परिवारले अस्वीकार गरेपछि प्रहरीमा उजुरी

लहानमा **मणिलाल विश्वकर्मा**

गैरदलित युवकसँग प्रेमविवाह गरेकी सिराहाको गोलबजार नगरपालिका- १ माइती भएकी २४ वर्षीया देविका सदायले विवाह भएको दुई वर्षपछि कथित अछुत भन्दै श्रीमान् र परिवारले अस्वीकार गरेपछि आफू बिचल्लीमा परेको गुनासो गरेकी छिन्।

मिर्चैया नगरपालिका- ९ भगवानपुर गाउँका २५ वर्षीय विजय महतोसँग प्रेमविवाह गरेकी उनले श्रीमान् र उनको परिवारका सदस्यले दलित युवतीलाई कसरी बुहारी मान्न सकिन्छ भन्दै अस्वीकार गरेको गुनासो गरिन्। 'विदेशबाट कमाएर फर्किएपछि अदालतमा विवाह गर्ने र सँगै बस्ने कसम खाएका श्रीमान्लाई घरपरिवारका सदस्यहरूले लुकाएका छन्,' उनले भनिन्, 'झन्डै एक हप्ताअघि खाडी मुलुक कतारबाट आएलगत्तै श्रीमान्ले अब म अर्की विवाह गर्छु भन्दै फोनबाट धम्क्याउँदै आएका छन्।'

भगवानपुरमा रहेका फुपाजुको घरमा आश्रय लिएर बसेका वेला आफूसँग महतोले प्रेमविवाह गरेको उनको भनाइ छ। 'ट्र्याक्टरचालकको काम गर्ने महतोले विवाह गर्छु भन्दै श्रीमती बनाएर गत वर्षको साउनमा बन्दीपुरमा करिब पाँच महिना डेरामा राखे,' उनले भनिन्। गत मंसिरमा धनगढीमाई नगरपालिका- १२ सिमलटेकी आहाले गाउँमा ऐलानी जग्गामा झुपडी बनाएर आफूलाई त्यहीं राखी श्रीमान् महतो वैदेशिक रोजगारीका लागि कतार गएको उनले बताइन्। 'विदेशमा रहुन्जेल वेलावेलामा खर्चसमेत पठाउँदै आएका थिए, असोजको दोस्रो हप्ता कतारबाट गाउँ फर्किएलगत्तै फोन गरेर घरमा बुहारी स्विकार्न मानेनन्, म दोस्रो विवाह गर्छु भनेपछि प्रहरीमा उजुरी दिएकी छु,' उनले भनिन्।



देविका सदाय र विजय महतो

■ झुक्याएर गर्भपतन

पीडित सदायले १० असोजमा मिर्चैयास्थित इलाका प्रहरी कार्यालयमा महतोलाई कारबाहीको माग गर्दै उजुरी दिएकी छिन्। विदेश जानुअगाडि आफू गर्भवती रहेको जानकारी दिँदै उनले प्रश्न गरिन् 'मलाई सन्चो नभएको वेला झुक्याएर गर्भपतन गराउने औषधि खुवायो, त्यसले मेरो गर्भको बच्चा खेर गयो। गर्भ खेर गएपछि आफ्नो बाटो लाग्छे भन्ने षड्यन्त्रसहित त्यसो गरेको रहेछ। नत्र विदेशबाट फर्किनेबित्तिकै किन मलाई त्यसरी धम्क्याउँथ्यो ?'

कतारबाट फर्किएपछि महतोले ९ असोजमा मिर्चैयाबाट आफू बस्दै आएको आहाले गाउँमा केही केटाहरूलाई पठाएर आफूमाथि कुटपिट गर्न खोजेको उनले बताइन्। 'श्रीमान्ले नै धम्क्याउँदै केही रकम लिएर मलाई छुटकारा दे भनिरहेका छन्,' उनले भनिन् 'दुई वर्षसम्म श्रीमतीको रूपमा राखेर अहिले छोड भनिरहेको छ, के म खेलौना हुँ र ?'

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेतले सदायले उजुरी दिएपछि महतो फरार भएकाले अभिभावकलाई भिकाएर कुराकानी गरिएको जानकारी दिए। 'दुवै पक्षसँग गरिएको कुराकानीको आधारमा १७ असोजका लागि पुनः दुवै पक्षलाई बेलाइएको छ,' उनले भने।

संसद्‌मा ओलीले भने- राज्यमा कुशासन मौलायो

कमलराज भट्ट/नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल एमालेका अध्यक्ष केपी ओलीले राज्यमा कुशासन मौलाएको आरोप लगाएका छन् । प्रतिनिधिसभाको सोमबार बसेको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले गठबन्धन सरकारले हिंसालाई प्रश्रय दिएको, कुशासन र अराजकता मौलाएको, जनताप्रति कुनै दायित्वबोध नदेखिएको जिकिर गरेका हुन् ।

'सरकार चरम अनुत्तरदायी, गैरजिम्मेवार, स्वेच्छाचारी, विकासविरोधी देखिएको छ,' उनले भने, 'सुशासन छँदैछैन । राष्ट्रिय स्वाभिमान र गौरवविरोधी, संविधान, राष्ट्र र जनहितविरोधी काममा यो सरकार व्यस्त छ ।' अहिलेसम्म प्राप्त गरेका राजनीतिक उपलब्धि समाप्त पार्न, विकास निर्माणलाई अवरुद्ध गर्न, विदेश सम्बन्ध खलबल्याउन र सम्पूर्ण राजनीतिक प्रणालीलाई विशृंखलित बनाउन यो सरकार दत्तचित्त भएर लागेको ओलीको आरोप थियो । करिब दुई घन्टा बोलेका ओलीले विभिन्न घटना उल्लेख गर्दै सच्याउनका लागि गम्भीर ध्यानाकर्षण गराए । आफूले अकारण कुनै पनि कुरा आरोपित नगरेको र तथ्य प्रमाणसहित बोलेको दाबी पनि गरे ।

एसिड आक्रमणकारी छोडियो

विपक्षी दलका नेता ओलीले मुस्कान खातुनमाथि एसिड आक्रमण गर्ने अपराधीलाई सरकारले माफी दिएको सदनलाई जानकारी गराए । आफूले प्रधानमन्त्री हुँदा एसिड आक्रमणविरुद्ध अध्यादेशबाट कानुन ल्याएको र कडा कारबाहीको प्रबन्ध गरे पनि सरकारले खातुनमाथि एसिड छर्ने अपराधीलाई छोडेर हिंसालाई प्रश्रय दिएको ओलीले टिप्पणी गरे । 'फागुन १ को उत्सवमा छोड्यो कि संविधान दिवस भन्ने पारेर छोड्यो ? तर, अदालतले १० वर्ष फैसला गरेको व्यक्तिलाई चार वर्ष बसेपछि सरकारले छोडिदियो । न्याय भनेको यही हो ?' उनले सोधे ।

सुन तस्करी ढाकछोप गरियो

ओलीले सरकारबाटै सुन तस्करीको ढाकछोप प्रयास भएको आरोप लगाए । भेपमा साढे नौ किलो र ६१ किलो सुन प्रकरणमा छानबिन आयोग बनाउन एक महिनासम्म लडाइँ लडेको उल्लेख गर्दै ओलीले सुशासनको अभियानमा बाधा भयो भनेर सरकारले गफ छाट्दै हिँडेको टिप्पणी गरे । 'सुन विमानस्थलमा किन पक्राउ परेन, सिनामंगलमै किन



समातियो, गन्तव्यसम्म पछ्याएर सबै कुरा समाउन किन सकिएन ? सुन बुझ्नेलाई हाजिरीमा छाडेर मान्छे भगाऊ, सामान लुकाऊ, छिटो गर जाऊ भनेर पठाइयो, नत्र किन पठाएको ?' ओलीले सोधे । शैक्षिक प्रमाणपत्रमा शंका लागेर सांसद सुनील शर्मालाई पक्राउ गर्ने, तर सुन तस्करी गरेका मान्छेलाई पुऱ्याउनेबित्तिकै छोडिएको भन्दै ओलीले प्रश्न गरे, 'गृहमन्त्रीलाई सोध्न चाहन्छु, सुशासनको अभियान भनेको यही हो ?'

राजनीतिको अपराधीकरण भयो

अध्यक्ष ओलीले अहिले राजनीतिलाई अपराधीकरण गर्न खोजिएको टिप्पणी गरे । अदालतको आदेशविपरीत लैनचौरको स्काउटको जग्गा गठबन्धनको नाममा बलजफ्ती कब्जा गरिएको, दिनदहाडै मान्छे मार्नेलाई छोडिएको उनले उल्लेख गरे । 'दिनदहाडै बजारमा लेखेटेर खुँडाले काटीकाटी मारेको मान्छेलाई अदालतले २० वर्ष कैद गरेको छ, तर सरकारले तीन-चार वर्षपछि छोडिदिएको छ । पीडित परिवार आतंकित छ, नेपालगन्ज आतंकित छ । यस्ता मान्छे छानीछानी किन पुरस्कृत गरिन्छ ?' अध्यक्ष ओलीले सरकारमा बसेर पुराना फाइल खोल्छु भनेर पनि तर्साउने काम गरिएको जिकिर गरे ।

संविधानमाथि शृंखलाबद्ध हमला

ओलीले गठबन्धन सरकारले संविधानमाथि शृंखलाबद्ध हमला गरी संवैधानिक संकट निम्त्याउन लागेको आरोप लगाए । सरकार असहिष्णु भई असंवैधानिक बाटोबाट हिँडेर संविधानप्रति अनास्था फैलाउने कार्यमा सक्रिय रहेको ओलीले जिकिर गरे ।

प्रदेशको संख्या, नाम, जातीय राज्यको अवधारणातिर फर्काउँछु भनेर भोट माग्नेजस्ता क्रियाकलापले स्वयं प्रधानमन्त्रीबाटै संवैधानिक प्रावधानलाई चुनौती दिने काम बारम्बार भइरहेको आरोप लगाउँदै ओलीले यसले संविधान, राजनीतिक दल, प्रणालीप्रति वितृष्णा फैलाउने काम गरेको जिकिर गरे । कोशी प्रदेशको सरकार गठनका क्रममा प्रदेश सभामा देखिएका संविधानविरुद्धका ज्यादती, त्यसका लागि प्रधानमन्त्री र गठबन्धनले नेपथ्यबाट दिएका निर्देशन हेर्दा यो गठबन्धन सरकारले आफ्नो स्वार्थका लागि संविधानलाई प्यारालाइज गर्न खोजेको उनको आरोप छ ।

गठबन्धन सरकारले संसद्‌लाई पूर्णरूपमा उपेक्षा गरेको ओलीले आरोप लगाए । प्रधानमन्त्री विदेश जाँदा १७ दिनसम्म संसद् अवरुद्ध भएकोमा ओलीले आपत्ति जनाए । सरकारले संसद्‌लाई सम्मान नगरेको उनको भनाइ थियो ।

शान्ति प्रक्रिया सत्ता प्राप्तिको भऱ्याङ

अध्यक्ष ओलीले शान्ति प्रक्रियालाई सत्ता प्राप्तिको भऱ्याङ बनाइएको आरोप लगाए । आफू प्रधानमन्त्री हुँदा शान्ति प्रक्रियाका बाँकी टुंग्याउन खोजे पनि अहिलेका प्रधानमन्त्री (त्यतिवेला नेकपा अध्यक्ष) प्रचण्डको सहयोग पाउन नसकेको दाबी गरे । 'त्यतिवेला मैले, द्वन्द्वका दुई पक्ष तपाईं र शेरबहादुरजी मिलेर टुंग्याउने प्रस्ताव ल्याउनुस्, म न्युट्रल व्यक्ति छु, पन्जा पत्र गरिदिन्छु, पुगेन भने पैतालाका डाम पनि राख्छु, यसलाई टुंग्याउन भनेर आग्रह गरेँ,' ओलीले भने, 'तर शान्ति प्रक्रिया टुंग्याउने श्रेय केपी ओलीलाई किन दिने भन्ने तपाईंहरूको धारणाले आजसम्म लट्किएको छ ।'

प्रधानमन्त्री प्रचण्डले यसलाई सत्ता प्राप्ति र जस लिने ताजको भऱ्याङ बनाएको ओलीको आरोप छ । ओलीले प्रधानमन्त्री प्रचण्ड युद्धका घाउ सदाका लागि निको पार्नेभन्दा पनि परिस्थिति भड्काउने दाउमा रहेको, शान्ति प्रक्रिया टुंग्याउनेभन्दा युद्ध प्रक्रियाको सुरुवात गर्नेतिर लागेको पनि आरोप लगाए । द्वन्द्वपीडितको घाउमा नुनचुक छर्किएर फेरि नयाँ द्वन्द्वको चक्र निर्माण गर्न खोजिएको ओलीको आरोप छ । उनले हिंसा सुरु गरेको दिनलाई राष्ट्रिय उत्सवका रूपमा घोषणा गरेर बिदा दिने निर्णय मान्य नभएको बताए ।

एमाले गण्डकीमा दुई पक्षबीच भिडन्त

कास्की/ एमाले गण्डकी प्रदेश कमिटीको प्रथम अधिवेशन निर्वाचनउन्मुख भएको छ । सोमबारदेखि सुरु अधिवेशनको बन्द सत्र मंगलबार सकिएपछि अधिवेशन नयाँ नेतृत्व चयन गर्न निर्वाचनतर्फ उन्मुख भएको हो ।

प्रमुख निर्वाचन अधिकृत सुरेन्द्र थापा मगरका अनुसार क्लस्टर नमिलेकाले केही ढिलाइ हुँदा मंगलबार उम्मेदवारको दरखास्त फाराम वितरण मात्र भएको छ । बुधबार उम्मेदवारी दर्ता र निर्वाचनका बाँकी प्रक्रिया अघि बढ्ने उनले बताए । प्रदेश कमिटीमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव र उपसचिव महिला गरी पाँच पदाधिकारीसहित १६२ सदस्यीय कार्यसमिति रहने प्रावधान छ ।

नयाँ नेतृत्वका लागि पार्टी उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र स्थायी कमिटी सदस्य खगराज अधिकारीपक्षबीच भिडन्त हुने देखिएको छ । गुरुङ र अधिकारी पार्टी अध्यक्ष केपी ओलीनिकट भए पनि प्रदेशमा यी दुईबीच गुटको संघर्ष चल्दै आएको छ । जिल्ला पार्टी अधिवेशनका निर्वाचनदेखि स्थानीय, प्रदेश र संघका निर्वाचनमा टिकट वितरणदेखि चुनावी अभियानमा पनि यी दुई नेताबीच संघर्ष देखिँदै आएको छ । यद्यपि, गण्डकीको निर्वाचनमा पार्टी सचिव तथा गण्डकी इन्चार्ज गोकर्ण विष्ट, सचिव पद्मा अर्याल र किरण गुरुङको भूमिका पनि महत्त्वपूर्ण रहेको नेताहरूले बताएका छन् ।

भावी अध्यक्षका लागि हालका अध्यक्ष नवराज शर्मा, उपाध्यक्ष मोहन रेग्मी, सचिव धनञ्जय दवाडी र उपसचिव रश्मि आचार्यसँगै केन्द्रीय सदस्य मायानाथ अधिकारी, राजीव पहारी, रामशरण बस्नेत, कृष्ण थापा, सोभियत ढकाल पनि अध्यक्षको दौडमा छन् । यीमध्ये दवाडी र आचार्यबीच नै मुख्य भिडन्त हुने अनुमान गरिएको छ ।

कोशी प्रदेश अध्यक्षमा खतिवडा

काठमाडौं/ एमाले कोशी प्रदेशको अध्यक्षमा घनश्याम खतिवडा निर्वाचित भएका छन् । प्रतिस्पर्धी विनोद ढकाललाई पराजित गर्दै खतिवडा अध्यक्षमा निर्वाचित भएका हुन् । प्रदेशको उपाध्यक्षमा धनकुटाका टीकाराम चेम्जोङ निर्विरोध निर्वाचित भएका छन् । सचिवमा पाँचथरका राजकुमार भण्डारी निर्वाचित भए । उनले उदयपुरका शैलेस लामालाई पराजित गरे । सहसचिवमा झापाकी जलवर्षा राजवंशी र खोटाङका देवान राई विजयी भए ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान


यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल


क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमश: ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ को क्षेत्रफल १८६२.४७ व.मी. को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमश: ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४ को क्षेत्रफल ०-०-१८ (विगाह) को घरजग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ क (हाल कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. १७७१ को क्षेत्रफल ०-०-१०.५-० (विगाह) को घरजग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, शमशेरगंज गा.वि.स. वडा नं. ४(हाल कोहलपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. २७०, २७२ र २२५ को क्षेत्रफल कमश : ३६.००, २१०.०० र १३१.०० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३०६, ३३०९, ३३०३, ३३९५, ३३९० को क्षेत्रफल कमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
१६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८६ को क्षेत्रफल ०-०-६ (विगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल कमश: ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल कमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।



तपसिल नं. १ मा उल्लेखित सम्पति



तपसिल नं. २ मा उल्लेखित सम्पति


तपसिल नं. ३ मा उल्लेखित सम्पति



तपसिल नं. ४ मा उल्लेखित सम्पति


तपसिल नं. ५ मा उल्लेखित सम्पति


तपसिल नं. ६ मा उल्लेखित सम्पति


तपसिल नं. ७ मा उल्लेखित सम्पति





तपसिल नं. ८ मा उल्लेखित सम्पति


तपसिल नं. ९ मा उल्लेखित सम्पति





तपसिल नं. १० मा उल्लेखित सम्पति



तपसिल नं. ११ मा उल्लेखित सम्पति



तपसिल नं. १२ मा उल्लेखित सम्पति



तपसिल नं. १३ मा उल्लेखित सम्पति


तपसिल नं. १४ मा उल्लेखित सम्पति


तपसिल नं. १५ मा उल्लेखित सम्पति


तपसिल नं. १६ मा उल्लेखित सम्पति


तपसिल नं. १७ मा उल्लेखित सम्पति


तपसिल नं. १८ मा उल्लेखित सम्पति

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/१७ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले लगनखेल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्धारा ताकेता गर्दा साथै मिति २०८०/०४/३० गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

ऋणी संस्थाको नाम : श्री कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटीभ लि । दर्ता नं:- ७५/०५४/०५५
रजिष्टर्ड ठेगाना : ललितपुर उ.म.न.पा. २०, ललितपुर । हालको ठेगाना ललितपुर १३, जावलाखेल, ललितपुर

संचालक तथा जमानीकर्ताको विवरण

१) नाम : लिला बहादुर गुरुङ्ग (अध्यक्ष जमानीकर्ता)
बाबु : भिम बहादुर गुरुङ्ग
बाजे : कुल बहादुर गुरुङ्ग
ना प्र नं. : ४६५/६१२१
ठेगाना : सिद्धिचरण १२, ओखलढुङ्गा

२) नाम : रोशनमान वैद्य (संचालक जमानीकर्ता)
बाबु : प्रयाग मान वैद्य
बाजे : कपिलमान वैद्य
ना.प्र.नं : ९३०५
ठेगाना : का.म.न.पा. २०, काठमाण्डौं

३) नाम : मोहन कृष्ण गुरुङ्ग (संचालक जमानीकर्ता)
बाबु : महन्त राज गुरुङ्ग
बाजे : नर बहादुर गुरुङ्ग
ना.प्र.नं : ९७७३
ठेगाना : का.म.न.पा. १६, काठमाण्डौं

४) नाम : चण्डिका श्रेष्ठ जोशी (संचालक जमानीकर्ता)
बाबु : सानुकाजी श्रेष्ठ
बाजे : धर्मराज श्रेष्ठ
ना.प्र.नं : ५११/०३२/३३
ठेगाना : का.म.न.पा. २०, काठमाण्डौं

५) नाम : सरिता महर्जन (संचालक जमानीकर्ता)
बाबु : बुद्धि नारायण महर्जन
बाजे : विष्णुमान महर्जन
ना.प्र.नं : ३१४-२
ठेगाना : का.म.न.पा. १५, काठमाण्डौं

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :
१. नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, डिभिजन सहकारी कार्यालय, ललितपुरमा मिति २०७०/१२/३० दर्ता नं. ७५/०५४/०५५ भई बागमति अञ्चल ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. २० रजिष्टर्ड ठेगाना रहेको श्री कल्याण उपकार सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटीभ लि.को नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १० को कित्ता नं. ७३ को क्षेत्रफल ०-७-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:
(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालय लगनखेलबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कवोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै सिमरा शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डाम लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिने छ । यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । ३५ दिन सम्म ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८३, Web: www.ncbl.coop



'लाहोर १९४७' मा सनी

फिल्म 'लाहोर १९४७' मा सनी देओल मुख्य भूमिकामा देखिने भएका छन् । यस फिल्मको निर्देशन राजकुमार सन्तोषीले गर्नेछन् । आमिर खान यस फिल्मका निर्माता हुन् । सन्तोषीको निर्देशनमा सनीले यसअघि घायल, घातक र दामिनीजस्ता सुपरहिट फिल्ममा काम गरेका थिए ।



'हात्तीछाप' २६ माघमा

सिमोस सुनुवारको निर्देशनमा बनेको फिल्म 'हात्तीछाप' २६ माघमा रिलिज हुँदै छ । यस फिल्मका मुख्य कलाकारहरूको लुक्ससहित निर्माण पक्षले नयाँ पोस्टर सार्वजनिक गरेको छ । फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासनासिंह ठकुरी, बेनिशा हमाल, बुद्धि तामाङ, विल्सनविक्रम राई, विजय बरालगायतको अभिनय छ ।

वातावरणमैत्री पर्यटन के गर्ने, के नगर्ने ?

वातावरणमैत्री पर्यटक बन्न चुनौतीपूर्ण छ । पर्यटन एउटा त्यस्तो उद्योग हो, जसले धेरै खराब वातावरणीय प्रभाव पार्छ । थाइल्यान्डस्थित कोफी फि ली (माया बे) सन् २००० मा हलिउड फिल्म 'द बिच' प्रदर्शनमा आएपछि एकाएक चर्चित बन्यो । यस टापुमा कुनै समय दैनिक आठ हजार पर्यटकसमेत आउन थाले । पर्यटकको संख्या बढेसँगै यहाँको वातावरण बिग्रियो, समुद्री किनारका जीवहरूमा त्यसको असर देखियो । जसकारण सन् २०१८ मा जीवजन्तु तथा वातावरण संरक्षणका लागि समुद्री किनार चार वर्षका लागि पर्यटकका लागि बन्द गरियो । तर, पर्यटन क्षेत्रका खराब पक्ष मात्रै छन् भन्ने होइन । आफूसँग आफैँ, अन्य मानिस तथा नयाँ ठाउँहरू जोड्नका लागि यो प्रेरणादायी हुन सक्छ । एउटा पर्यटकका रूपमा हामीले धेरै कुरा सिक्न र वातावरणीय अभ्यासका लागि सकारात्मक कुराहरू योगदान गर्न सक्छौं ।

स्थानीय सामग्री प्रवर्द्धन

कुनै क्षेत्रमा घुम्न जाँदा त्यहाँ सकारात्मक छाप छाडेर फर्कने प्रयत्न गर्नुपर्छ । यसका लागि आर्थिक पक्ष सबैभन्दा ठूलो हो । साना होटेलमा बस्ने, स्थानीयस्तरमा सपिङ गर्ने बानीले त्यहाँका स्थानीयलाई हौसला मिल्छ । स्थानीय सामग्री तथा संस्कृतिको प्रवर्द्धन हुन्छ । स्थानीय उद्योग तथा मानिसहरूलाई पर्यटकको पैसा प्रत्यक्ष मिल्छ । जसकारण, उनीहरू आफैँ पनि प्रकृति तथा वातावरण संरक्षणका लागि उत्साहित हुन्छन् । उनीहरू त्यहाँका जीवजन्तु संरक्षणमा लाग्न पाउँछन् ।



कम खपत

हामीले कमभन्दा कम स्रोत खपत गर्ने प्रयत्न गर्नुपर्छ । टावेल पुनः प्रयोग गर्ने, नुहाउँदा वा आवश्यकता पर्दा मात्रै धारा खुला राख्नेलगायत कार्यले पानीको खपत कम गर्छ । स्थानीयस्तरका मुद्दाहरू के-के छन् भनेर बुझ्ने कोसिस गर्नुस् । त्यसमा आफ्नो तर्फबाट पनि योगदान गर्न सकिन्छ । स्थानीयस्तरमा पशुपन्छीका पक्षमा काम गर्ने संस्थाहरू छन् भने त्यस्ता स्थानीय संघ-संस्थालाई सहयोग गरेर पनि आफ्नो छाप छाड्न सकिन्छ ।

आत्मीयता

पर्यटनले मानिसलाई गतिशील बनाउन सहयोग गर्छ । घुमेर फर्केपछि धेरै मानिसको जीवनमा परिवर्तन आएको छ । किनकि, भ्रमणका दौरान मानिसले 'आफूलाई चिन्ने' मौका पाउँछन् । कतिपयले करिअर नै बदल्ने गर्छन् । कतिपयको सामाजिक सम्बन्धमा परिवर्तन आउँछ । उनीहरू समाजप्रति जिम्मेवार बन्न थाल्छन् । त्यस्ता धेरै मानिस छन्, जसले यात्रामा घुमेर फर्किएपछि सामाजिक कार्यमा आफ्नो संलग्नता बढाएका छन् । त्यस्ता धेरै पर्यटक आफूलाई मन पर्ने ठाउँको संरक्षणका लागि पैरवी गरिरहेका हुन्छन् । तपाईंले पनि आफ्नो मन पर्ने ठाउँको संरक्षणमा सक्रिय संस्थामा आबद्ध भएर त्यस ठाउँको दीर्घकालीन विकासमा सहयोग गर्न सक्नुहुन्छ ।

उत्सुक रहनुस्

पर्यटकको रूपमा तपाईंले गर्ने महत्वपूर्ण कुरा खोजी गरिरहने हो । तपाईं घुमिरहन सक्नुहुन्छ । ऋुज पर्यटन 'बबल टुरिजम'को पुरानो उदाहरण हो । यसमा कुन ठाउँ घुम्ने भन्नेले खासै अर्थ राख्दैन, पानीमा तैरिरहेको होटेल नै मुख्य आकर्षण हुन्छ । तर, ऋुज पर्यटनले स्थानीय जनसंख्यालाई खासै फाइदा गर्दैन । र, खराब वातावरणीय प्रभावहरू पार्छ । यसको साटो सहरबाट छोटो ब्रेक लिएर स्थानीय गाउँहरू घुम्न सकिन्छ ।

यस्तो पूर्वतयारी

भौगोलिक अवस्था : ट्रेकिङ जाँदा वनजंगल र भिरपाखा, भौगोलिक बनावटका विषयमा ध्यान दिनुपर्छ । ती स्थानमा जाँदा आउन सक्ने कठिनाइबारे सजग हुनु आवश्यक छ । तपाईंले घुम्न लागेका ठाउँ कस्ता छन् र त्यहाँ के-कस्ता चुनौती आउँछन् भनेर जानकारी लिनुपर्छ । ती स्थानमा ट्रेकिङ गएका मान्छेसँग सल्लाह लिँदा पनि राम्रो हुन्छ ।



दीपेन्द्र थापा
प्रबन्ध निर्देशक
अल नेपाल एक्सकर्सन

मौसमबारे पूर्वजानकारी : मौसमसम्बन्धी पूर्वजानकारी लिएर मात्र यात्रामा जानुपर्छ । नत्र, बाढी-पहिरो, सडक अवरुद्ध हुनेलगायत समस्या सामना गर्नुपर्ने हुन सक्छ ।

स्वास्थ्यमा ध्यान दिने : शारीरिक रूपमा पूर्ण स्वस्थ हुँदा मात्रै घुम्न निस्कने हो । चार हजार मिटरभन्दा माथि ट्रेकिङ गर्दै हुनुहुन्छ भने लेक लाग्न सक्छ । तसर्थ, सिटामोललगायतका औषधि तथा प्राथमिक उपचारको बक्स बोक्नुपर्छ ।

आवश्यक सामान : तपाईं कति लामो ट्रेकिङ गर्दै हुनुहुन्छ ? त्यसका लागि आवश्यक सामान बोक्नुपर्छ । मौसमअनुसार आफूलाई चाहिन सक्ने सामान लान जरुरी हुन्छ । तर, अनावश्यक सामान राखेर झोला भारी पनि बनाउनुहुँदैन । तौल धेरै भएको झोला पनि बोक्नुहुँदैन । ट्रेकिङ गरेको एक-दुई दिनमै ज्यान भारी हुने भएकाले कम तौल भएको भारी बनाउनुपर्छ । ट्रेकिङ सुज, क्याप, चस्मा, लठ्ठी, पानीको बोतल, सनब्लक क्रिम, बडीलोसनलगायतका सामान अनिवार्य लानुपर्छ । हलुका लुगा, ज्याकेट पनि लैजान आवश्यक छ । अग्लो तथा चिसो स्थानमा ट्रेकिङ जाँदै हुनुहुन्छ भने 'डाउन ज्याकेट' बोक्नुपर्छ ।

मानसिक स्वास्थ्यका लागि नियमित ध्यान




डा. लक्ष्मीदत्त शुक्ला
आयुर्वेद विशेषज्ञ

ध्यान एक त्यस्तो मानसिक अवस्था हो, जहाँ मानिसले आफ्नो मस्तिष्क र मनलाई एकाग्र गर्ने कोसिस गर्छ । प्राचीन कालदेखि नै मानिसले ध्यानको अभ्यास गरिरहेका छन् । नियमित रूपमा ध्यान गर्नेहरूले विपरीत परिस्थितिमा पनि आफ्नो मानसिक सन्तुलन सुदृढ राख्न सक्छन् ।

यी कुरा ख्याल राखौं

- ध्यान गर्नका लागि सही समय छान्नुस् । बिहान ४ बजेदेखि साँझ ४ बजेसम्मको समय उत्तम मानिन्छ । यस अवधिमा सूर्य र पृथ्वीबीचको कोण ६० अंश (६० डिग्री) मा हुन्छ भन्ने मान्यता छ, जसकारण यस समय ध्यान गर्दा पियूष ग्रन्थि र शीर्ष ग्रन्थिमा राम्रो प्रभाव पर्छ भन्ने मान्यता छ । यद्यपि, आफ्नो अनुकूलताअनुसार जुनसुकै समयमा पनि ध्यान गर्न सकिन्छ ।
- शान्त स्थानमा ध्यान गर्नुस् । जहाँ तपाईंको ध्यानलाई भङ्काउने कोही नहोस् । आरामदायक स्थितिमा बस्नुस् । शान्त, आरामदायी र स्थिर भएको अनुभव गर्नुस् ।
- आफ्नो करङ सीधा राख्नुस् । सीधा बस्नुस् ।
- अभ्यासको समय पेट खाली हुनु राम्रो हुन्छ । त्यसैले भोजन गर्नुभन्दा पहिले ध्यान गर्नु राम्रो हुन्छ । भोजन गरिसक्नुभएको छ भने केही समय ग्याप राखेर मात्रै ध्यानमा बस्नुस् ।
- आरामदायक कपडा लगाउनुस् ।
- यदि चिसो महसुस भइरहेको छ भने पहिले केही अभ्यास वा योग गरेर शरीर तताउने र त्यसपछि ध्यान गर्दा हुन्छ ।
- गहिरो सास लिनुस् । ध्यान गर्दाको समय आफ्नो अनुहारमा हल्का मुस्कान कायम राख्नुस् । यसले तपाईंलाई आरामदायी र शान्त महसुस गराउँछ । जसकारण ध्यानमा मन जान्छ ।
- आँखा बन्द गर्नुस्, यसले मन भट्किन पाउँदैन ।
- ध्यानको अवधि समाप्त भएपछि बिस्तारै आफ्नो आँखा खोल्नुस् । तपाईंले ताजापन महसुस गर्नुहुन्छ ।



ध्यानका फाइदा

- केन्द्रित ध्यान, आध्यात्मिक ध्यान, गतिमान ध्यान, मन्त्र ध्यानलगायत ध्यानका धेरै विधि र प्रकार छन् । कुनै चोट वा दुर्घटना, अत्यधिक कामको चाप, दैनिक जीवनका समस्यालगायत विभिन्न कारणले निम्तिने तनावलाई ध्यानले कम गर्छ र मस्तिष्कलाई शान्त राख्न सहयोग गर्छ ।
- तनाव कम भएपछि चिन्ता पनि कम भएर जान्छ । चिन्ताका कारण निम्तिने विभिन्न रोग, फोबियालगायतलाई नियन्त्रण गर्न यसले सहयोग गर्छ । सामाजिक चिन्ता अर्थात् समाजले के भन्छ भन्ने चिन्ताले पनि धेरै मानिसलाई तनाव दिइरहेको हुन्छ, यस्ता समस्यालाई ध्यानले कम गर्छ ।
- भावनात्मक स्वास्थ्यका लागि ध्यान निकै राम्रो छ । यसले आफैँप्रति हेर्ने नजर परिवर्तन गर्न भूमिका खेल्छ र मानिस आफ्नो जीवनप्रति सकारात्मक हुन थाल्छ ।
- ध्यानले स्वयंलाई बुझ्नका लागि सहयोग गर्छ । जसकारण, तपाईं आफ्ना समस्या र विपरीत परिस्थितिमा पनि आफैँलाई नियन्त्रणमा राख्न सक्नुहुन्छ ।
- ध्यानले मानिसको एकाग्रता बढाउँछ । एकाग्रतामा सुधार भएपछि मानिसको स्मरणशक्तिमा पनि सुधार आउँछ ।
- अनिद्राको समस्या अहिले विश्वमै जटिल बनेर गइरहेको छ । ध्यानले यो समस्या समाधानमा महत्त्वपूर्ण भूमिका खेल्छ । ध्यान गर्नेहरूलाई समयमै गहिरो निद्रा पर्ने गरेको पाइन्छ ।

(माई उपचार डटकमबाट)

गार्डेनिङ

कस्ता फूल रोप्ने ?





कृष्ण थापा
निर्देशक
थापा नर्सरी, काठमाडौं

ह्याबिस्कस फूल : यो नौ महिनासम्म फुल्छ । यसको दुई महिना पात झरेर फूलावरिङ साइजमा आउँछ । यो फूललाई बार्दलीमा रोप्दा राम्रो देखिन्छ ।

नील ज्याक : एउटै बोटमा निलो र सेतो फूल फुल्छ । यो निकै बास्नादार हुन्छ ।

रबर प्लान्ट : रबर प्लान्ट बहुगुणी बिरुवा हो । यो निकै सुन्दर देखिन्छ । यसले हावामा रहेको कार्बनडाइअक्साइडको मात्रा सोस्छ । कम प्रकाशमा पनि यो राम्ररी हुर्कन्छ । यो इन्डोर प्लान्ट्स हो ।

क्यामेलिया अर्थात् चाइनिज रोज : यसमा काँडा हुँदैन । यो एभरग्रिन प्लान्ट हो । डार्क ग्रिन हुन्छ ।

स्नेक प्लान्ट्स : स्नेक प्लान्ट्सले रातको समयमा कार्बनडाइअक्साइड सोस्छ । यसले एलर्जी कम गर्न पनि सघाउँछ । यसलाई घरको कुनै पनि कोठामा लगाउँदा हुन्छ । बैठक कोठामा सजाउँदा राम्रो देखिन्छ ।

जर्बेरा डेजी : यो निकै सुन्दर बिरुवा हो । यसको फूल सेतो र हल्का पहेँलो रङको हुन्छ ।

एरिका पाम : एरिका पामले पनि निकै सुन्दर देखाउँछ । यो इन्डोर प्लान्ट हो ।

नीलकमल : यो निकै राम्रो फूल हो । यो कमलको फूलजस्तो फुल्छ । यो दुई महिना मात्रै फुल्छ । त्यसपछि फूल झर्छ र पात मात्रै रहन्छ ।



काजुको खिर यसरी बनाउनुस्

काजु हाम्रो स्वास्थ्यका लागि निकै फाइदाजनक छ । धेरैखाले मिठाईमा यसलाई प्रयोग गरिएको हुन्छ । यसबाट हलुवा, खिर, सेकलगायत परिकार पनि बनाउन सकिन्छ ।

काजु खिर

काजु खिर बनाउनका लागि काजु, बदाम र मखाना आवश्यक पर्छ । मखानालाई मज्जाले पिसेर घ्यूमा भुट्नुस् र त्यसपछि दूधमा उमाल्नुस् । मखाना पाकेपछि काजु र बदामलाई पनि हाल्नुस् । यसलाई मज्जाले चलाउनुस् । नत्र, भाँडोमै टाँसिएर डढ्न पनि सक्छ । सबै मज्जाले पाकेपछि खिरमा सक्खर र अलैँची पाउडर हाल्नुस् र थोरै समय पकाउनुस् । खिर तयार हुन्छ ।

काजु सेक

काजु सेक बनाउनका लागि १०-१५ वटा काजुका दानालाई दूधमा भिजाएर राख्नुस् । दूधमा काजु भिजिसकेपछि यसलाई मिस्क्चरमा पिस्नुस् । जब काजु स्मुथ पेस्टमा बदलिन्छ, त्यसपछि यसमा चिसो दूध, चिनी र केसर मिसाएर फेरि एकपटक मिक्स्चर चलाउनुस् । सेक तयार हुन्छ । यसलाई ग्लासमा हालेर सर्भ गर्न सकिन्छ ।

काजु हलुवा

काजु हलुवा बनाउनका लागि यसलाई स-सानो पिसमा काट्नुस् । हल्का तातो आँचमा प्यान वा तावा बसाल्नुस् र पाँच मिनेटसम्म काजुलाई भुट्नुस् । एउटा भाँडोमा दूध तताउनुस् । दूध उम्लिएपछि त्यसलाई चिनी हालेर चलाउनुस् । त्यसपछि भुटेको काजुलाई पिसेर यसमा मिसाउनुस् । केसर, अलैँची पाउडरलगायत मिसाएर यसलाई थप स्वादिष्ट बनाउन सकिन्छ ।

Invitation for Online Bids

Thakre Rural Municipality

Office of the Rural Municipal Executive

Mahadevbesi, Dhading

Bagmati Province, Nepal

Invitation for Online Bids for the upgrading of different roads

Date of Publication: 2080-06-17

1. Thakre Rural Municipality has allocated funds to cover eligible payment under the contract for upgrading of roads mentioned below.

S.NO.	Contract ID No.	Project Name	Estimated cost (with VAT & PS & contingency) (NRS)	Bid Security amount (NRS)	Bid document fee (NRS)
1	01/NCB/WORKS/ THAKRE/2080/081	Chiuripati Aath killa sadak	200,00,000/-	5,00,000/-	3000/-
2	02/NCB/WORKS/ THAKRE/2080/081	Dharekhola Bhujelgaun Batase Panditpauwa Sadak	2,00,00,000/-	5,00,000/-	3000/-
3	03/NCB/WORKS/ THAKRE/2080/081	Mahadevbesi Luikil Hapsechaur Sadak	2,00,00,000/-	5,00,000/-	3000/-

2. Thakre Rural Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Roadway excavation, construction of roadside drain, cross drainage, retaining structures, laying of sub-base, base, premix Carpeting etc
3. Eligible Bidders may obtain Further information and inspect the bidding document at the office of Thakre Rural Municipality, Dhading , Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidding documents is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp
Intrested Bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.
Name of the Bank: Prabhu Bank Ltd., Mahadevbesi Branch
Name of the office : Thakre Rural Municipality
Office account no : 0510101118900121
5. Intrested Bidder should submit online Bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2080-07-17 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Opening guidelines 2073 and User manuals issued by PPMO which are available in e-GP System.
6. Online bid shall be opened in the presence of bidders who choose to attend on 2080-07-17 14:00 hours at the Thakre Rural Municipality, Dhading, Nepal. Online bids must be valid for a period of 90 days accounting from the day of bid opening and must be accompanied by bid security, as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period or may deposit a sum of above mentioned amount on Thakre Rural Municipality, Dharauti Account no: 0510101118900041 on account Maintained at Prabhu Bank, Mahadevbesi, Dhading. The scan copy of bid security or cash deposit Voucher should be uploaded in e-GP system during Bid Submission.
7. If the Office happens to be closed on the date of opening of the bid is specified, the bid will be opened on the next working day at the same time and venue.
8. The employer reserves the right to accept or reject wholly or partially any or all the bid without assigning reason whatsoever.

Chief Administrative Officer

चिकित्सकको सुरक्षामा कानुन मात्रै पर्याप्त छैन

आक्रमणपिच्छे चिकित्सकहरू आन्दोलन या दबाबमा उत्रिनुपर्ने, चिकित्सक संघले बन्द गर्ने चेतावनी दिनुपर्ने या हडतालमै उत्रिनुपर्ने विडम्बनापूर्ण स्थितिको अन्त्य जरुरी छ



● प्रा.डा. ढुण्डीराज पौडेल

अग्रलेख


रातबिरात उपचारका क्रममा आरोप, गालीगलोज, धम्की, बेइज्जती त स्वास्थ्यकर्मी एवं चिकित्सकले सहने गरेकै हुन्। मोबाइल, सिसिटिभीजस्ता साधनका कारण अहिले त्यस्ता घटना सार्वजनिक बन्ने गरेका छन्। परेका वेला प्रतिरोधमा उत्रने या साथ दिने सहकर्मी रहेका ठूला केन्द्रीय अस्पताल, शिक्षण अस्पतालबाहेक एकाध चिकित्सक मात्रै कार्यरत मोफसलका अस्पतालमा त उनीहरू सधैं असुरक्षाको त्रासमै रहेका छन् कि भन्ने अनुभूति हुन्छ। ३६ वर्षे सरकारी स्वास्थ्य सेवामा रहँदा शारीरिक आक्रमणको सिकार हुनु नपरे पनि रातबिरात झेल्नुपरेका घटनामा अलिकति पनि सहनशीलता गुमाएको भए सायद त्यसको पनि तितो अनुभव सँगालिन्थ्यो होला। एउटा वरिष्ठ चिकित्सकको नाताले भोगाइ र अनुभवका आधारमा के निष्कर्षमा पुगियो भने आफूले गल्ती नगरे पनि बोली, तर्क या वादविवादमा चिकित्सक या स्वास्थ्यकर्मीले बिरामी पक्षलाई जित्न सकिन्न। सावधानी र सतर्कताका बाबजुद पनि सिर्जित हुन सक्ने स्वाभाविक एवं सम्भावित जटिलताका लागि चिकित्सकमाथि विनाआधार आरोप लगाउने, धम्की दिने र हुर्मत लिने गरिन्छ। अन्तर्निहित शारीरिक असंगति, उत्परिवर्तन, औषधिविरुद्धको प्रतिरोध क्षमताको अभाव एवं मानवीय त्रुटिका कारण नकारात्मकता सिर्जित हुँदा बिरामी पक्षबाट हुन सक्ने आक्रमणबाट कसरी जोगिने भन्ने त्रास या मनोविज्ञान प्रबल भइरह्यो भने कसरी जोखिम मोलेर स्तरीय सेवा प्रवाह होला त भन्ने चिन्ता उत्पन्न भएको छ। चिकित्साजस्तो जीवन-मरणसँग सम्बन्धित सवालमा सेवाप्रदायी र सेवाग्राहीबीच नै असमझदारी या विश्वासको संकट बढ्दै जानु कसैको हितमा छैन। पछिल्लो समयमा भएका सांघातिक आक्रमणका दृश्य दुःखी तुल्याउने खालकै छन्।

जिल्लाहरूमा राजनीतिक पार्टीको आडमा हुने हस्तक्षेप र दबाबबारे लेखेर साध्य छैन। सेवा सुधारमा वास्ता नगर्ने, अस्पतालमा सहायक कर्मचारी भर्ना, ठेक्कापट्टा, खरिददेखि अनेक अनियमित कार्यका लागि पार्टीगत दबाब दिइन्छ, मन्त्री फेरिएपिच्छे अस्पतालप्रमुख फेरिन्छन्। गरिब जनताले उपचारबाट वञ्चित हुनुनपर्नेजस्ता आश्वासन बाँड्ने तर सार्वजनिक अस्पतालको खस्कँदै गएको अवस्थामा भने सुधार नगर्ने प्रवृत्ति छ। मोफसलका सरकारी एवं निजी अस्पतालमा सेवारत चिकित्सकले पनि असुरक्षाको महसुस गरिरहेका हुन्छन्। चिकित्सकीय आचारसंहिताअनुसार समयमै नजिकको विशेषज्ञ सेवा उपलब्ध सरकारी अस्पतालमा रिफर गर्नुको सट्टा सीधै काठमाडौं या विदेश रिफर किन नगरेको भनी गण्डकी प्रदेशको एक जिल्लाका वरिष्ठ बालरोग विशेषज्ञलाई जनप्रतिनिधिले हुर्मत लिएको श्रव्यदृश्यले विशेषज्ञ चिकित्सकको अवस्थालाई उजागर गरेको छ। जब कि नियमानुसार नजिकको सुविधासम्पन्न अस्पतालमा रिफर गरिए पनि स्वदेश एवं विदेश जहाँ पनि लाने अधिकार त बिरामी पक्षलाई हुन्छ नै। जनप्रतिनिधि एवं शिक्षित व्यक्तिबाट समेत यस्तो व्यवहार हुनु दुर्भाग्य हो।

उपचारका क्रममा आफन्तको मृत्यु हुँदा आवेगमा आएर प्रतिक्रिया उत्पन्न गर्नु स्वाभाविक छ। उपचारमा संलग्न चिकित्सकसँग सबै प्रकारका लिखित एवं मौखिक जानकारी लिन सकिन्छ। चित्त नबुझे उजुर पनि गर्न सकिने सजायदेखि क्षतिपूर्ति पनि दाबी गर्न सकिन्छ। बरु कमजोर र ढिलासुस्ती हुने कानुनी प्रक्रियालाई छिटो बनाउन माग गर्न सकिन्छ। स्वास्थ्यकर्मीले सरकारसँग आक्रमणउपर कारबाहीको माग गरेजस्तै बिरामी पक्षले पनि छानबिन गरी दोषी देखिए कारबाही या क्षतिपूर्तिको माग गर्न सकिन्छ। हामीकहाँ कानुनी उपायको सट्टा बिचौलियाको सहयोगमा उपचारमा संलग्न चिकित्सक एवं संस्थालाई धम्क्याएर, तर्साएर मोटो रकम असुल्न खोजिन्छ। केहीले आफ्नो साख कायम राख्न सो माग पूरा गरी घटनालाई भित्रभित्रै गुपचुप राख्न पनि खोज्छन्। कमैमा मात्र उपचारमा लागू हुने विभिन्न क्षतिपूर्तिबारे जानकारी हुन्छ।

सुरक्षा, काम गर्ने वातावरण एवं न्यूनतम सुविधाका मागसमेत उठाउँदै चिकित्सकहरू विगतमा पनि पटक-पटक आन्दोलनमा उत्रिएका हुन्। चिकित्सक संघ र सरकारसँग भएका सहमतिका दस्तावेजले दराज भरिएका होलान्। अन्य पेसाकर्मी सहमति कार्यान्वयन गर्न निरन्तर लागिरहन्छन्। तर, चिकित्सकका हकमा उनीहरू फाइलको पछि लाग्दैनन्, ऐन कानुन परिमार्जनका निम्ति लबिङ गर्दैनन्। उनीहरू सहमति कार्यान्वयन हुनेमा ढुक्क हुन्छन्। तर, ऐन पारित गर्दा काइते प्रावधान थपिन्छन्। न्यायाधीशको तजबिजमा छाडिँदा उनीहरूले तात्कालिक अवस्थाका आधारमा फैसला गरिदिन्छन्। आफ्ना सहकर्मी अग्रजसमेत शृंखलाबद्ध रूपमा सांघातिक आक्रमणको सिकार हुँदा चिकित्सक मात्रै होइन, चिकित्सा विद्यार्थीले समेत निराश भई विदेश पलायन हुने सोच राख्छन्। श्रव्यदृश्यमार्फत नै उजागर भएका यस्ता घटनाले उनीहरू झनै निराश हुन्छन्। विदेश पलायन मात्रै होइन, विदेशमा उच्च दक्षता र अनुभव भएका र काम गर्ने वातावरण भए नेपाल फर्कन चाहने चिकित्सकमा यस्ता घटनाले निराशा थपिन्छन्।

चिकित्सकहरूको कमजोरी : सुरक्षा ऐनमा भएको संशोधनलाई पढ्दै नपढी 'जेल विदाउट बेल'रूपी सुरक्षा कवच नै पारित भएको भ्रममा चिकित्सक पर्नुहुन्नथ्यो। त्यति मात्रै होइन, ऐन पारित गर्ने क्रममा द्विअर्थी लाग्ने काइते प्रावधान थपिनु, अस्पष्ट ऐन कार्यान्वयनमा



नियमावली र कार्यविधि नै निर्माण नहुनु र सो ऐनबारे कानुन कार्यान्वयन गर्ने जिल्ला प्रशासन, अदालत, सरकारी वकिल, नेपाल प्रहरीलगायत सुरक्षा निकाय नै बेखबर रहनु अनि चिकित्सक नेतृत्वचाहिँ कार्यान्वयनमा निरन्तर सजग नभई ढुक्क हुनुजस्ता कमजोरी रहन गए।

सरकारी अकर्मण्यता र चरम बेवास्ताप्रति चनाखो र निरन्तर फलोअपमा नरहनु चिकित्सकको कमजोरी हो। सरकारी अकर्मण्यताको पराकाष्ठा कतिसम्म प्रकट भएको छ भने चिकित्सक, स्वास्थ्यकर्मी एवं कर्मचारीमाथि चोटपटक लाग्ने गरी आक्रमण गर्नेलाई पुर्पक्षका लागि थुनामा राख्न, अदालतले दुई लाख रुपैयाँ जरिवाना, दुई वर्ष कैद वा दुवै सजाय तोक्न सक्छ भन्ने कानुनी प्रावधानबारे प्रजिअ एवं सुरक्षा अधिकारीले अनभिज्ञता प्रकट गरेका छन्। दुई वर्षअघि संशोधित ऐनबारे कम्तीमा सम्बन्धित निकाय र सर्वसाधारण नागरिकलाई समेत सुसूचित गराउनु कार्यविधि तर्जुमा गर्ने संघीय सरकारकै दायित्व होइन र ?

सामाजिक सञ्जालमा सार्वजनिक भइसकेको चिकित्सकका टाउको र अनुहारमा निर्ममतापूर्वक सामूहिक रूपमा मुठी बजारेको श्रव्यदृश्य नै तात्काल कानुनी कारबाहीका लागि काफी थिएन र ? यस्तो प्रस्ट कानुनी आधार हुँदाहुँदै पनि गृहको आदेश किन चाहियो ? कानुनअनुसार पक्राउ गर्न गराउन चिकित्सकहरू हडतालमै उत्रनुपर्ने बाध्यता किन पर्छ नेपालमा ? ताज्जुब लाग्छ। आवेगमा आएर संयम र विवेक हराएको अवस्थामा परिणतिलाई बेवास्ता गर्दै व्यक्ति अपराध कर्मसमेत गर्न उद्यत हुन सक्छ। यस्तो आशंका या सम्भावना हुनेबित्तिकै उपचारमा संलग्न चिकित्सक, अन्य स्वास्थ्यकर्मी, सुरक्षा संयन्त्र आदि तुरुन्तै क्रियाशील हुन आवश्यक छ।

उच्चस्तरीय प्रतिबद्धता : गृह मन्त्रालय र मातहतका सुरक्षा निकायसहितको उच्च संयन्त्रले तात्कालै निर्वाह गर्नुपर्ने दायित्वबारे स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिवको समितिले कसरी निर्वहन गर्न सक्छ ? यो जिम्मेवारी निर्वहन गर्न त स्वास्थ्यमन्त्री, गृहमन्त्री, सचिव, प्रहरी प्रमुख र महान्यायाधिवक्ताको संयुक्त बैठकबाट मात्रै सम्भव हुन सक्छ। यस्तो संयुक्त बैठकले ऐन कार्यान्वयन गर्न आफूमातहतका निकायलाई कडा निर्देशन जारी गर्न सक्छ। उपचारका क्रममा सांघातिक हमला हुँदा ऐन कानुन र सम्बन्धित संयन्त्र स्वतः क्रियाशील हुनुपर्थ्यो। तर, प्रत्येक आक्रमणपिच्छे कारबाहीका लागि चिकित्सकहरू आन्दोलन या दबाबमा उत्रिनुपर्ने, चिकित्सक संघले बन्द गर्ने चेतावनी दिनुपर्ने या हडतालमै उत्रिनुपर्ने विडम्बनापूर्ण स्थितिको अन्त्य कहिले होला ? उदेक लाग्छ।

> चिकित्सा शिक्षाको दायित्वबाट अलग भएसँगै नेपाल मेडिकल काउन्सिललाई प्रतिनिधिमूलक संस्थाको सट्टा समग्र चिकित्सा सेवाको प्रभावकारिताका लागि द्रुतगतिमा क्रियाशील हुने चुस्त नियामक निकायका रूपमा कानुनी रूपमै व्यवस्था गर्नुपर्छ

अस्पतालमा उपचारसँगै मनोवैज्ञानिक परामर्श पनि जरुरी पर्छ। हामीकहाँ न परामर्शदाताको व्यवस्था छ, न चिकित्सक स्वयंलाई नै विस्तृत रूपमा बिरामी पक्षसँग परामर्श गर्ने फुर्सद हुन्छ। आक्रमणबाट जोगिन पनि सम्बन्धित चिकित्सक या स्वास्थ्यकर्मी स्वयं पनि चनाखो हुनुपर्छ। आफूमाथि आक्रमणको आशंका हुनेबित्तिकै चनाखो भई त्यसलाई रोक्ने उपाय अपनाउनुपर्छ। अहिले कम्तीमा प्रमाणका रूपमा सिसिटिभी छ। केही वर्षअघिसम्म यो व्यवस्था पनि थिएन।

प्रभावकारी काउन्सिल : अब चिकित्सा शिक्षाको दायित्वबाट अलग भएसँगै नेपाल मेडिकल काउन्सिललाई प्रतिनिधिमूलक संस्थाको सट्टा समग्र चिकित्सा सेवाको प्रभावकारिताका लागि द्रुतगतिमा क्रियाशील हुने चुस्त नियामक निकायका रूपमा कानुनी रूपमै व्यवस्था गर्नुपर्छ। कुनै स्वास्थ्य संस्थामा उपचारका क्रममा कुनै दुर्घटना हुनेबित्तिकै छानबिन एवं हस्तक्षेप गर्न सक्ने चौबीसै घन्टा क्रियाशील संस्था बनाउन ढिलो भइसकेको छ।

चिकित्सकहरूमा पनि पेसागत अस्वस्थ प्रतिस्पर्धाका कारण एउटालाई पर्दा खुच्चिङ मान्ने प्रवृत्तिको पनि अन्त्य हुन जरुरी छ। चिकित्सकलाई आम्दानी वृद्धिका लागि अनावश्यक दबाब दिने, रकमको सिलिंग नै तोकिदिने प्रवृत्ति छ। अब निजी होस् कि सरकारी, प्रतिचिकित्सक बिरामीको संख्या तोक्नु आवश्यक छ। निजीमा जति पनि हेर्ने र सरकारीमा तोकिएको केही घन्टामा भिड पन्छाउनुपर्ने अवस्था रहँदासम्म पनि बिरामी पक्ष सन्तुष्ट हुन सक्दैन। त्यसैले एक व्यक्ति एक संस्थाको अवधारणाअनुसार एउटै संस्थामा बिहानदेखि बेलुकासम्म काम गर्ने वातावरण सिर्जना गर्नु अपरिहार्य छ। निजी होस् कि सरकारी, बिमित होस् कि अबिमित, सबैखाले उपचारमा संलग्न चिकित्सकलाई कार्य सम्पादनअनुसारको पारिश्रमिक पाउने व्यवस्था नगर्दासम्म तनाव र चापमा कमी आउन्न।

चुस्त सुरक्षा संयन्त्र : स्वास्थ्य, गृह मन्त्रालय एवं कानुनी निकायको समन्वयमा यस्ता आक्रमणका घटना हुन नदिने सामूहिक प्रयास हुनुपर्छ। राजनीतिक पार्टी र तिनका भातृ संगठनसँग पनि समन्वयको खाँचो छ।

चिकित्सक संघ पनि दोहोरो दबाबमा परेको छ। आक्रमणका घटना घट्नेबित्तिकै एकातिर उपचार सेवा बन्दको घोषणा गर्न बाध्य हुन्छ, अर्कातिर संवेदनशीलताका कारण बन्द फिर्ता लिन बाध्य पनि हुन्छ। त्यसैले चिकित्सकहरू हडतालमै उत्रिनुपर्ने बाध्यता हटाउने उपाय तत्कालै चाल्नु आवश्यक छ। चिकित्सकजस्तो पेसागत संगठनमा पार्टीगत ताबेदारीले निरन्तरता पाउनु विडम्बना हो। बरु मेडिकल काउन्सिल र संघहरूले चिकित्सकका लागि उन्मुखीकरण, पुनर्ताजगीकरण, ज्ञान र सीपको अद्यावधीकरण, चिकित्सक आचारसंहिता, चिकित्सक-बिरामी सम्बन्ध आदिबारे गहन तालिमको व्यवस्था गर्नु अपरिहार्य छ।

निम्न उपायबाट पनि सुरक्षामा सहयोग पुऱ्याउन सकिन्छ :

- विशेष संवेदनशील अस्पतालमा राज्यबाट तात्कालै क्रियाशील हुनुपर्ने विशेष सुरक्षा बलको प्रबन्ध गर्ने।
- सूचना प्रवाह, सचेतना र सिसिटिभी कार्यक्रम प्रभावकारी बनाउने।
- आकस्मिक कक्ष, उपचार कक्ष आदि स्थानमा अस्वाभाविक भिडभाड हुने या असुरक्षाको संकेत दिने खालका साइरन या घन्टी बज्ने व्यवस्था गर्ने।
- सम्बन्धित जिम्मेवार व्यक्तिको मोबाइल या टेलिफोनमा त्यस्तो अलार्म बज्ने व्यवस्था मिलाउने।
- आगजनी, तोडफोड, आक्रमणविरुद्ध स्वतः क्रियाशील हुने संयन्त्रको व्यवस्थापन गर्ने।
- अस्पताल या स्वास्थ्य संस्थाभित्र अनावश्यक व्यक्ति एवं बिचौलियाको प्रवेशमा प्रतिबन्ध र संस्थागत किटानी जाहेरीको व्यवस्था गर्ने।

---

३ प्रश्न

जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रवक्ता तथा सहायक प्रमुख जिल्ला अधिकारी **खड्गबहादुर श्रेष्ठलाई**



चाडपर्व नजिकिएसँगै महँगी र कालोबजारीको समस्या बढेको छ, के गर्दै छ प्रशासन ?

पछिल्लो समय चिनी, दूध, पानी, जिरा, ग्यास, फलफूल, तेललगायत दैनिक उपभोग्य सामग्रीको कालोबजारी, कृत्रिम अभाव र मूल्यवृद्धिको सूचना प्रशासनमा आइरहेका छन्। यसरी आएका सूचनालाई गम्भीरतापूर्वक लिएर 'भेरिफाई' गरी सम्बन्धित निकायको समन्वयमा अनुगमन र कारबाहीलाई निरन्तरता दिइरहेका छौं। पछिल्लो समय अनलाइन सपिङमार्फत ठगी र गुणस्तरहीन सामग्री बिक्रीवितरण भइरहेको गुनासो पनि बढेका छन्। रात्रिकालीन व्यावसायमा पनि मूल्यसूचीभन्दा बढी मूल्य लिने गरेका गुनासा छन्। प्रशासनले निरन्तर अनुगमन गरिरहेको छ।

बजारमा दैनिक उपभोग्य सामग्रीको साँच्चै अभाव छ कि कृत्रिम अभाव सिर्जना गराइएको हो ?

निरन्तरको अनुगमनमा कालोबजारी गर्नेले कृत्रिम अभाव सिर्जना गरी मूल्यवृद्धि गरेको पाइएको छ। पछिल्लो समय चिनीको अभाव सिर्जना गराइएको छ। हामीले पाएको सूचनाका आधारमा अनुगमन गर्दा १४ सय बोरा चिनी लुकाएको पायौं। दसैंको समयमा खसी, बोका, च्यांग्रा र मासुजन्य पदार्थमा पनि यस्तै अभाव र कालोबजारीको अवस्था आउन सक्छ भन्नेमा हामी सजग छौं।


अनुगमन प्रभावकारी देखिएन, कर्मकाण्डी मात्र भयो भन्ने गुनासो छ नि ?

अनुगमनमा एउटा निकाय मात्रै संलग्न हुँदैन। गुनासाहरू जिल्ला प्रशासनबाहेक अन्य निकायमा पनि आउँछन्। वाणिज्य विभाग, गुणस्तर तथा नापतौल विभागलगायत सरोकारवाला निकायको भूमिका हुन्छ। अनुगमनमा देखिएका तथ्यलाई परीक्षण गरेर पुष्टि गर्नुपर्ने हुनाले केही समय लाग्छ। मौकाको फाइदा उठाउने र उपभोक्तालाई असर पार्ने गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याउन प्रशासन प्रतिबद्ध छ।

प्रेरक प्रसंग

वैज्ञानिकको सादापन

महान् वैज्ञानिक माइकल फराडे रोयल सोसाइटीमा काम गर्थे। एकपटक एक सरकारी उच्च अधिकारी उनीसित भेटघाटका लागि रोयल सोसाइटी पुगे। उनले त्यहाँका गार्डसित वैज्ञानिक फराडेबारे सोधे। गार्डले उनी प्रयोगशालामा भेटिने जवाफ दिए।



अंग्रेज अधिकारी प्रयोगशालामा पुगे। पूरै प्रयोगशालामा खोज्दा पनि उनले वैज्ञानिक फराडेलाई भेटेनन्। प्रयोगशालाबाट बाहिरिनै लागेका वेलामा उनले प्रयोगशालाको सिंकमा एउटा बोतल सफा गरिरहेका एक साधारण वृद्धलाई देखे। उनले रिसाउँदै तिनै वृद्धलाई सोधे- ए बुढाबा, के तिमी यहीं काम गर्छौ ? आगन्तुकको प्रश्न सुनेपछि उनले नम्रतापूर्वक जवाफ दिए- हजुर, पछिल्लो ४० वर्षदेखि म यहीं कार्यरत छु। सरकारी अधिकारीले भने- मलाई गार्डले वैज्ञानिक फराडे यतिखेर प्रयोगशालामा हुनुहुन्छ भनेको थियो। तर, उहाँ त यहाँ कतै देखिनुहुन्न। त्यसले झुटो बोलेर मलाई झुक्याएछ। म वैज्ञानिक फराडेसित यसबारे उजुरी गर्नेछु। के तिमी बताउन सक्छौ, यतिखेर वैज्ञानिक फराडे कहाँ हुनुहुन्छ ?

ती वृद्धले पहिलेझैं सहज भावमा जवाफ दिए- गार्डले झुट बोलेका होइनन्। फराडे अहिले पनि यही प्रयोगशालामै छन्। वृद्धको जवाफ सुनेपछि अंग्रेज अधिकारीले छक्क पर्दै यताउता सबैतिर हेरेर भने- खै त, कहाँ हुनुहुन्छ उहाँ ? म त उहाँलाई कतै देखिरहेको छैनँ ? उनको प्रश्न सुनेपछि ती वृद्धले मुसुक्क हाँस्दै भने- म नै हुँ तपाईंले खोजिरहेको फराडे। भन्नुहोस्, के काम थियो होला, मसित ? वैज्ञानिक फराडेको जवाफ र प्रश्न एकसाथ सुनेपछि अंग्रेज अधिकारीले लज्जाले शिर झुकाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पार्टी कार्यालयमा पुस्तकालय होस्

राजनीतिक दलहरूले नै राज्य सञ्चालन गर्ने भएको हुँदा दलका नेता तथा कार्यकर्ताले इतिहास, वर्तमान र भविष्यबारे लेखिएका विषयमा अध्ययन गर्नु जरुरी हुन्छ। नेपालका राजनीतिक दलहरूका पार्टी कार्यालयमा नेता, कार्यकर्ता, शुभचिन्तक तथा अन्य आगन्तुकले समेत अध्ययन, मनन, शोध, विद्यावारिधि आदिका लागि पनि विशेष कुनै अध्ययन गर्न चाहेमा त्यसका लागि कार्यालयमा पुस्तकालय खासै छैन। सम्बन्धित विषय ज्ञान हासिल गर्न तथा सहज र सरलतासाथ राष्ट्र र अन्तर्राष्ट्रिय गतिविधि थाहा पाउनसमेत आवश्यक पुस्तक संकलन गरी पुस्तकालय स्थापना गर्नु जरुरी छ। यसले नेता, कार्यकर्तामा अध्ययन संस्कृतिको विकास हुनेछ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

अति भो भ्रष्टाचार

पशुपतिनाथको जलहरीमा राखेको भनेको सुनमा समेत घोटाला गर्ने पदाधिकारी छन्, हामीकहाँ। साथै, बहालवाला सचिव, टेलिकमका प्रबन्ध निर्देशकजस्ता जिम्मेवार पदाधिकारी पनि भ्रष्टाचार काण्डमा मुछिन्छन्। उनीहरूविरुद्ध अदालतमा मुद्दा नै दर्ता भइसकेको छ। राजनीतिक तहमा कसरी भ्रष्टाचार हुन्छ भन्ने त ललिता निवास र नक्कली भुटानी शरणार्थी प्रकरणले नै प्रस्ट पारिसकेका छन्। जब राजनीतिक र प्रशासनिक नेतृत्व नै भ्रष्ट बन्छ भने त्यसपछि भ्रष्टाचार नियन्त्रणको गफ दिनु बेकार हो।

● **सुदर्शन परियार**
मैतीदेवी, काठमाडौं

कैद मिनाहा गलत हो

व्यक्तिहत्याको अभियोगमा दोषी प्रमाणित भएर जेल परेका व्यक्तिको कैद मिनाहा गर्नु कानुनको गम्भीर उपहास हो। साथै, यो कानुनले दिएको अधिकारको दुरुपयोग पनि हो। कुनै पनि व्यक्ति हत्या, बलात्कार, भ्रष्टाचारजस्ता गम्भीर प्रकृतिका अपराधमा जेल जान्छ भने उसलाई कुनै पनि सर्तमा सजाय मिनाहा गरेर कैदमुक्त गर्नु हुँदैन। यसमा सरकार र राष्ट्रपति सबैले विवक पुऱ्याउनुपर्छ। अन्यथा, यस्ता विकृतिले गर्दा मानिसमा कानुनीराजप्रतिको विश्वास समाप्त हुनेछ।

● **सौगात कार्की**
जगाती, भक्तपुर

कहिलेसम्म सहने महँगी ?

सरकार नागरिकको अभिभावकत्व निर्वाह गर्नबाट चुकेको छ। चाडबाडका वेला नागरिकलाई राहत दिनुपर्नेमा उल्टै महँगी बढिरहेको छ। आयल निगमले एक्कासि बढाएको मूल्य सरकारको अग्रसरतामा फिर्ता लिए पनि त्यो पुनः कुनै पनि वेला सर्वसाधारणको थाप्लोमा बजारिने निश्चित छ। अन्य देशका सरकारले जनतालाई महँगीबाट राहत दिन अनेक कार्यक्रम ल्याउँछन्। तर, हाम्रो सरकार भने महँगी बढाएर सर्वसाधारणलाई राहत दिनुको साटो आहत गराउँछ।

गठबन्धन सरकारले केही गरेन भनेको होइन ? यहाँभन्दा के गर्नु ? एक महिनामा तीनपटक पेट्रोलियम पदार्थको भाउ बढाएर जनतालाई 'राहत' दिएकै छ त ! दिनभरि काम गरेर बिहान-बेलुकाको छाक टार्न गारो भइरहेको वेला मूल्यवृद्धिले झनै आक्रान्त पारेको छ समाजलाई। अहिले हेर्दा ग्यास, डिजेल, पेट्रोल, मट्टीतेलको भाउ बढेको देखिए पनि त्यसको असर हरेक क्षेत्रमा पर्छ। यस्तै ताल हो भने गरिब जनता भोकभोकै मर्नुपर्ने दिन आउन बेर लाग्नेछैन। हिजो सर्वहारा वर्गको आवाज सुनिएन भन्नेहरूले नै अहिले सरकार चलाएका छन्। अनि, तिनले चाहिँ खोइ त सर्वहारा गरिब जनताको आवाज सुनेको ? हुनेखानेको लागि यो महँगीको ठूलो समस्या नपर्ला। तर, निम्नवर्गीय परिवारलाई चर्किंदो महँगीले ठूलो समस्या पारेको छ।

बजारमा हरेक उपभोग्य वस्तुको भाउ बढेको छ। यस्तोमा गरिब जनताले कसरी दैनिकी चलाउने ? सरकार, यो महँगीको मार कहिलेसम्म झेल्नुपर्ने हो हामीले ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका र भारतमा कमजोर पारिँदै सकारात्मक पहलकदमी

अहिले अमेरिका र भारतमा न्यायपूर्ण अवस्था सिर्जना होला भनेर आशा गर्ने ठाउँ निकै कम छ



देश/विदेश

● अश्विनी देशपाण्डे

के जात, नश्ल, लिंग, धर्म वा जन्मिँदा तय हुने अन्य पहिचानका आधारमा भिन्न व्यवहार वाञ्छनीय हुन्छ ? जुन २०२३ मा अमेरिकाको सर्वोच्च अदालतले यस प्रश्नको उत्तरमा स्पष्ट रूपमा 'हुन्न' भन्ने जवाफ दिएको छ। मुद्दाका वादी रहेको 'स्टुडेन्ट्स फर फेयर एडमिसन्स'ले हार्वर्ड कलेज र नर्थ क्यारोलिना विश्वविद्यालयमा पिछडिएका नश्ललाई भर्नाका क्रममा दिइने प्राथमिकताले एसियाली मूलका अमेरिकी निवेदकमाथि विभेद गरेको आरोप लगाएको थियो। जब मुलुकमा गहिरो गरी अन्तरसामूहिक असमानता गाँजिएको हुन्छ, तब समूहलक्षित सकारात्मक पहलकदमीको नीतिमा प्रश्न उठ्छ। दासत्व वा जात आधारित विभेदजस्ता ऐतिहासिक विभेदको सम्बोधन गर्ने र सीमान्तकृत समुदायका मानिसलाई बराबरीको अवसर उपलब्ध गराउने प्रयास अत्यावश्यक छ। तर, यस्तो प्रयास गर्दा यी प्रयासले 'प्रतिविभेद' (रिभर्स डिस्क्रिमिनेसन) निम्त्याउने भनेर विरोध गरिन्छ अर्थात् सकारात्मक पहलकदमीका कारण लाभार्थीले प्रतिस्पर्धाबाट छुट पाउँछन् भनेर तर्क गरिन्छ। अवसरमा हुने असमानता मुलुकको आर्थिक अवस्थासँग जोडिने विषय होइन। अमेरिका भारतभन्दा कैयौं गुणा धनी छ। प्रतिव्यक्ति खरिद क्षमतालाई आधार मान्ने हो भने अमेरिकाको कुल गार्हस्थ उत्पादन भारतको भन्दा नौ गुणाले बढी छ। अमेरिकामा ८८ प्रतिशत योग्य विद्यार्थीले कलेज एवं विश्वविद्यालयमा ठाउँ पाउँछन्, भारतका लागि यो आँकडा ३१ प्रतिशत मात्रै छ। तथापि दुवै मुलुकले सकारात्मक पहलकदमी सम्बन्धित नीति लागू गरेका छन्।

अमेरिकामा सकारात्मक पहलकदमीको नीतिको इतिहास सन् १९६० को दशकको नागरिक अधिकार आन्दोलनसँग जोडिन्छ। यसले शताब्दीयौंदेखि दासत्वको विरासत रहेको संरचनागत नश्लभेद र अलगाव हटाउने लक्ष्य राखेको थियो। अफ्रिकी मूलका अमेरिकी (अश्वेत अमेरिकी), महिला र अन्य अल्पसंख्यकले व्यहोरिरहेको ऐतिहासिक विभेदको समाधानका निमित्त सकारात्मक पहलकदमीको नीति अघि सारिएको थियो।

कलेज भर्नामा नश्ललाई एक आधार मान्ने नीति विवादित हुँदै आएको छ। तर, यस्ता सकारात्मक पहलकदमीका नीतिलाई कैयौंपटक संवैधानिक स्वीकृति पनि मिल्दै आएको थियो। अर्थात् सन् १९७८ मा रिजेन्ट्स अफ द युनिभर्सिटी अफ क्यालिफोर्नियाविरुद्ध ब्याके र पछि सन् २००३ मा ग्रुटरविरुद्ध बोलिंगर मुद्दाले सकारात्मक पहलकदमीलाई संवैधानिक स्वीकृति दिएको थियो। यस वर्षको जुनमा अमेरिकी सर्वोच्च अदालतले वर्षौंदेखि स्थापित नजिरलाई उल्ट्याइदिएको छ। यति भइरहँदा अमेरिकामा विरासतका आधारमा हुने कलेज भर्नामा भने परिवर्तन भइसकेको छैन। हालैको एक शोधपत्रले शीर्षस्थ एक प्रतिशत आम्दानी गर्ने परिवारका सन्तानले उच्च शिक्षाका लागि आवश्यक प्रवेश परीक्षामा समान अंक ल्याएका मध्यम वर्गीय परिवारका सन्तानका तुलनामा स्ट्यानफोर्ड, एमआइटी, सिकागो, ड्युकलगायत अमेरिकाका प्रतिष्ठित विश्वविद्यालय (आइभी लिग) मा भर्ना पाउने सम्भावना दुई गुणाले बढी रहेको देखाएको छ। सार्वजनिक विश्वविद्यालय, जहाँ भर्नादर बढी हुन्छ, तिनका तुलनामा उल्लिखित विश्वविद्यालयमा सम्भ्रान्तले भर्ना पाउने सम्भावना दुई गुणाले बढी हुन्छ र यिनै विद्यार्थीले रोजगारी पाउने सम्भावना तीन गुणाले बढी हुन्छ।

भारतमा पनि लामो समयदेखि चलिरहेको सकारात्मक पहलकदमीको नीति खिइँदै छ। मुलुकको सन् १९५० को दशकको संविधानले बेलायती उपनिवेशकालीन समयमा अनुसूचित जाति (दलित) र अनुसूचित जनजाति (आदिवासी) लाई राजनीति, शिक्षा र सार्वजनिक क्षेत्रमा हुने रोजगारमा दिइने 'आरक्षण'लाई



तस्बिर : फ्रेडरिच सोल्तान/कोर्बिस

औपचारिक बनाएको थियो। त्यसबाहेक यो प्रावधान सामाजिक एवं शैक्षिक रूपमा पिछडिएका समूह (ओबिसी), जसलाई दलित र आदिवासी भनेर तिरस्कार गरिन्थ्यो, सो समुदायमाझ पनि विस्तार गरियो। क्षतिपूर्तिका लागि गरिएको विभेदका रूपमा लिइएको आरक्षण नीतिले आर्थिक हैसियत जस्तोसुकै भए पनि सबै दलित एवं आदिवासीलाई लाभार्थी बनाएको छ भने यसबाहेक यो नीतिमा विपन्न ओबिसी पर्छन्। ओबिसी समुदायका सम्पन्न सदस्यलाई आमभारतीयले 'क्रिमी लेयर'को संज्ञा दिन्छन्। तर, सन् २०१९ मा भारतीय अधिकारीले आर्थिक रूपमा कमजोर वर्ग (इडब्ल्युएस) लाई १० प्रतिशत आरक्षण दिने घोषणा गरेको थियो। यस वर्गमा पर्ने परिवारले वार्षिक रूपमा आठ लाख भारतीय रुपैयाँभन्दा कम कमाउनुपर्ने र दलित, आदिवासी एवं ओबिसी नहुनुपर्ने प्रावधान राखेको छ। आठ लाख भारतीय रुपैयाँको वार्षिक आम्दानीलाई आधार मान्ने हो भने भारतका ९८ प्रतिशतभन्दा बढी जनता यही आम्दानीको स्तरमा पर्छन्।

सीमान्तीकरण र विभेदका आधारमा बनेका सामाजिक पहिचानलाई उपेक्षा गर्दै आर्थिक अवस्थामा मात्रै केन्द्रित भएको इडब्ल्युएस आरक्षणले आरक्षणकै अवधारणालाई कमजोर बनाइदिएको छ। इडब्ल्युएस आरक्षणमा दलित, आदिवासी एवं ओबिसीलाई नराख्ने प्रावधानविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको थियो र नोभेम्बर २०२२ मा अदालतले इडब्ल्युएस आरक्षणको प्रावधानलाई मान्यता दिएको थियो। भारत स्वतन्त्र भएपछि आर्थिक रूपमा कमजोर वर्गका नाममा दिइने इडब्ल्युएस आरक्षणले पहिलोपटक अत्यधिक संख्यामा रहेका विपन्न मानिसलाई आरक्षणबाट वञ्चित गरेको छ। इडब्ल्युएस आरक्षण पहिचानमा नभई आर्थिक मापदण्डका आधारित तय गरिएको भनेर प्रस्तुत गरिन्छ। तर, वास्तवमा यो आरक्षण जात आधारित आरक्षण हो, जहाँ कुनै विभेद नभोग्ने उच्च जातका मानिस लाभार्थी हुन्छन्। भारत सरकारले उपल्लो जातका मानिसका लागि आरक्षण सिर्जना गरेको छ, जहाँ सोही समुदायका बढी आम्दानी हुनेले अवसर पाउँछन्।

ऐतिहासिक विभेदलाई सम्बोधन गर्न र सामाजिक न्याय प्रवर्द्धन गर्न अमेरिका र भारतमा सकारात्मक पहलकदमीको नीति सिर्जना गरिएको थियो। समयक्रममा यसले सीमान्तकृत समुदायको प्रतिनिधित्व बढायो र अवसर थप्यो। तर, अहिले यो मार्गदर्शक सिद्धान्त निकै धमिलिएको छ अर्थात् दुवै मुलुकमा न्यायपूर्ण अवस्था सिर्जना होला भनेर आस गर्ने ठाउँ कम छ।

(देशपाण्डे अशोका विश्वविद्यालयकी अर्थशास्त्रकी प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

युरोपभर देखिन थाल्यो उग्र दक्षिणपन्थी दलहरूको उभार



पोल्यान्डको स्वतन्त्रता दिवसका अवसरमा झन्डा र आतिसबाजीसहितका प्रदर्शनकारी । उग्र दक्षिणपन्थी समूहको नेतृत्वमा भएको सो प्रदर्शनमा हजारौँ सहभागी भएका थिए ।

पछिल्लो समयको उग्र दक्षिणपन्थी उछालको सबैभन्दा स्पष्ट संकेत स्लोभाकियामा देखिन्छ । त्यहाँ भएको चुनावमा देशका पूर्वप्रधानमन्त्री रोबर्ट फिकोको स्मेर पार्टीले सबैभन्दा बढी मत ल्याएको छ । छिमेकी पोल्यान्डमा पनि चाँडै पपुलिस्ट दक्षिणपन्थी दलले नै जित्ने देखिन्छ । यसबाहेक इटाली, फ्रान्स आदि देशमा पनि उग्र दक्षिणपन्थी दलको प्रभाव बढिरहेको छ ।

युक्रेनमा रुसी हमला, आममहँगी र कोरोना भाइरस महामारी आदिले निम्त्याएको भय र क्रोधको भावनालाई समाएर हालसम्म किनारामा रहेका युरोपका पपुलिस्ट तथा उग्र दक्षिणपन्थी पार्टीले जनसमर्थन बढाइरहेका छन् । आउँदो वर्षको युरोपेली संघको चुनावलाई यी राजनीतिक शक्तिको प्रमुख परीक्षाको रूपमा हेरिएको छ । तथापि त्यसअघि नै यी शक्तिले पोल्यान्ड र स्लोभाकियामा सत्ता साझेदारी गरिसक्ने प्रक्षेपण छ । यदि त्यसो भएमा लोकतान्त्रिक मापदण्ड र युक्रेनमाथिको रुसको आक्रमणलाई लिएर युरोपेली संघभित्र थप ध्रुवीकरण बढ्नेछ । पोल्यान्ड र स्लोभाक चुनावमा आप्रवासी विरोध र राष्ट्रवाद बलियो मुद्दा बनेको छ । तिनले शक्ति हासिल गरे भने ती देशले युक्रेनलाई दिइरहेको निःसर्त समर्थन अन्त्य हुन सक्छ ।

पछिल्लो समयको उग्र दक्षिणपन्थ उछालको सबैभन्दा स्पष्ट संकेत स्लोभाकियामा देखिएको छ । त्यहाँ शनिबार भएको चुनावमा देशका पूर्वप्रधानमन्त्री रोबर्ट फिकोको स्मेर पार्टीले सबैभन्दा बढी मत ल्याएको छ । सन् १९९३ मा तत्कालिन चेकोस्लाभाकिया टुक्रिएर बनेको ५५ लाख जनसंख्या भएको यस सानो देश रुसले युक्रेनमा आक्रमण गरेदेखि नै युक्रेनको कट्टर समर्थक रहदै आएको छ ।

फिकोको पार्टीले चुनावमा स्मेर पार्टीले करिब २३ प्रतिशत मत ल्याउँदा मध्यपन्थी प्रोग्रेसिभ स्लोभाकिया(पिएस)ले १७ प्रतिशत मत ल्याउन सफल भएको छ । फिकोले सन् २००६-०१२ मा पहिलो कार्यकाल र २०१२-२०२० को दोस्रो कार्यकाल सरकारको नेतृत्व गरेका थिए । त्यस अवधिमा उनको सरकारले देशलाई माफिया राज्यमा बदलेको आरोप लाग्ने गर्छ । अहिलेको चुनावमा कुनै देशको बहुमत नआएको भए पनि देशको कानुनअनुसार सबैभन्दा धेरै मत ल्याउने दललाई पहिले सरकार गठनको अवसर प्राप्त हुनेछ । सरकार बनाउन ससना दललको सहयोग अनिवार्य देखिन्छ ।

फिकोले तेस्रो धेरै मत ल्याउने (१४.७ प्रतिशत) ल्याउने वामपन्थी दल ह्लास(भाइस)को समर्थन हासिल गर्न सकेमा उनको प्रधानमन्त्री बन्ने सम्भावना बलियो बन्नेछ । उनको गठबन्धनमा उग्रदक्षिणपन्थी दल स्लोभाक नेसनल पार्टी पनि सहभागी हुने सम्भावना उच्च छ, जसले करिब ५.६ प्रतिशत मत हासिल गरेको छ । फिकोको सम्भावित पुनरागमनले देश पुनः अधिनायकवाद फर्किने र पश्चिमी साझेदारबाट एक्लिने जोखिम बढेको छ । 'चरमपन्थी साझेदारसँग मिलेर फिको स्लोभाकियालाई त्यही विगतमा फर्काउन चाहन्छन्, जहाँ राज्यका संस्थानहरूमा कुलीन वर्गको वर्चस्व थियो,' स्मेरका मुख्य प्रतिद्वन्द्वी प्रोग्रेसिभ्ने स्लोभेन्स्कोका नेता मिचल सिमेकाले दाबी गरे । शरणार्थी संकट स्लोभाकियाको चुनावको केन्द्रीय मुद्दा बनेको थियो । युक्रेनी शरणार्थीको वृद्धिबाट स्लोभाकियामा असन्तुष्ट बढेको थियो । दक्षिणपन्थी पार्टीले त्यही असन्तुष्टिलाई समाए ।

स्लोभाकियापछि उसकै उत्तरी मुलुक पोल्यान्डमा उपप्रधानमन्त्री जारोस्लाव काजिन्स्कीको 'प्रावो आई स्प्रावेडिओस्क (पिआइएस)' पार्टीले अक्टोबर १५ मा हुने निर्वाचनमा तेस्रो कार्यकाल जित्ने अपेक्षा गरिँदै छ । विश्वसनीय मत सर्वेक्षणमा पार्टी करिब ३५ प्रतिशत मतसहित अग्रस्थानमा छ । पिआइएसलाई कडा टक्कर दिइरहेको छ, मध्य-दक्षिणपन्थी दल 'कोआलिक्जा ओबिवाटेलस्का (केओ)' ले । केओलाई नेतृत्व दिइरहेका छन्, पूर्वप्रधानमन्त्री तथा युरापेली संघका शीर्ष अधिकारी डोनाल्ड टस्क । मत सर्वेक्षणकै आधारमा चुनावी परिणाम आए पिआइएस एक्लैले सरकार बनाउन सक्नेछैन ।

न्यायिक तथा निर्वाचन प्रणालीको 'सुधार'मार्फत लोकतन्त्रलाई कमजोर बनाएको र मिडिया नियन्त्रणको आरोप लाग्ने पिआइएसले जनमत बढाउन थप लोकप्रिय मुद्दा ल्याइरहेको छ । पिआइएसले अर्को कार्यकाल पनि जित्यो भने देशको प्रजातन्त्रमा थप क्षय हुने विश्लेषकले चिन्ता जताएका छन् । 'राजनीतिक खेल मैदान पहिले नै एकातर्फ ढल्किएको थियो, अब पिआइएसलाई लोकतान्त्रिक माध्यमबाट पराजित गर्न लगभग असम्भव हुने देखिँदै गएको छ,' इन्स्टिच्युट अफ पब्लिक अफेयर्सका अध्यक्ष जेसेक कुचार्जिकले भने ।

तर, मध्य युरोपमा राष्ट्रवादको बढ्दो उभारलाई उदारवादी लोकतान्त्रिक प्रतिद्वन्द्वीहरूको कमजोरीले पनि काम गरेको छ । सन् २०२० मा पत्रकार जन कुसियाकको हत्यापछि उत्पन्न आक्रोशका कारण फिकोले सरकार छाड्नुपरेको थियो । त्यसपछि गठित मझधारका पार्टीको गठबन्धनले तीन वर्ष शासन गऱ्यो । तर, यो अवधिको चर्को राजनीतिक अराजकता, सत्तारुढ दलबीच आपसी खिचातानी, महामारीका गलत व्यवस्थापन, युक्रेन युद्ध र महँगीबाट जनता आजित बने । 'बाहिरिँदै गरेको लोकतान्त्रिक गठबन्धनकालमा देखिएको अराजकताले नै खासमा फिकोको लोकप्रियता पुनर्जीवित गर्न सघाएको हो,' जर्मन काउन्सिल अन फरेन रिलेसनका वरिष्ठ रिसर्च फेलो मिलान निकले भने, 'स्मेरलाई मत दिनेहरूले स्थिरता खोजेका हुन् । पार्टीको शासनमा भ्रष्टाचारलाई बढेको तिनले महसुस गरेका भए पनि त्यसका बाबजुद त्यस अवधिमा देश उच्च आर्थिक वृद्धिको मार्गमा हिँडेको तिनको बुझाइ छ ।'

त्यस्तै पोल्यान्डका पिआइएसलाई अपदस्थ गर्न संघर्ष गरिरहेका लोकतान्त्रिक पार्टीहरू आफैँ विभाजित छन् । आगामी निर्वाचनमा लोकतान्त्रिक विचारधारा राख्ने मतदाता केओ पार्टी र अर्को मध्य दक्षिणपन्थी दल तेस्रो मार्ग(टिडी) बीच बाँडिने निश्चित देखिन्छ । 'विपक्षीहरूलाई सबैभन्दा ठूलो जोखिम टिडीबाट छ । टिडीले संसद् प्रवेश गर्न आवश्यक थ्रेसहोल्ड हासिल गर्न नसक्दा बहुमतको सम्भावना गुम्नेछ,' जोखिम परामर्श टेनेओ इन्टेलिजेन्सका एन्ड्रियस टुर्साले भने ।

थप दक्षिणपन्थतर्फको यात्रा

पिआइएस र स्मेर चुनावपछि आवश्यक परे उग्र दक्षिणपन्थी दलसँग सहकार्य गर्न तयार रहेको संकेत गरेका छन् । मत सर्वेक्षणहरूले पोल्याण्डमा उग्र दक्षिणपन्थी दल 'कोन्फेडेराक्सा'ले करिब १० प्रतिशत पाउने देखाएको छ । यसले गर्दा पार्टीको 'आगामी संसद्मा महत्त्वपूर्ण भूमिका' हुने प्रक्षेपण गरिएको कुचार्जिकले भने । 'पोल्यान्डको लोकतन्त्रको सबैभन्दा खराब परिदृश्य कोन्फेडेराक्सा किङ्मेकर भए आउँदा उत्पन्न हुनेछ,' उनले थपे । कोन्फेडेराक्सासँग सत्ता साझेदारीको सम्भावनाबीच वर्तमान सरकारले युक्रेनप्रति केही नीति परिवर्तन गर्न थालिसकेको छ ।

यसअघि किभको कट्टर समर्थनको गर्दै सरकराले रुस आक्रमणपछि पोल्यान्ड पसेका १० लाखभन्दा बढी युक्रेनी शरणार्थीलाई शरण दिएकोमा गर्व गर्ने गर्थ्यो । सोही सरकार 'पोल्यान्डको युक्रेनीकरण'को भाष्यलाई पछ्याउँदै शरणार्थीविरुद्ध कठोर भाषा प्रयोग गर्न थालेको छ । त्यसका साथै पोल्यान्डले स्लोभाकियालगायत युरोपेली संघका पूर्वी देशहरूको समूहको नेतृत्व गर्दै सस्तो युक्रेनी अन्न आयातमा रोक लगाएको छ ।

'युक्रेनमा एक गोली पनि पठाइनेछैन'

फिकोले चुनावी सभामा आफूले चुनाव जितेमा युक्रेनलाई थप एक गोली पनि नपठाउने वाचा गरेका थिए । त्यस्तै उनले रुसमाथिको थप युरोपेली प्रतिबन्धको विरोध गर्ने बताएका छन् । पोल्यान्ड र स्लोभाकियामा चुनावपछि सरकार गठन गर्दा राष्ट्रवादी पपुलिस्ट र उग्र दक्षिणपन्थीबीच शक्ति बाँडफाँड भयो भने त्यसले लोकतन्त्र, विधिको शासन र मध्ययुरोपेली पश्चिम झुकावमा गम्भीर असर पार्नेछ । पिआइएस पुनः सत्तामा फर्कियो भने उसले पहिले सुरु गरेको देशको न्याय प्रणालीको 'सुधार'लाई टुंगोमा पुऱ्याउने अवसर पाउनेछ । कानुनी शासनमा असर गर्ने भन्दै सो सुधार नरोकेपछि युरोपेली संघले विगतमा पोल्यान्डका लागि अर्बौं डलरको कोष फ्रिज गरेको थियो ।

'पिआइएसले तेस्रो कार्यकाल पायो भने उसले न्यायिक तथा चुनावी संस्थानमा थप व्यापक परिवर्तनको लागि दबाब दिने र देशको मिडियामा बाँकी रहेको स्वतन्त्रता पनि गुम्ने डर छ,' कुचार्चिकले भने । उता फिकोले पनि चुनावअघि उनको अघिल्लो शासनमा फस्टाएका भ्रष्ट सञ्जाललाई निसाना बनाउने प्रहरी तथा अन्य लोकतान्त्रिक संस्थानमा सुधार गर्ने योजना अघि सारेका थिए । निकलगायत केही विश्लेषक भने फिकोले स्लोभाकिया र युरोपेली लोकतन्त्रलाई निम्त्याउन सक्ने खतराबारे बढाइचढाइ गरिएको मान्छन् । तर, स्मेरको जितले 'युरोपेली संघभित्र भिक्टर ओरबानको नेतृत्वमा हंगेरीजस्तै अर्को एक्लिएको शासनसत्ता बन्ने डर बढेको' भने निकले पनि स्विकारे ।

उग्र दक्षिणपन्थको उछालमा ओर्बानको उत्साह


पोल्यान्ड तथा स्लोभाकियाको विकासक्रमलाई हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले चासोका साथ हेरिरहेका छन् । वर्षौंदेखि इयूलाई अनुदारवादी समूह बनाउने सपना राख्दै आएका ओर्बान इयूभर राष्ट्रवादी तथा उग्र दक्षिणपन्थीप्रति बढ्दो समर्थनबाट उत्साहित देखिन्छन् । 'अर्को वर्ष हामीसँग युरोपेली संसद्मा दक्षिणपन्थी दलको बहुमत आउने अवसर आएको छ । सबै ठूला देशमा दक्षिणपन्थी अगाडि आउँदै छन्,' ओर्बानका राजनीतिक सल्लाहकार बालाज ओर्बानले हालै मिडियासँगको संवादमा बताएका थिए । बुडापेस्टको सरकारले छिमेकी देशमा दक्षिणपन्थी झुकावलाई प्रोत्साहित गर्न पहिलेदेखि विभिन्न रणनीति प्रयोग गर्दै आएको छ । ओर्बानले आप्रवासनप्रतिको दृष्टिकोणले सबैभन्दा धेरै मतदातालाई आफूहरूप्रति तान्ने मुद्दा मानेका छन् ।

चुनावअघि हंगेरीले स्लोभाकियाका पपुलिस्ट दलप्रति जनसमर्थन बढाउन तिनका देशका आप्रवासीलाई सीमापार गर्न प्रोत्साहित गरेको चर्चा बाहिरिएको थियो । ओर्बानको बहुराष्ट्रिय उनुदारवादी शक्तिको सपना अहिलेजति नजिक कहिले नदेखिएको भए पनि विज्ञहरूले यो परिवर्तन यथार्थमा बदलिने सम्भावना देख्दैनन् । फिको नेतृत्वमा सरकार गठन भएमा युक्रेनलाई निःसर्त समर्थन दिने इयूको रणनीतिलाई कठिन बनाउन सक्छ । तथापि रुसका राष्ट्रपति भ्लादिमिर पुटिनप्रति हंगेरीका नेताको बफादारीले पोल्यान्ड-स्लोभाकियाबीचको सहयोगमा अवरोध सिर्जना गर्नेछ । यसैले गर्दा फिकोले सरकारको नेतृत्व गरे भने उनी ब्रसेल्सविरोधी ओर्बन क्याम्पमा सामेल हुन चाहँदैनन् । फिको युरोपेली संघको कोष जोखिममा पर्ने कदम उठाउन चाहँदैनन् । उता पोल्यान्डका काजिन्स्की र उनको सरकार कानुनको शासनका मुद्दामा इयूको संलग्नताको विषयमा ओर्बानसँग नजिक भए पनि रुसको विषयमा ओर्बानबाट बिल्कुल विपरीत अडानमा छन् । यसैले गर्दा बुडापेस्ट र वार्साबीचको सम्बन्ध पछिल्लो १८ महिनामा नाटकीय रूपमा चिसिएको छ ।

अल जजिराका लागि टिम गोसलिङको आलेख

इतिहासमा आज

अक्टोबर ४



सन् १९५७ : सोभियत संघले उसको पहिलो मानव निर्मित भूउपग्रह स्पुतनिक-१ लाई सफलतापूर्वक प्रक्षेपण गऱ्यो । अमेरिका र सोभियत संघबीच 'अन्तरिक्ष दौड' सुरु गराउने सो ८३.६ किलो तौलको भू-उपग्रहले पृथ्वीलाई प्रत्येक ९६ मिनेटमा चक्कर लगाउँथ्यो ।

सन् १६७५ : डच गणितज्ञ क्रिस्चियन हुइगेन्सले पकेट घडी आफूले बनाएको भन्ने प्रमाणपत्र (प्याटेन्ट) हासिल गरे ।

सन् १८३० : नेदरल्यान्ड बेल्जियमबाट अलग भयो ।

सन् १८८३ : युरोपलाई एसियासँग जोड्ने चर्चित 'ओरियन्ट एक्सप्रेस' रेलसेवाको पहिलो औपचारिक यात्रा सुरु भयो । सो यात्रा पेरिसदेखि इस्तानबुलबीच भएको थियो ।

सन् १९०५ : हवाईजहाजका निर्माता राइट दाजुभाइका एक सदस्य ओर्विल राइटले विभिन्न परीक्षणका गर्ने क्रममा यही दिन जहाजलाई ३३ मिनेट १७ सेकेन्ड उडाएर आधा घन्टाभन्दा लामो समय जहाज उडाउने पहिलो रेकर्ड बनाए ।

सन् १९६५ : पोप पल छैटौं अमेरिका भ्रमणका लागि न्युयोर्क ओर्लिए । सो भ्रमण कुनै पोपको पहिलो अमेरिका तथा पश्चिमी गोलार्द्धको भ्रमण थियो । उनले न्युयोर्कमा रहँदा अमेरिकी राष्ट्रपति लिन्डन बी. जोनसनलाई भेट्नुका अतिरिक्त संयुक्त राष्ट्रसंघमा पनि सम्बोधन गरेका थिए ।

सन् १९६८ : कम्बोडियाले छिमेकी देश भियतनाममा चलिरहेको गृहयुद्धको एक पक्ष कम्युनिस्ट फौज (भियत कङ)ले तिनको देशमा शरण लिएको स्विकारे ।

सन् १९७६ : आजकै दिन अमेरिकाको सर्वोच्च अदालतले सन् १९६७ देखि देशमा लागू मृत्युदण्डको प्रतिबन्ध हटायो । यो प्रतिबन्ध खुलेको पहिलो मृत्युदण्ड अर्को वर्ष दिइएको थियो ।

सन् १९९२ : मोजाम्बिकको १६ वर्षीय गृहयुद्ध रोम शान्ति सम्झौतामार्फत अन्त्य भयो ।

सन् १९९३ : राष्ट्रपति बोरिस यल्तसिनले गैरसंवैधानिक रूपमा देशको संसद् भंग गरेपछि सुरु भएको रुसी संवैधानिक संकटको विरोधमा प्रदर्शनकारीले सरकारी भवन कब्जा गर्ने अभियान चलाएका थिए । आजबाट सेनाले प्रदर्शनकारीलाई हटाउन बल प्रयोग गर्न सुरु गऱ्यो ।

सिद्धार्थ बैंक लिमिटेड, तपसिल शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०६/१७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

शाखा कार्यालय : परासी, नवलपरासी

ऋणीको विवरण

नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७५ साल मंसिर महिना २४ गते मा प्रा.फ.द.नं. ४६८/३५११/०७५ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०५/०८/२६ मा स्थायी लेखा नम्बर (PAN) ३०३७८८४४१ अन्तर्गत दर्ता कायम भएको **हरि ओम निर्माण सेवा** ।
प्रोप्राइटर : शम्भु प्रसाद उपाध्याय

व्यक्तिगत जमानतकर्ताको विवरण

१. वासुदेव उपाध्यायको नाति, विरेन्द्र प्रसाद उपाध्यायको छोरा, नवलपरासी जिल्ला, साविक रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ७ बस्ने **शम्भु प्रसाद उपाध्याय** (ना.प्र.नं. १०१/५३४, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) ।	२. विरेन्द्र प्रसाद उपाध्यायको बुहारी, शम्भु प्रसाद उपाध्यायको पत्नी, नवलपरासी (ब.सु.प.) जिल्ला, साविक रामग्राम गा.वि.स./ न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ७ बस्ने **विन्धबासेनी उपाध्याय** (ना.प्र.नं. ३६१०६९/१२५, जारी मिति २०६५/१२/१३, जि.प्र.का. नवलपरासी) ।

धितोको विवरण

१. वासुदेव उपाध्यायको नाति, विरेन्द्र प्रसाद उपाध्यायको छोरा, नवलपरासी जिल्ला, साविक रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ७ बस्ने शम्भु प्रसाद उपाध्याय (ना.प्र.नं. १०१/५३४, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक नवलपरासी जिल्ला, उनवच गा.वि.स./न.पा. वडा नं. ५ क हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ७ स्थित कि.नं. १५६ को क्षेत्रफल ०-१-२-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. वासुदेव उपाध्यायको नाति, विरेन्द्र प्रसाद उपाध्यायको छोरा, नवलपरासी जिल्ला, साविक रामग्राम गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ७ बस्ने शम्भु प्रसाद उपाध्याय (ना.प्र.नं. १०१/५३४, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक नवलपरासी जिल्ला, उनवच गा.वि.स./न.पा. वडा नं. ८ ख हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ८ स्थित कि.नं. ७०१ को क्षेत्रफल ०-७-१४-० (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. नवलपरासी जिल्ला, पाल्हिनन्दन गा.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०७५ साल मंसिर महिना २४ गते मा प्रा.फ.द.नं. ४६८/३५११/०७५ तथा आन्तरिक राजश्व कार्यालय, भैरहवामा मिति २०५/०८/२६ मा स्थायी लेखा नम्बर (PAN) ३०३७८८४४१ अन्तर्गत दर्ता कायम भएको हरि ओम निर्माण सेवाको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Bills and Receivable) उपर हाइपोथिकेशन सुरक्षण ।

शाखा कार्यालय : पथरी, मोरङ्ग

ऋणीको विवरण

निल बहादुर श्रेष्ठको नाती, डिल्ली बहादुर श्रेष्ठको छोरा, मोरङ्ग जिल्ला, साविक पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पथरी शनिश्चरे न.पा. वडा नं. २ बस्ने **देवी बहादुर श्रेष्ठ** (ना.प्र.नं. ४४३४, जारी मिति २०५७/०७/३०, ई.प्र.का. उर्लावारी, मोरङ्ग) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. डिल्ली बहादुर शाक्यको बुहारी, देवी बहादुर श्रेष्ठको पत्नी, मोरङ्ग जिल्ला, साविक उर्लावारी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. २ बस्ने **अरिना शाक्य** (ना.प्र.नं. १३२१६, जारी मिति २०५५/०७/१९, ई.प्र.का. मोरङ्ग) ।	२. लक्ष्मण श्रेष्ठको नाती, नील बहादुर श्रेष्ठको छोरा, भोजपुर जिल्ला, साविक तुंगेछा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. २ बस्ने **डिल्ली बहादुर श्रेष्ठ** (ना.प्र.नं. १६३३ जारी मिति २०३७/०६/०८, जि.प्र.का. भोजपुर) ।
३. निल बहादुर श्रेष्ठको बुहारी, डिल्ली बहादुर श्रेष्ठको पत्नी, भोजपुर जिल्ला, साविक तुडेछा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. २ बस्ने **मन माया श्रेष्ठ** (ना.प्र.नं. ९१२/१४०-७, जारी मिति २०४१/१०/२२, जि.का. भोजपुर) ।	

धितोको विवरण

निल बहादुर श्रेष्ठको नाती, डिल्ली बहादुर श्रेष्ठको छोरा, मोरङ्ग जिल्ला, साविक पथरी गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल पथरी शनिश्चरे न.पा. वडा नं. २ बस्ने देवी बहादुर श्रेष्ठ (ना.प्र.नं. ४४३४, जारी मिति २०५७/०७/३०, ई.प्र.का. उर्लावारी, मोरङ्ग) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला, साविक मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ६/ध हाल मोरङ्ग जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. २ स्थित कि.नं. ५०२८ को क्षेत्रफल ०-०-१५-२ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय :
परासी, नवलपरासी, फोन नं. ०७८-५२०५४७
पथरी, मोरङ्ग, फोन नं. ०२१-५५५०४०
Website : www.siddharthabank.com

दिगो विकासमा चीनको छलाङ

चीनको आर्थिक उन्नतिले देशका करिब ८० करोड मानिसलाई चरम गरिबीबाट बाहिर ल्याउन मद्दत गरेको छ



चिनियाँ कम्युनिस्ट पार्टीको दूरदर्शी नेतृत्वमा बेइजिङले गरिबी निवारण गर्न, उच्च गुणस्तरीय विकासलाई अगाडि बढाउन र जनताको भलाई सुधार गर्न जनकेन्द्रित दृष्टिकोण अपनाएको छ, जुन संयुक्त राष्ट्रसंघ दिगो विकास लक्ष्यसँग मेल खान्छ ।विगत केही दशकमा चीनको आर्थिक उन्नति र रूपान्तरणले देशका करिब ८० करोड मानिसलाई चरम गरिबीबाट बाहिर आउन मद्दत गरेको छ । यसले अन्य विकासशील देशका लागि उनीहरूको आर्थिक विकासको लक्ष्यलाई सामाजिक विकाससँग कसरी मिलाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा चीन सरकारको लगानीले चिनियाँ जनताको जीवनस्तरमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको छ र विशेषगरी एसडिजी ९ (उत्थानशील पूर्वाधार निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीनतालाई बढवा दिने), एसडिजी ४ (समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित र सबैका लागि जीवनभर सिकाइ अवसर प्रवर्द्धन) र एसडिजी ३ (स्वस्थ जीवन सुनिश्चित र सबै उमेरका सबैको कल्याण प्रवर्द्धन) हासिल गर्नेतर्फको प्रगति प्रतिबिम्बित गरेको छ ।

साझा विकास र साझा समृद्धिलाई साकार पार्ने चीनको प्रयास सबै समाज विशेषगरी एसडिजी १७ (कार्यान्वयनका माध्यमलाई सुदृढ गर्ने र दिगो विकासका लागि विश्वव्यापी साझेदारीलाई पुनरुत्थान गर्ने)का लागि अन्तर्राष्ट्रिय साझेदारीलाई प्रवर्द्धन गर्ने २०३० एजेन्डाको आधारभूत सिद्धान्तसँग जोडिएको छ ।चीनको नेतृत्वको साझा लक्ष्य (विश्वव्यापी समुदायले अँगालेको आकांक्षा) मानिसलाई पहिलो स्थानमा राख्नु र विश्वव्यापी रूपमा जीवनको सुरक्षा गर्नु हो, जसले आफ्नो सार्वजनिक स्वास्थ्य सेवा प्रणालीलाई बलियो बनाउने र चिकित्सा सेवा सुधार गर्न खोज्ने देशका लागि एक शक्तिशाली उत्प्रेरकका रूपमा काम गर्दछ र जनताको कल्याण सुनिश्चित गर्छ ।

चीनसँगको सहकार्य र सहयोग विकासोन्मुख देशका लागि आफ्नो व्यापार प्रवर्द्धन गर्न र विश्वव्यापी रूपमा साझा विकास र समृद्धिलाई अगाडि बढाउन ज्ञान वृद्धि गर्ने गहिरो माध्यम हो ।मानव अधिकारको सुधारका लागि चीनमा यसको अर्थ प्रत्येक व्यक्तिको अधिकारको संरक्षण र उन्नति मात्र होइन, बरु उनीहरूले स्वस्थ र आर्थिक रूपमा फलदायी जीवन बिताउने सुनिश्चित गर्नु हो । यसको अर्थ सबैका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने, युवाका लागि रोजगारी सिर्जना गर्ने, वृद्धवृद्धाको हेरचाह गर्ने र जलवायुसम्बन्धी ठोस कदम चालेर स्वस्थ जीवनको वातावरण सिर्जना गर्ने हो । करिब ८० करोड मानिसलाई चरम गरिबीबाट बाहिर निकाल्ने, विश्वव्यापी सहकार्य बढाउने र शिक्षाको गुणस्तर सुधार गर्ने चीनको कदमले साझा समृद्धिको खोजीमा परिवर्तनकारी शक्तिलाई जोड दिन्छ ।

शिक्षा र स्वास्थ्य सेवाको क्षेत्रमा चीनको द्रुत प्रगतिले यसको साझा विकास दृष्टिकोणको उदाहरण दिन्छ, जसले जनताको हितमा सुधार गर्न र गुणात्मक, दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न मद्दत गरेको छ ।साझा समृद्धि प्रवर्द्धन गर्ने प्रयासमा देशको प्रगतिप्रतिको प्रतिबद्धता प्रस्ट देखिन्छ । दृढ संकल्प र समर्पणका साथ चीनले दिगो, उच्च गुणस्तर, नवप्रवर्तन-सञ्चालित विकास र सबै क्षेत्रमा दिगो प्रगतिको खोजी गर्दै विकासको स्वर्णिम युगबाट गुज्रिरहेको छ । चीन यस मार्गमा अगाडि बढ्दै जाँदा, यसले साझा मानव प्रगतिको जग बलियो बनाउँछ । यो सबैका लागि राम्रो संसार निर्माण गर्न सहयोग गर्ने आफ्नो प्रतिबद्धताको प्रमाण हो ।

- चाइना डेलीका लागि पाकिस्तान रिसर्च सेन्टर फर ए कम्युनिटी विथ सेयर्ड फ्युचरका कार्यकारी निर्देशक खलिद तैमुर अक्रामको आलेख ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १)

ऋणीको विवरण

१) प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंजमा सा.फ.द.नं. १६/२४२/०७०/०७१, अन्तर्गत मिति २०७०/०८/२१ मा साझेदारी ऐन, २०२० तथा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ स्थित **असल इट्टा उद्योग**
साझेदार तथा जमानीकर्ता : १) वसन्ती शाह, २) विष्णु शाह

धितोको विवरण

१) प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके, नेपालगंजमा सा.फ.द.नं. १६/२४२/०७०/०७१, अन्तर्गत मिति २०७०/०८/२१ मा साझेदारी ऐन, २०२० तथा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८ स्थित असल इट्टा उद्योगको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. १९, ६०, १३८ र १४९ को क्षेत्रफल क्रमशः ३६९०.००, ४१००.००, ६७७.२६ र ११८५.२० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) विर बहादुर शाहको नाती, टिकाध्वज शाहको छोरा, रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने प्रेम बहादुर शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. १क (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७५, ४७५ र ३७६ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१७-०-० र ०-१०-०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) ललित जंग शाहकी छोरी, प्रेम बहादुर शाहकी बुहारी, विष्णु शाहकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने वसन्ती शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. २ख (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०९०, १२८४ र १३३६ को क्षेत्रफल क्रमशः ०-२-७.५-०, ०-७-१५-० र ०-४-९-० (विघा) को घर/जग्गा तथा बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११०, १४८, १४३, १४४ र १७ को क्षेत्रफल क्रमशः ६७७.२६, ५०७.९४, ३३८.६३, १७१०८.२२ र २२७०.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
४) असल इट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना: बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह	**२) प्रेम बहादुर शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना: बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह	**३) वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंग शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह	**४) बेल कुमारी शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : दिप बहादुर चन्द ससुरा : टिकाध्वज शाह पति : प्रेम बहादुर शाह

ऋणीको विवरण

२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. ३२७५८/०७७/०७८, स्थानीय व्यापार, अन्तर्गत मिति २०७७/०६/१३ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. ८, टिटिहिरिया स्थित **विधान सप्लायर्स**

प्रोप्राईटर तथा जमानीकर्ता : वसन्ती शाह

धितोको विवरण

१) विर बहादुर शाहको नाती, टिकाध्वज शाहको छोरा, रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने प्रेम बहादुर शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. १क (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७५, ४७५ र ३७६ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१७-०-० र ०-१०-०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) ललित जंग शाहकी छोरी, प्रेम बहादुर शाहकी बुहारी, विष्णु शाहकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने वसन्ती शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. २ख (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०९०, १२८४ र १३३६ को क्षेत्रफल क्रमशः ०-२-७.५-०, ०-७-१५-० र ०-४-९-० (विघा) को घर/जग्गा तथा बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११०, १४८, १४३, १४४ र १७ को क्षेत्रफल क्रमशः ६७७.२६, ५०७.९४, ३३८.६३, १७१०८.२२ र २२७०.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) विधान सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना: बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह	**२) प्रेम बहादुर शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना: बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह	**३) वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंग शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह	**४) बेल कुमारी शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : दिप बहादुर चन्द ससुरा : टिकाध्वज शाह पति : प्रेम बहादुर शाह

ऋणीको विवरण

३) वसन्ती शाह
स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८
हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३
बाबु : ललित जंग शाह
ससुरा : प्रेम बहादुर शाह
पति : विष्णु शाह

धितोको विवरण

१) विर बहादुर शाहको नाती, टिकाध्वज शाहको छोरा, रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने प्रेम बहादुर शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. १क (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३७५, ४७५ र ३७६ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१७-०-० र ०-१०-०-० (विघा) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) ललित जंग शाहकी छोरी, प्रेम बहादुर शाहकी बुहारी, विष्णु शाहकी पत्नी, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बस्ने वसन्ती शाहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको, बाँके जिल्ला, रझेना गा.वि.स. वडा नं. २ख (हाल कोहलपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०९०, १२८४ र १३३६ को क्षेत्रफल क्रमशः ०-२-७.५-०, ०-७-१५-० र ०-४-९-० (विघा) को घर/जग्गा तथा बाँके जिल्ला, टिटिहिरीया गा.वि.स. वडा नं. ३ (हाल बैजनाथ गा.पा. वडा नं. ८) स्थित कित्ता नं. ११०, १४८, १४३, १४४ र १७ को क्षेत्रफल क्रमशः ६७७.२६, ५०७.९४, ३३८.६३, १७१०८.२२ र २२७०.०० (व.मि.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना: बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह	२) विज्ञप्ती शाह ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : प्रेम बहादुर शाह बाबु : विष्णु शाह	३) प्रेम बहादुर शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह	४) वसन्ती शाह स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंग शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह
५) बेल कुमारी शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : दिप बहादुर चन्द ससुरा : टिकाध्वज शाह पति : प्रेम बहादुर शाह			

ऋणीको विवरण	ऋणीको विवरण
४) विष्णु शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह	**५) विज्ञप्ती शाह** ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : प्रेम बहादुर शाह बाबु : विष्णु शाह
जमानीकर्ताहरुको विवरण	**जमानीकर्ताहरुको विवरण**
१) विज्ञप्ती शाह ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : प्रेम बहादुर शाह बाबु : विष्णु शाह	**१) विष्णु शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ४ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : टिकाध्वज शाह बाबु : प्रेम बहादुर शाह
२) प्रेम बहादुर शाह स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह	**२) प्रेम बहादुर शाह** स्थायी ठेगाना : रुकुम जिल्ला, खोलागाउँ गा.वि.स. वडा नं. ६ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाजे : विर बहादुर शाह बाबु : टिकाध्वज शाह
३) वसन्ती शाह स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंग शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह	**३) वसन्ती शाह** स्थायी ठेगाना : बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ बाबु : ललित जंग शाह ससुरा : प्रेम बहादुर शाह पति : विष्णु शाह

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

बिग्रँदो अर्थतन्त्रबारे सांसदहरूको चासो

पवन तिमिल्सिना/नयाँ पत्रिका



देशको बिग्रँदो अर्थतन्त्रबारे सांसदहरूले चासो देखाउन थालेका छन् । मंगलबार संसद्‌को अर्थ समितिमा बोल्दै सांसदहरूले सरकारलाई सुझावसमेत दिएका छन् । मंगलबारको बैठकमा अर्थमन्त्री प्रकाशशरण महत अनुपस्थित थिए । उनको अनुपस्थितिलाई लिएर बैठकको सुरुमै सांसदहरूले असन्तुष्टि जनाएका थिए । पूर्वअर्थमन्त्रीसमेत रहेका एमाले सांसद तथा समिति सदस्य विष्णु पौडेल अर्थतन्त्र सुधारका बारेमा छलफल गर्न राखिएको बैठकमा अर्थमन्त्री नै अनुपस्थित हुनु चिन्ताको विषय भएको बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्र शाही र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विराजभक्त श्रेष्ठले अर्थमन्त्री बैठकमा अनुपस्थित भएको विषयलाई लिएर टिप्पणी गरेका थिए । त्यस्तै, सांसद ज्ञानेन्द्र शाही र विराजभक्त श्रेष्ठले पनि अर्थमन्त्रीको अनुपस्थितिमा बैठक बस्नुको अर्थ नभएको टिप्पणी गरे ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद स्वर्णिम वाग्लेले साउन मसान्तभित्र तयार हुन भनी घोषणा भएका कार्यविधिहरू हालसम्म नल्याएको भन्दै अर्थ मन्त्रालयसँग गुनासो राखे । उनले भने, 'जेठ १५ मा बजेट ल्याउँदै गर्दा हामीले संसद्‌को रोस्टममा पनि भनेका थियौँ, हामी सरकारलाई शंकाको लाभ दिन चाहन्छौँ । अर्थमन्त्रीले प्रतिबद्धता जनाउनुभएको साउन मसान्तभित्र कार्यविधिहरूको समयसीमा र क्यालेन्डर बन्ला भन्ने थियो । पछिल्लो समय अपडेट नपाइरहेको अवस्था छ ।'

■ मन्त्रालयको तथ्यांक र अर्थतन्त्रको अवस्थाबीच सामञ्जस्य नमिलेको दाबी

समितिका सांसदहरूले मन्त्रालयले प्रस्तुत गरेको तथ्यांक र अर्थतन्त्रको अवस्थाबीच सामञ्जस्य नमिलेको टिप्पणी गरेका छन् । पूर्वअर्थमन्त्री पौडेलका अनुसार अर्थ मन्त्रालयले देश मन्दीतर्फ गएको स्वीकार गर्नै नसकेको बताए । उनले भने, 'हाम्रो देश मन्दीको अवस्थामा पुगेको छ । तर, अर्थ मन्त्रालयले यसलाई स्वीकार गर्न चाहेन अथवा स्विकारेन । मन्दीमा पुग्यो भन्ने नस्विकार्दासम्म समाधान कसरी गर्न सक्छ ? मन्दी के हो ? भन्ने त जानकार नै हुनुहुन्छ । मन्दीतर्फ गएको भन्ने विषयमा अर्थ मन्त्रालयले मौनता साँध्यो ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद वाग्लेले परम्परागत शैलीमा अर्थ मन्त्रालय, राष्ट्र बैंक र राष्ट्रिय तथ्यांक कार्यालय बृहत् अर्थतन्त्र (म्याक्रो इकोनोमी)का सूचकमा केन्द्रित हुँदा अर्थतन्त्रको वास्तविक चित्र पहिल्याउन चुकेको बताए । 'म्याक्रो इकोनोमीको सूचकले औसतमा तस्बिर चित्रण गर्ने भएकाले धेरै विषय लुकिरहेका हुन्छन्,' उनले भने । अर्थ मन्त्रालयले जलविद्युत् उत्पादन र निर्यात वृद्धि आशावादको आधार बनाए पनि ग्यास, विद्युत्‌लगायत सम्पूर्ण ऊर्जा उत्पादनको कुल गार्हस्थ्य उत्पादनमा योगदान १ प्रतिशत मात्रै रहेको उनको भनाइ छ ।

■ वर्तमान नीतिबाट समस्या पर्ने राजस्वसचिवको दाबी

सरकारको वर्तमान राजस्व नीतिबाट राजस्व प्रणाली नै समस्यामा पर्ने राजस्वसचिव रामप्रसाद घिमिरेले बताए । उनले हाल गरिएका नीतिगत सुधारले नतिजा निकाल्न समय लाग्नेसमेत उल्लेख गरे । उनले पेट्रोलियम पदार्थमा आधारित गाडी र दूरसञ्चार शुल्कमा आधारित राजस्व घट्दै जाने हुँदा विकल्प सोच्नुपर्ने बताए । यसका लागि नयाँ योजना ल्याउनुपर्ने उनको भनाइ छ ।

■ विदेशी मदिरा र गाडी छुटाउन ध्यानाकर्षण

अर्थतन्त्रको समग्र समस्याको विषयमा सवालजवाफ चलिरहँदा अर्थ समितिका सभापति चालिसे र अर्थसचिव कृष्णहरि पुष्कर कर्ण भने व्यापारीका विदेशी मदिरा र गाडी भन्सार नाकाबाट छुटाउनमा बढी केन्द्रित थियो । सभापति चालिसेले लामो समयदेखि भन्सार यार्ड तथा बिन्दुमा विदेशी मदिरा र गाडीहरू रोकिएर राखेको विषयमा गुनासो आइरहेकाले जवाफ दिन आग्रह गरे । अर्थसचिव कर्णले गाडी र विदेशी मदिरा छुटाउन नसकेको विषय स्विकार्दै यसलाई खुलाउने प्रक्रिया अघि बढिसकेको जानकारी गराए । उनले अर्थतन्त्रको समस्याको विषयमा उठेको सवालमा भने टालटुले जवाफ दिएका छन् ।

सरकारी नीतिमा अनावश्यक दबाब नदिन आइएमएफलाई उद्योगीको आग्रह

नयाँ पत्रिका

सरकारी नीति तथा निर्देशनमा अनावश्यक दबाब नदिन अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) लाई उद्योगीहरूले आग्रह गरेका छन् । नेपाल उद्योग परिसंघ र अन्तर्राष्ट्रिय मुद्राकोषबीच मुलुकको अर्थतन्त्रका विषयमा भएको छलफलमा उद्योगीले उक्त आग्रह गरेका हुन् । परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले नीति, निर्देशनमा अनावश्यक दबाब नदिन अन्तर्राष्ट्रिय मुद्राकोषलाई आग्रह गरेका हुन् । उनले नेपालको अर्थतन्त्रको आफ्नै विशेषता रहेकाले अन्य मुलुक वा सिद्धान्तका उपाय नेपालको अर्थतन्त्रमा हुबहु लागू नहुने र अनावश्यक दबाबसमेत दिन नहुनेमा कोषको ध्यानाकर्षण गराए । उनले पेट्रोलियम पदार्थ र वस्तुहरू आयात हुँदाको असर मूल्यवृद्धिमा पर्ने हुँदा मूल्यवृद्धि नियन्त्रण गर्न ब्याज बढाउनु मात्रै उपयुक्त कदम हुन नसक्ने बताए । अर्थतन्त्रमा वस्तुको माग सामान्य अवस्थामा हुँदा ब्याजले खासै असर नगर्ने, तर उद्योग क्षमताको ३० प्रतिशतमा सञ्चालन हुँदा धेरै असर गर्ने उनको भनाइ थियो ।

अर्थतन्त्र सुधारका लागि हुनुपर्ने अन्तर्राष्ट्रिय मुद्राकोषको भूमिका, उद्योगी-व्यवसायीले भोगेको समस्या र अर्थतन्त्र सुधारका लागि चालिनुपर्ने कदमलगायतका विषयमा परिसंघ सचिवालयमा छलफल भएको हो । उनले मुद्रास्फीति नियन्त्रण गर्न समग्र माग घटाउन ब्याज बढाउने नीति अवलम्बन गर्दाको असर अर्थतन्त्रमा परेको बताए । कोभिड-१९ पछि उचित सुपरिवेक्षणको अभावमा केही मात्रामा कर्जाको दुरुपयोग भएको देखिएको भए पनि कोभिडपछि नियामकीय निकायले बिस्तारै लिनुपर्ने नीतिहरू छिटो समयमै परिवर्तन गर्दा समस्या उत्पन्न भएको उनको भनाइ थियो ।

अध्यक्ष अग्रवालले नेपाल राष्ट्र बैंकको नीति, निर्देशन बैंकहरूलाई संरक्षण गर्ने खालको मात्रै भएको बताए । राष्ट्र बैंक र कोषबीचको सम्झौतामा तरलता समस्या समाधानका लागि कर्जाको पुनर्संरचना गर्न दिने भनिएको, तर राष्ट्र बैंकको पछिल्लो नीति यसको विपरीत रहेको उनको भनाइमा मुद्राकोषमा प्रतिनिधिहरूले समेत सहमति जनाए । आइएमएफका इसिएफ मिसन प्रमुख टिडियन किन्डा, नेपाल प्रतिनिधि टेरेसा डबान साँचेजलगायतका टोलीले चालू पुँजी कर्जा मार्गदर्शन लागू गरेपछि उद्योगी-व्यवसायीलाई परेको असर, सुधारका लागि परिसंघको धारणालगायतका विषयमा छलफल गरेका थिए । छलफलमा परिसंघ बैंक तथा वित्तीय समितिका सभापति अनलराज भट्टराई, परिसंघका महानिर्देशक दीपकराज जोशीलगायत सहभागी थिए ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय भैरहवा रुपन्देहीका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०६/१७ गते बुधबार, नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) को तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता(सावाँ ब्याज)भुक्तानी सम्बन्धि शर्त कबुलीयत उल्लंघन गर्नुभएको तथा पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०७९/०८/०१ गते बिहीबारको सौय दैनिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले कर्जा असुलीका लागि मिति २०८०/०१/१३ गते बुधबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि मिति २०८०/०४/०९ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम पनि कर्जा चुक्ता नभएको हुदाँ कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन अर्थात मिति २०८०/०६/२३ गते मंगलबार भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८औं दिन अर्थात मिति २०८०/०६/२४ गते बुधबार(सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरहवा रुपन्देहीमा दिनको ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :

ऋणी: नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगरमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिती २०७३/०७/२४ मा प्रा.फ.नं.घ.उ.बि. १४४७२/०७३/०७४ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय भैरहवा रुपन्देहबाट मिति २०७३/०७/२५ (मु.अ.क. दर्ता मिति २०७३/०७/२९) मा करदाताको नाम करम हुसेन खान कारोवारको नाम रोज ट्रान्सपोर्ट भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५२६३१७० को प्रमाणपत्र प्राप्त **रोज ट्रान्सपोर्ट फर्म । रजिष्टर्ड ठेगाना :** रुपन्देहि जिल्ला पोखरभिण्डी गा.वि.स.वडा नं. ५ (हाल रोहिणी गा.पा. वडा नं. २) खुरुद्दरिया ।

प्रोप्राइटर तथा जमानकर्ता : करम हुसेन खान	**जमानतकर्ता : सद्दाम हुसैन खाँ**
(ना.प्र.नं.३७ १०१०/३१६०९ जारी मिति २०६८/०७/२८ जारी गर्ने कार्यालय जि.प्र.का रुपन्देही) । ठेगाना रुपन्देहि जिल्ला, पोखरभिण्डी गा.वि.स. वडा नं. ०५ (हाल रोहिणी गा. पा. वडा नं. ०२) । बाबु : अकबाल मुसलमान । बाजे : अलीरजा मुसलमान ।	(ना.प्र.नं.३७ १०१०/२७१४४ जारी मिति २०६६/१०/१५ जारी गर्ने कार्यालय जि.प्र.का रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला, पोखरभिण्डी गा.वि.स.वडा नं.०५ (हाल रोहिणी गा. पा. वडा नं. ०२) । बाबु : अकबाल मुसलमान । बाजे : अलीरजा मुसलमान ।

ख.धितोमा रहेको सम्पत्तिको विवरण :
१. करम हुसेन खानको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, पोखरभिण्डी गा.वि.स. वडा न. १ नक्सा सिट नं. १ख, स्थित कित्ता नं. १६६ को क्षेत्रफल ०-७-१-० (बिघा) घरजग्गा लगायत सम्पुर्ण लिगलगापात समेत ।

नोटः धितो वापत यस बैंकको नाममा रहेका निम्नानुसारको सवारी साधन यस बैंकलाई बुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

- धनी यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक) ऋणी रोज ट्रान्सपोर्ट भई यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) को नाममा नारायणी अंचल यातायात व्यवस्था कार्यालय, वीरगंज, पर्सामा दर्ता रहेको दर्ता नं. **लु २ ख ४०८४,** ईन्जिन नं. 91B63766454, च्यासिस नं. MAT448137K3R04467 को TATA HCV TIPPER LPK2518HD/38/BS3 ।

पुनश्चः
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवाबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार १७ असोज ०८०

भाडादरमा सहमति नहुँदा दसैँको अग्रिम टिकट बुकिङमा ढिलाइ

भाडा नबढाउने पक्षमा सरकार, तर नबढाएसम्म बुकिङ नखुलाउने व्यवसायीको अडान

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकार र व्यवसायीबीच भाडादर समायोजनको विषयमा सहमति जुट्न नसक्दा दसैँका लागि हुने सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुल्न सकेको छैन। घटस्थापना आउन १२ दिन मात्रै बाँकी हुँदा पनि सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला अन्योलमा परेको हो।

आगामी ७ कात्तिकमा हिन्दू नेपालीहरूको पर्व विजयादशमी छ। त्योसहित आगामी तिहार र छठ पर्व मान्न काठमाडौं उपत्यकाबाट ठूलो संख्यामा यात्रुहरू बाहिरिन्छन्। विशेष गरी घटस्थापना (२८ असोज)पछि काठमाडौंबाट बाहिरिने यात्रुको संख्या ह्वात्तै बढ्छ। तर, घटस्थापना नजिकिँदै गर्दा अग्रिम टिकट बुकिङ खुल्न नसकेको हो।

अग्रिम टिकटका लागि ५ असोजमा यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालको संयोजकत्वमा कार्यदल बनेको थियो। त्यो कार्यदलले एक हप्ता अर्थात् १३ असोजभित्र अध्ययन प्रतिवेदन भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाउने र त्यसकै आधारमा अग्रिम टिकट बुकिङ खुला गर्नेलगायत कार्ययोजना थियो। तर, व्यवसायी र सरकारबीच सहमति जुट्न नसक्दा उक्त कार्यदलले पनि प्रतिवेदन तयार गर्न सकेको छैन।

अग्रिम टिकट खुलाउनुअघि यातायात व्यवसायीले दुइटा माग अघि सारेका छन्। घटस्थापनाअघि राष्ट्रिय राजमार्गहरू मर्मत-सम्भार भइसक्नुपर्ने उनीहरूको पहिलो माग छ। स्तरोन्नतिमा गएका नागढुंगा-नौबिसे-मुग्लिन, नारायणगढ-बुटवल, मुग्लिन-पोखरा, कमला-कञ्चनपुर, ढल्केबर-कोशी ब्यारेजलगायतका राष्ट्रिय राजमार्गमा निकै खाल्डाखुल्डी छन्। यसका अलावा अन्य सडकहरूमा पनि पहिरो गएको तथा खाल्डाखुल्डी छन्। यसले गर्दा तीन घन्टाको बाटोमा नौ घन्टासम्म यात्रा गर्नुपर्ने र टिकट बुकिङको समयतालिकाअनुसार समयमै सेवा दिन नसकिने व्यवसायीको भनाइ छ।

तसर्थ, दसैँको यात्रालाई समयमै र सहज बनाउन तत्काल उक्त सडकहरू मर्मत-सम्भार गर्नुपर्ने माग छ। अन्यथा उक्त खण्डहरूलाई कच्ची सडक भनेर वर्गीकरण गरी सोहीअनुसार भाडादर तोक्नुपर्ने उनीहरूको माग छ।

साथै, सार्वजनिक यातायातको भाडादर पनि समायोजन गर्नैपर्ने व्यवसायीको प्रमुख माग छ। दुई वर्षयता सार्वजनिक भाडाको दर समायोजन हुन सकेको छैन। हरेक वर्ष चैत मसान्तभित्र सार्वजनिक यातायातको भाडा समायोजन गर्नुपर्छ। तर, असार ०७८ यता त्योअनुसार भाडा समायोजन भएको छैन। त्यो अवस्था तत्काल भाडा समायोजनको प्रतिबद्धता सरकारबाट आउनुपर्ने राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले बताए। उक्त माग सम्बोधन भएपछि मात्रै अग्रिम टिकट बुकिङ खुलाउने व्यवसायीको अडान छ।

यता सरकार भने महँगीमा यातायातको भाडा बढाएर यात्रुलाई थप मर्का नपार्ने योजनामा छ। त्यसैले यातायात व्यवस्था विभागले भाडादर समायोजन गर्ने विषयमा व्यवसायीलाई कुनै जवाफ दिएको छैन। 'यातायात व्यवसायीहरू आफ्नो माग सम्बोधन नभएसम्म बैठकमै आउन मान्नुभएको छैन। त्यसले गर्दा कार्यदलले आफ्ना काम पूरा गर्न सकेको छैन,' यातायात व्यवस्था विभागका एक अधिकारीले भने, 'यद्यपि, मंगलबार एक अनौपचारिक बैठक भएको थियो। तर, त्यो निष्कर्षमा पुग्न सकेन। समग्रमा हामी यो मन्दीमा भाडादर नबढाउने अडानमा छौं। यो कुरा व्यवसायी साथीहरूले पनि बुझ्नुपर्छ।'

यता, राष्ट्रिय यातायात व्यवसायी महासंघका अध्यक्ष स्वाँरले भने भाडादर समायोजनको प्रतिबद्धता सरकारबाट आउनुपर्ने बताए। 'सरकारले गत चैत मसान्तभित्र नै भाडादर समायोजन गर्नुपर्ने हो। तर, अझै भएको छैन। यही दसैँमा भाडादर समायोजन हुनुपर्छ भन्ने होइन,' उनले भने, 'तर, भाडादर समायोजन गर्ने प्रतिबद्धता सरकारबाट आउनुपर्छ। साथै, सडकहरू पनि समयमै मर्मत-सम्भार हुनुपर्छ। त्यसपछि हामी अग्रिम टिकट बुकिङ खुलाउन तयार छौं।'

सडक मर्मत गर्न नसकेमा सम्बन्धित खण्डलाई कच्ची सडक भनेर वर्गीकरण गर्नुपर्ने उनले बताए। 'कच्ची सडकका कारण हाम्रो खर्च बढेको छ। साथै, समय पनि बढी लाग्ने गरेको छ,' उनले भने, 'तर, भाडा भने पक्की सडकअनुसारको लिनुपरेको छ। यसले हामी मर्कामा परेका छौं। तसर्थ, सरकारले समयमै सडक मर्मत गर्नुपर्छ। होइन भने कच्ची सडकअनुसार भाडादर तोक्नुपर्छ।'

मनाउने प्रयास गरिरहेका छौं



● **उद्धवप्रसाद रिजाल**, महानिर्देशक, यातायात व्यवस्था विभाग

काठमाडौंबाट बाहिरिने यात्रुको संख्या २८ असोजपछि उच्च हुन्छ। त्यसको तीन-चार दिनअघि अग्रिम बुकिङ खुला गर्दा पनि यात्रु व्यवस्थापन गर्न सकिन्छ। हामी यातायात व्यवसायीहरूलाई मनाउने काम गरिरहेका छौं। तर, उहाँहरू कन्भिन्स भइसक्नुभएको छैन। छलफलमै छौं, आशा छ, असोज २५ गतेसम्म अग्रिम टिकट बुकिङ खुला हुन्छ।

भाडावृद्धिको प्रतिबद्धता आउनुपर्छ



● **विजयबहादुर स्वाँर**, अध्यक्ष, राष्ट्रिय यातायात व्यवसायी महासंघ

भाडादर समायोजनको प्रतिबद्धता सरकारबाट आउनुपर्छ। सरकारले गत चैत मसान्तभित्र नै भाडादर समायोजन गर्नुपर्ने हो। तर, अझै भएको छैन। यही दसैँमा भाडादर समायोजन हुनुपर्छ भन्ने होइन, तर प्रतिबद्धता सरकारबाट आउनुपर्छ। साथै, सडकहरू पनि समयमै मर्मत-सम्भार हुनुपर्छ। त्यसपछि हामी अग्रिम टिकट बुकिङ खुलाउन तयार छौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ एक हप्ताभित्र सडक मर्मत गर्न विभागलाई निर्देशन

यसैबीच मन्त्रालयले एक साताभित्र देशभरका राजमार्ग मर्मत-सम्भार गर्न सडक विभागलाई निर्देशन दिएको छ। यस अवधिमा विभागअन्तर्गतका कार्यालयले सडक मर्मत-सम्भार गर्नुपर्ने मन्त्रालयले मंगलबार पठाएको निर्देशनमा उल्लेख छ। विभागका महानिर्देशक सुशीलबाबु ढकालले दसैँमा हुने यात्राको चापलाई दृष्टिगत गर्दै योजनाबद्ध रूपमा काम गरेको बताए। 'सरकारको निर्देशनलाई हामीले सकारात्मक दबाबका रूपमा लिएका छौं। दसैँमा हुने यात्रालाई सहज बनाउन हामीले सडक मर्मत-सम्भारको कामलाई योजनाबद्ध रूपमा काम अघि बढाइसकेका छौं,' उनले भने, 'सहज रूपमा यात्रा गर्न सकिने गरी छिटोभन्दा छिटो सडक तयार हुन्छन्।'

■ मनसुनले सडक मर्मतमा चुनौती

दसैँ नजिकिँदै गर्दा पछिल्लो समय भइरहेको मनसुनले सडक मर्मतमा भने चुनौती थपेको छ। अबको केही दिनमै दसैँ मनाउन काठमाडौंबाट बाहिरिने यात्रुको संख्या उच्चदरमा बढ्नेछ। तर, पछिल्लो समय देशका अधिकांश ठाउँमा भइरहेको मनसुनले सडक मर्मत गर्न चुनौती भएको विभागका महानिर्देशक ढकालले बताए।

■ असोज २५ सम्म अग्रिम बुकिङ खुल्ने आशा

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालले २५ असोजसम्म अग्रिम टिकट बुकिङ खुला हुन सक्ने बताए। काठमाडौंबाट बाहिरिने यात्रुको संख्या २८ असोजपछि उच्च हुन्छ। त्यसको तीन-चार दिनअघि अग्रिम बुकिङ खुला गर्दा पनि यात्रु व्यवस्थापन गर्न सकिने उनको भनाइ छ। 'हामी यातायात व्यवसायीहरूलाई मनाउने (कन्भिन्स) गर्ने काम गरिरहेका छौं। तर, उहाँहरू कन्भिन्स भइसक्नुभएको छैन। हामी छलफलमै छौं,' उनले भने, 'आशा छ, असोज २५ गतेसम्म अग्रिम टिकट बुकिङ खुला हुन्छ।'

चाडपर्व र पर्यटनको सिजनमै निगमको वाइडबडी ग्राउन्डेड

नवीन अर्याल/नयाँ पत्रिका

प्रमुख पर्यटकीय र चाडपर्वको सिजनमै नेपाल वायुसेवा निगम (नेवानि)को अन्तर्राष्ट्रिय उडान गर्ने वाइबडी जहाज ६ दिनदेखि ग्राउन्डेड भएको छ। कार्गोपट्टि ढोकाको भागमा हाइलोडर ठोक्किएर जहाजको बडी क्र्याक भएपछि '९एन-एएलजेड' ११ असोजदेखि काठमाडौंमा ग्राउन्डेड भएको हो।

अहिले नेपालमा पर्यटकीय सिजनसँगै दसैँ-तिहारजस्ता ठूला चाडपर्व सुरु भइसकेका छन्। यो समयमा विदेशबाट धेरै नेपाली स्वदेश फर्किने गर्छन्। यही समयमा काठमाडौंमा गैरआवासीय नेपाली संघ



(एनआरएनए)को अधिवेशन हुँदै छ, जसका लागि विश्वभर रहेका गैरआवासीय नेपाली आउने क्रम सुरु भइसकेको छ। तर, वर्षभरिमै सबैभन्दा व्यस्त रहनुपर्ने सिजनमै निगमको अन्तर्राष्ट्रिय उडान गर्ने ठूलो जहाज नै बिग्रिएर थन्किएको छ। 'जहाज बिग्रिनु सामान्य हो, प्राविधिक समस्या आउन सक्छ,' निगमबाट अवकाशप्राप्त एक कर्मचारीले भने, 'तर, बिग्रिएको जहाज मर्मतमा समय लगाउनु लापरबाही हो।'

विदेशबाट यात्रु ल्याउन व्यस्त हुने सिजनमा जहाजको सामान्य मर्मतमै धेरै समय लगाउँदा निगमले करोडौं आम्दानी गुमाउनुपरेको छ। वाइडबडी जहाजले दोहा, दिल्ली, नारिता, दुबईलगायत गन्तव्यमा २४ घन्टामा चारवटासम्म उडान गर्छ। ती गन्तव्यको उडानतालिका नै बिग्रिएको छ। 'बिहानको उडानतालिका भएका यात्रुलाई बेलुका वा अर्को दिन उडाउँदा कि होटेलमा राख्नुपर्छ, कि अरू वायुसेवामा टिकट काटेर उडाउनुपर्ने हुन्छ, विदेशी वायुसेवाको भाडा अत्यन्तै चर्को छ,' निगमका एक पूर्वकर्मचारीले भने, 'उडानतालिका बिग्रिनेबित्तिकै निगमलाई अतिरिक्त बोझ थपिन गइहाल्छ।'

भारतको बैंग्लोरबाट ११ असोजको राति ८:३२ बजे काठमाडौंमा अवतरण गरेको जहाजबाट सामान निकाल्ने क्रममा हाइलोडर ठोक्किएर जहाजमा क्र्याक आएपछि वाइडबडी ग्राउन्डेड भएको निगमका प्रवक्ता रमेश पौडेलले बताए। हाइलोडर जहाजमा कार्गो लोड-अनलोड गर्ने इक्विपमेन्ट हो। ग्राउन्ड इक्विपमेन्ट स्टाफले सामान भिक्न कार्गो ढोकामा हाइलोडर जोड्दा ठोक्काएका थिए। हाइलोडर ठोक्किएपछि चेक गर्दा भित्री भागमा पनि क्र्याक देखिएपछि जहाज ग्राउन्डेड गरिएको हो।

निगमको इन्जिनियरिङ टिमले क्र्याक भएको जहाजको बडी रिपेयर गर्न 'हाइलक' र 'प्याच' आवश्यक पर्ने देखिएको स्रोतको भनाइ छ। 'क्र्याक मर्मत गर्न जहाज बनाउँदा प्रयोग गरिएकै जस्तै सामग्री चाहिन्छ, त्यो सामान निगमसँग स्टक थिएन,' निगम स्रोतले भन्यो, 'त्यो सामान खोज्दा यसै समय लाग्यो, सामान ल्याएर जहाज मर्मत गरी उड्न अझै कम्तीमा चार-पाँच दिन लाग्छ।'

निगमको विगतदेखि नै 'पेमेन्ट प्रोसेस' राम्रो नहुँदा धेरै कम्पनीले सामान दिन नखोजेको स्रोतको दाबी छ। 'एक-दुई कम्पनी सामान दिन तयार भएका छन्, सामान लिन निगमले पर्चेज अर्डर गर्नुपर्ने हुन्छ,' स्रोतले भन्यो, 'यस विषयमा निगमको कन्टिन्युइङ एयरवर्दिनेस म्यानेजमेन्ट डिपार्टमेन्ट इन्जिनियरिङले निर्णय गर्नुपर्छ, तर अझै निर्णय भइसकेको छैन।' जहाज मर्मतका लागि भारतबाट प्राविधिक पनि ल्याउनुपर्छ।

वाइडबडी ग्राउन्डेड हुनुअघि निगमकै न्यारोबडी ९एन-एकेएक्स जहाज ग्राउन्डेड भएको साढे दुई महिनापछि इजरायलमा भाडाको इन्जिन फेरेर शुक्रबारदेखि नियमित उडानमा फर्किएको छ। निगम व्यवस्थापनको अक्षमता र चरम लापरबाहीका कारण जहाजमा सामान्य प्राविधिक समस्या आउँदा पनि लामो समय ग्राउन्डेड हुँदै आएका छन्।

अहिले निगमको सञ्चित कुल ऋण ४८ अर्ब तीन करोड छ, जसको सरदर १० प्रतिशतभन्दा बढीको दरले ब्याज र किस्ता बुझाउनुपर्छ। यो ऋणभारलाई घटाउन निगमलाई व्यापार वृद्धि गर्नुपर्ने बाध्यता छ। तर, निगम व्यवस्थापनले इन्जिन बिग्रिएपछि भाडाको इन्जिन ल्याएर नियमित उडान सुचारु गर्न पनि साढे दुई महिनासम्म लगाउँदै आएको छ। पछिल्लो २० महिनामै इन्जिनमा खराबी देखिएर निगमको अन्तर्राष्ट्रिय उडान गर्ने न्यारोबडी ९एन-एकेडब्लु दोहामा ग्राउन्डेड हुँदा ७५ दिन, काठमाडौंमा ग्राउन्डेड हुँदा ६२ दिन र अर्को न्यारोबडी ९एन-एकेएक्स ग्राउन्डेड हुँदा ७५ दिनसम्म ग्राउन्डेड भएका थिए।

३.९% आर्थिक वृद्धि हुने विश्व बैंकको प्रक्षेपण

नयाँ पत्रिका

चालू आर्थिक वर्षमा ३.९ प्रतिशतले नेपालको आर्थिक वृद्धि हुने प्रक्षेपण विश्व बैंकले गरेको छ। सरकारले हटाएको आयात प्रतिबन्ध, पर्यटनमा फर्कंदो उत्साह र मौद्रिक नीतिमा क्रमशः बढाइएको खुकुलोपनलगायतका कारण नेपालको अर्थतन्त्रको वृद्धिदर ३.९ प्रतिशत हुने विश्व बैंकले अर्धवार्षिक प्रतिवेदनमा उल्लेख छ।

मंगलबार सार्वजनिक भएको 'नेपाल विकास अपडेटः निर्यातको प्रतिस्पर्धात्मकता पुनर्स्थापना'ले सन् २०२५ सम्ममा नेपालको अर्थतन्त्र ५ प्रतिशतले बढ्ने अनुमान गरिएको छ। तर, अनियमित वर्षाका कारण कृषिउपज उत्पादन वृद्धिमा हुन सक्ने क्षति, भारतको निर्यात प्रतिबन्ध, उपभोग्य वस्तुमा अकासिएको मूल्यका कारण जोखिम भने कायम रहेको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, उच्च मुद्रास्फीतिका कारण बढ्दै जाने नीतिगत दर, आन्तरिक ऋण व्यवस्थापन खर्च र वृद्धिमा हुन सक्ने ढिलासुस्तीलगायतका जोखिम पनि रहेको विश्व बैंकले औंल्याएको छ। गत चैतमा विश्व बैंकले चालू आवको आर्थिक वृद्धिदर ४.९ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो।

प्रतिवेदनले नेपालको बाह्य प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोगी हुन सक्ने विभिन्न पक्षहरूको पनि खोजी गरेको छ। गत आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादनको ६.९ प्रतिशत मात्रै कुल निर्यात थियो।

जुन दक्षिण एसियाका मध्यम आय भएका देशहरूको औसतको एकतिहाइ मात्रै हो।

■ दक्षिण एसियाको औसत वृद्धिदर ५.८ प्रतिशत

यो प्रतिवेदन मंगलबार नै सार्वजनिक भएको 'दक्षिण एसिया विकास अपडेट : टुवार्ड फास्टर, क्लिनर ग्रोथ'को एक हिस्सा हो। जसले क्षेत्रको औसत आर्थिक वृद्धिदर ५.८ प्रतिशत हुने अनुमान गरेको छ। यो दर अन्य कुनै पनि विकासशील क्षेत्रको तुलनामा उच्च हो, तर सोही क्षेत्रको महामारीपूर्वको रफ्तार र विकास लक्ष्यहरू हासिल गर्न भने आवश्यकभन्दा कम हो।

दक्षिण एसियाका देशहरूको राष्ट्रिय ऋण गत वर्ष कुल गार्हस्थ्य उत्पादनको औसत ८६ प्रतिशत थियो। जसका कारण देशहरू टाट पल्टिने, ऋणको लागत बढ्ने र निजी क्षेत्रप्रतिको भरोसा घट्नेजस्ता जोखिमहरू बढ्ने गर्छ। सीमित वित्तीय विकल्पका बाबजुद देशहरूले संस्थाहरूलाई बजारमा आधारित नियमन, सूचना अभियान, वित्तीय पहुँच र भरपर्दो विद्युत् ग्रिडमार्फत अझै ऊर्जा निपुण प्रविधिहरू अपनाउन प्रेरित गर्न सक्ने प्रतिवेदनमा उल्लेख छ।

'दक्षिण एसियाको ऊर्जा उत्पादनको प्रचुरता विश्वव्यापी औसतभन्दा दोब्बर रहेको भए पनि यो क्षेत्र थप उन्नत ऊर्जा निपुण प्रविधिमा पछि परेको छ,' विश्व बैंक दक्षिण एसिया क्षेत्रका प्रमुख अर्थशास्त्री फ्रान्जिस्का ओह्नसोर्जले भनिन्। द्रुत गतिमा भइरहेको विश्वव्यापी ऊर्जा परिवर्तनकालको सन्दर्भमा ऊर्जाको निपुणतामा सुधार दक्षिण एसियाका लागि आर्थिक र वातावरणीय दुवै लक्ष्यतर्फ प्रगतिका लागि अवसर बन्ने उनको भनाइ छ।

विश्लेषणले नेपालको निर्यात कम हुनुमा विद्यमान न्यून श्रम उत्पादकत्व र विनिमय दरको अभिमूल्यनलगायतलाई कारण मानेको छ।

साथै, समकालीन देशहरू र मुख्य व्यापार साझेदार भारतको तुलनामा कृषि, उद्योग र सेवा तीनै क्षेत्रमा रहेको श्रम उत्पादकत्वको गिरावटले पनि नेपाल प्रभावित रहेको औंल्याइएको छ। 'चुनौतीका बाबजुद नेपालले आफ्नो दीर्घकालीन आर्थिक पुनरुत्थानलाई आकार दिन आफ्नो हरित, उत्थानशील तथा समावेशी विकास नीतिको कार्यान्वयनतर्फको कदम जारी राखेको छ,' नेपाल, श्रीलंका तथा माल्दिभ्सका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले भने।

मूल्य र गुणस्तर दुवैका हिसाबले नेपालको पुनरुत्थान र निर्यात बजारमा थप प्रतिस्पर्धी बन्न मुख्य प्रेरक शक्ति बाह्य प्रतिस्पर्धामा सुधार गर्नुपर्ने भएकाले घरेलु उत्पादन बढाउन सहयोग हुने सुधारका काम गर्न जोड दिइएको छ। नेपालका व्यापार साझेदारसँगको मुद्रास्फीतिअन्तर घटाउने प्रयासलगायतमा विशेष जोड दिनुपर्ने उल्लेख छ।

डेढ करोडको अवैध लत्ताकपडा बरामद



सिराहा/ राजस्व अनुसन्धान कार्यालय इटहरीले सिराहामा लगातार छापा मार्दै भारतबाट भन्सार छलेर ल्याएका लत्ताकपडा बरामद जारी राखेको छ। भारतवाट तस्करी गरी ल्याएका लत्ताकपडा मंगलबार बिहान फेरि राजस्व अनुसन्धानको टोलीले बरामद गरेको हो। सिराहा नगरपालिका-१८, तारापट्टी गाउँबाट ७८ पोका अवैध लत्ताकपडा बरामद गरिएको छ। सुराकीका आधारमा खटिएको राजस्व अनुसन्धानको टोलीले पशुचौपायाको गोठमा लुकाएर राखिएको अवस्थामा करिब डेढ करोडको लत्ताकपडा बरामद गरेको राजस्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख सुरेश आचार्यले बताए। शनिबारदेखि मंगलबारसम्म चार दिनमा झन्डै तीन करोडबराबरको अवैध लत्ताकपडालगायत मालसामान बरामद भइसकेको छ।

राजस्व अनुसन्धान कार्यालय इटहरीको सूचनाका आधारमा सशस्त्र प्रहरीको टोलीले लुकाइराखेको लत्ताकपडा बरामद गरिएको राजस्व अनुसन्धान कार्यालयका प्रमुख आचार्यले बताएका छन्। लत्ताकपडा बरामद गरिएको स्थान सशस्त्र प्रहरी गण नम्बर-७ नजिकै रहेको छ। राजस्वले लगातार छापा हानेपछि तस्करहरूले स्थानीय सुरक्षा निकायकै सेटिङमा लत्ताकपडा लुकाएर राखिएको स्रोतको भनाइ छ। सिराहामा तस्करी बढेसँगै राजस्व अनुसन्धानको टोलीले गत शनिबारदेखि नै लगातार छापामारी गर्दै आइरहेको छ।

एमसिसी कार्यान्वयनमा देखिएका समस्या बुझ्न आएकी हुँ : सिइओ अलब्राइट

काठमाडौं/ नेपालमा एमसिसी आयोजना कार्यान्वयनमा देखिएका समस्याको नजिकबाट जानकारी लिन नेपाल आएको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)की प्रमुख कार्यकारी अधिकृत (सिइओ) एलिस अलब्राइटले बताएकी छिन्। एमसिसी परियोजना कार्यान्वयनमा प्रवेश गरेको अवसरमा नेपाल आएकी उनले मंगलबार भएको अर्थमन्त्री डा. प्रकाशशरण महतसँगको भेटवार्तामा यस्तो बताएकी हुन्। छलफलमा उनले एमसिसी कार्यान्वयन प्रारम्भ भएको अवसरलाई स्मरणीय बनाउन र यसलाई सफल बनाउन एमसिसी कटिबद्ध रहेको बताइन्।

भेटघाटमा अर्थमन्त्री महतले एमसिसीअन्तर्गतका आयोजनाको सफलता अनिवार्य रहेको बताए। साथै, निर्धारित समयसीमा, बजेट सीमा र स्कोपअनुरूप कार्यान्वयन हुन सके मात्र विगतका सन्देहहरूको अन्त्य हुने उनले बताए। साथै, मन्त्री महतले एमसिसी कार्यान्वयनमा देखिएका समस्यालाई यथाशीघ्र समाधान गरी अगाडि बढ्न एमसिए नेपाललाई निर्देशनसमेत दिएका छन्।

एमसिसी परियोजना गत ३० अगस्टबाट कार्यान्वयनमा प्रवेश गरेको छ। यसअन्तर्गत ४ प्रसारणलाइन, तीन सबस्टेसन र ७७ किमि सडक मर्मत हुँदै छ। पूर्व सम्झौताअनुसार कार्यान्वयन सुरु भएको पाँच वर्षमा उक्त आयोजनाहरू बनिसक्नुपर्छ। तर, कार्यान्वयन सुरु हुनासाथ विभिन्न झमेला देखापरेका छन्। त्यो अवस्थामा उनको नेपाल आगमनलाई महत्त्वका साथ हेरिएको छ। उनले सोमबार ऊर्जा, जलस्रोत तथा सिँचाईमन्त्री शक्ति बस्नेत र



भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई भेटवार्ता गरिसकेकी छिन्।

भेटवार्तामा भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले सार्वभौम संसद् र सरकारले निर्णय गरेको एमसिसी परियोजना कार्यान्वयनमा शंका नगर्न आग्रह गरेका थिए।

यस्तै, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले एमसिसीअन्तर्गत बन्ने प्रसारणलाइनमा सरकारको तर्फबाट पूर्ण सहयोग हुने बताए। सो परियोजनाले नेपालको ऊर्जाक्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान गर्ने भएकाले त्यसलाई पूर्ण रूपमा कार्यान्वयनमा लगिने उनको भनाइ छ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल असोज महिना १७ गते बुधबार)

यस विकास बैंक लि.को तपसिलमा उल्लेखित विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : रंगेली शाखा — **कर्जा शिर्षक :** व्यवसायिक अधिविकर्ष कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
नाम : आर. एन. फेन्सी स्टोर प्रोप्राइटरको नाम : दिपा कुमारी साह प्रा.फ.र.नं. : ३५२६२/०७७/०७८ दर्ता मिति : २०७७/११/०९ स्थायी लेखा नं. : ६१२७१५८१३ दर्ता गर्ने कार्यालय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७	**१. नाम : दिपा कुमारी साह** बाबुको नाम : राम दयाल साह हलुवाई पतिको नाम : निरज कुमार साह ससुराको नाम : बिष्णु साह ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७ ना.प्र.नं. : ०५-०२-७५-०१५७१ जारी मिति र जिल्ला : २०७५/०५/२६, मोरङ्ग	**२. नाम : निरज कुमार साह** बाबुको नाम : बिष्णु साह बाजेको नाम : बेती लाल साह स्थायी ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.वि.स. वडा नं. २ हालको ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७ ना.प्र.नं. : २६६११ जारी मिति र जिल्ला : २०६३/०८/०८, मोरङ्ग

२. शाखा कार्यालय : रंगेली शाखा — **कर्जा शिर्षक :** आवास कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
नाम : दिपा कुमारी साह बाबुको नाम : राम दयाल साह हलुवाई पतिको नाम : निरज कुमार साह ससुराको नाम : बिष्णु साह ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७ ना.प्र.नं. : ०५-०२-७५-०१५७१ जारी मिति र जिल्ला : २०७५/०५/२६, मोरङ्ग	**नाम : निरज कुमार साह** बाबुको नाम : बिष्णु साह बाजेको नाम : बेती लाल साह स्थायी ठेगाना : मोरङ्ग जिल्ला रंगेली गा.वि.स. वडा नं.२ हालको ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ७ ना.प्र.नं. : २६६११ जारी मिति र जिल्ला : २०६३/०८/०८, मोरङ्ग

३. शाखा कार्यालय : आदमघाट शाखा — **कर्जा शिर्षक :** साधारण कर्जा

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
नाम : भगवती लामिछाने बाबुको नाम : रेशम बहादुर लामिछाने पतिको नाम : तेज बहादुर सुनारी मगर ससुराको नाम : जीत बहादुर मगर स्थायी ठेगाना : धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : धादिङ्ग जिल्ला गजुरी गा.पा. वडा नं. ६ ना.प्र.नं. : ३१/५६ जारी मिति र जिल्ला : २०६१/११/२३, धादिङ्ग	**१. नाम : तेज बहादुर सुनारी मगर** बाबुको नाम : जीत बहादुर मगर बाजेको नाम : धन बहादुर मगर स्थायी ठेगाना : धादिङ्ग जिल्ला कल्लेरी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : धादिङ्ग जिल्ला गजुरी गा.पा. वडा नं. ६ ना.प्र.नं. : २/३१९९ जारी मिति र जिल्ला : २०५९/०९/०७, धादिङ्ग	**२. नाम : जानकी मगर** बाबुको नाम : रेशम बहादुर मगर बाजेको नाम : रुद्र बहादुर मगर स्थायी ठेगाना : धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : धादिङ्ग जिल्ला सिद्धलेक गा.पा. वडा नं.७ ना.प्र.नं. : २६१/२०५९२ जारी मिति र जिल्ला : २०६५/०४/१६, धादिङ्ग

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

हिमालयन बैंकको भवन शिलान्यास

काठमाडौं/ हिमालयन बैंक लिमिटेडले आफ्नो भवन निर्माण गर्ने भएको छ। बैंकको काठमाडौं महानगरपालिका खिचापोखरीमा निर्माण हुन लागेको भवनको शिलान्यास गरिएको हो।

बैंकका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठले भवन निर्माणको शिलान्यास तथा विशेष पूजा गरेको जनाइएको छ। शिलान्यास समारोहमा बैंकका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत, उच्चपदस्थ कर्मचारीहरूलगायतको उपस्थिति रहेको उल्लेख छ।



शिलान्यास समारोहमा बैंकका अध्यक्ष श्रेष्ठले देशका विभिन्न प्रमुख सहरहरू इटहरी, वीरगन्ज, भैरहवाबाट बैंकले आफ्नै भवनबाट ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको बताए। त्यस्तै, काठमाडौंको दरबारमार्गमा पनि भवन निर्माण अन्तिम चरणमा पुगेको उनको भनाइ थियो। बैंकले भरतपुर र नेपालगन्जमा पनि निकट भविष्यमा आफ्नै भवन निर्माण गरी ग्राहकलाई सेवा प्रदान गर्ने योजना रहेको अध्यक्ष श्रेष्ठले बताए। बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले भवन निर्माणपश्चात् बैंकले आफ्नै भवनबाट आफ्ना ग्राहकलाई विशेष तथा परिष्कृत बैंकिङ सेवा-सुविधा प्रदान गर्ने उद्देश्य राखेको बताए। यसबाट बैंकका ग्राहकलाई थप सुविधा प्राप्त हुने उनको भनाइ थियो।

एनआइसी एसिया क्यापिटलले नेसनल सोलार पावरलाई 'आइडिया टु आइपिओ' सेवा दिने

नयाँ पत्रिका

एनआइसी एसिया क्यापिटलले नेसनल सोलार पावर कम्पनी लिमिटेडलाई स्थापनाकालदेखि आइपिओ जारी गर्ने चरणसम्म पुऱ्याउने सेवा 'आइडिया टु आइपिओ' दिने भएको छ। यो सेवा प्रदान गर्नका लागि क्यापिटल र सोलार पावर कम्पनीबीच सम्झौता भएको हो।

उक्त सेवाअन्तर्गत ललितपुरको जावलाखेलमा रजिस्ट्रार कार्यालय रहेको नेसनल सोलार पावर कम्पनीलाई संस्थागत परामर्श सेवा, सेयर रजिस्ट्रार सेवासहित कम्पनीको सेयर सर्वसाधारणमा निष्कासन गर्ने प्राथमिक सेयर सार्वजनिक निष्कासन गर्ने क्यापिटलले जनाएको छ। जसअनुसार



क्यापिटलाई निष्कासन तथा बिक्री प्रबन्धक पनि नियुक्त गरेको उल्लेख छ।

नेसनल सोलार पावर कम्पनी लिमिटेड सौर्य ऊर्जामार्फत ऊर्जा क्षेत्रमा क्रान्ति ल्याउने मुख्य उद्देश्यका साथ स्थापना भएको कम्पनी रहेको जनाइएको छ। हाल कम्पनीले नवलपरासीको प्रतापपुरमा पाँच मेगावाटको सोलार आयोजना सम्पन्न गरी विगत एक वर्षदेखि सञ्चालन गरिरहेको जनाएको छ। कम्पनीले एक सय रुपैयाँ अंकित दरका सात लाख २४ हजार कित्ताभन्दा बढी साधारण सेयर सर्वसाधारणमा निष्कासन गर्ने योजना रहेको जनाइएको छ। साथै, कम्पनीले सोही क्षेत्रमा थप १० मेगावाटको सोलार आयोजना सञ्चालन गर्न आवश्यक सम्पूर्ण कार्य अन्तिम चरणमा पुऱ्याएको जनाएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०६।१७ को नयाँ पत्रीका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरूलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पतिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।०६।२४ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, कुमारीपाटी, ललितपुरमा रू. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शीर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	ओभरड्राफ्ट/ क्यास क्रेडिट	**ऋणीको नामः दाई भाई विविध स्टोर** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग कार्यालय भैरहवा, रूपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ४८३१७/०७७ दर्ता मिति : २०७७/०६/२० स्थायी लेखा नं.: ६१३२१८४२१ ठेगानाः रूपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ९। **प्रोप्राईटरः** **अमरनाथ केवट** ना.प्र.प.नं (जारी मिति/स्थान): १५३८७(२०६०/०९/२१/रूपन्देही) बाजेको नामः हंस राज केवट बाबुको नामः नागेश्वर केवट ठेगानाः रूपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, शुद्धोधन गा.पा. वडा नं. ९। **व्यक्तिगत जमानतकर्ताः** **किशोरी केवट** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७४-००९२८(२०७४/०९/२८/रूपन्देही) बाबुको नामः मेलव केवट ससुराको नामः नागेश्वर केवट पतिको नामः अमरनाथ केवट ठेगानाः रूपन्देही जिल्ला, गैडहवा गा.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, शुद्धोधन गा.पा. वडा नं.९।	हंस राज केवटको नाति, नागेश्वर केवटको छोरा, रूपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला,गैडहवा गा.पा. वडा नं.९ बस्ने **अमरनाथ केवटको** नाममा मालपोत कार्यालय रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, सुर्यपुरा गा.वि.स./न.पा. वडा नं. १/घ स्थित कि.न. ९९२ को क्षेत्रफल ०-७-१९$^{3/4}$ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः अमरनाथ केवट** ना.प्र.प.नं (जारी मिति/स्थान): १५३८७(२०६०/०९/२१/रूपन्देही) बाजेको नामः हंस राज केवट बाबुको नामः नागेश्वर केवट ठेगानाः रूपन्देही जिल्ला,सुर्यपुरा गा.वि.स. वडा नं.१ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला,शुद्धोधन गा.पा. वडा नं.९। **व्यक्तिगत जमानतकर्ताः** **किशोरी केवट** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७-०१-७४-००९२८(२०७४/०९/२८/रूपन्देही) बाबुको नामः मेलव केवट ससुराको नामः नागेश्वर केवट पतिको नामः अमरनाथ केवट ठेगानाः रूपन्देही जिल्ला,गैडहवा गा.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला,शुद्धोधन गा.पा. वडा नं. ९।	
३.	सम्पती धितो कर्जा	**ऋणीको नामः कमला कुमारी थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): ६४२५ (२०४४/१२/२१/लमजुङ्ग) बाबुको नामः सन्त बहादुर बागले ससुराको नामः शंशेर बहादुर थापा पतिको नामः सन्त बहादुर थापा ठेगानाः नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ५। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. प्रबीण थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०२-७५-०७९७० (२०७५/१२/०४) बाजेको नामः शंशेर बहादुर थापा बाबुको नामः सन्त बहादुर थापा ठेगानाः नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ५। **२. सन्त बहादुर थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): ७९६ लमजुङ (२०३७/०१/०८/नवलपरासी) बाजेको नामः सोर बहादुर थापा बाबुको नामः शंशेर बहादुर थापा ठेगानाः नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ५।	सन्त बहादुर बागले को छोरी, शंशेर बहादुर थापा को बुहारी, सन्त बहादुर थापाको पत्नी, नवलपरासी जिल्ला, कावासोती न.पा., वडा नं. ५ बस्ने कमला **कुमारी थापा** को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, शिवमन्दिर गा.पा./न.पा., वडा नं. ६ ख स्थित कि.न. १६३ र १६५ को क्षेत्रफल ०-०-१० र ०-०-१० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
४.	सम्पती धितो कर्जा	**ऋणीको नामः माया भण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): २७५० (२०४४/११/२७/तनँहु) ससुराको नामः दुर्गा बहादुर भण्डारी पतिको नामः कृष्ण बहादुर भण्डारी ठेगानाः तनँहु जिल्ला, क्यामिन गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनँहु जिल्ला, व्यास न.पा. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. कृष्ण बहादुर भण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): २६९६ (२०४४/११/२६/तनँहु) बाजेको नामः लोक बहादुर भण्डारी बाबुको नामः दुर्गा बहादुर भण्डारी ठेगाना. तनँहु जिल्ला, क्यामिन गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनँहु जिल्ला, व्यास न.पा. वडा नं. १। **२. सुमन भण्डारी** ना.प्र.प.नं (जारी मिति/स्थान): ४३१००३/८३७ (२०७०/११/२२/तनँहु) बाजेको नामः दुर्गा बहादुर भण्डारी बाबुको नामः कृष्ण बहादुर भण्डारी ठेगाना. तनँहु जिल्ला, क्यामिन गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल तनँहु जिल्ला, व्यास न.पा. वडा नं. १।	लोक बहादुर भण्डारी को नाति, दुर्गा बहादुर भण्डारी को छोरा, तनँहु जिल्ला, क्यामिन गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनँहु जिल्ला, व्यास न.पा. वडा नं. १ बस्ने **कृष्ण बहादुर भण्डारी** को नाममा मालपोत कार्यालय तनहुँ को लगतमा दर्ता श्रेष्ता कायम रहेको तनँहु जिल्ला, कर्तुङ गा.वि.स वडा नं. ६/भ स्थित कि.न. १५७३ को क्षेत्रफल ०-३-०-० (रो-आ-पै-दा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
५.	आवधिक कर्जा	**ऋणीको नामः न्यू महालक्ष्मी नर्सरी तरकारी तथा पशुपालन फर्म** (प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभेक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा तानसेनमा दर्ता रहेको) दर्ता नं.: ५३७५/०७६ दर्ता मिति : २०७६/०५/२५ स्थायी लेखा नं.: ६०००९७२०२ ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं ७। **प्रोप्राईटरः** **सुरज थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): ३५०९ (२०५३/५/५/बाग्लुङ) बाजेको नामः मनी लाल थापा बाबुको नामः हस्त बहादुर थापा ठेगानाः बाग्लुङ जिल्ला, पैयु थन्थाप गा.वि.स, वडा नं. १ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं ७। **व्यक्तिगत जमानतकर्ताः** **टुका थापा** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१०६६/२४६४ (२०६७/०६/१४/पाल्पा) बाबुको नामः मनिराज थापा ससुराको नामः हस्त बहादुर थापा पतिको नामः सुरज थापा ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं. ११ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं ७	मनी लाल थापा को नाति, हस्त बहादुर थापा को छोरा, बाग्लुङ जिल्ला, पैयु थन्थाप गा.वि.स, वडा नं. १ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं ७ बस्ने **सुरज थापा** को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला,बर्तुङ गा.वि.स, वडा नं. ३ स्थित कि.न. ४९७५ को क्षेत्रफल १-३-३-१ (रोपनी) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५००८७०८/०९, Ext. १०७, १०४

द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८६८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५
ईमेल : basic@mail.com.np, वेबसाइटः www.balkumarisaccos.com

यस संस्थामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

दोश्रो पटक प्रकाशित मिति २०८०।०६।१७

यस सहकारी संस्थाबाट सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणी सदस्यहरुले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तरगत लिनु भएको कर्जाको साँवा ब्याज तथा ढिलो बुझाए बापत लाग्ने हर्जना नतिरि नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरू उल्लघंन गर्नु भएकोमा यस संस्थाबाट सो कर्जा, त्यसको ब्याज र हर्जाना चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गरी मिति २०८०।०३।३० गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीलाई कर्जा तिर्न/बुझाउन आउने बारे ३५ दिने र मिति २०८०।०५।११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुलाई समेत सूचित गर्दा समेत कर्जाको साँवा, ब्याज र हर्जाना समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस संस्थाको लेना दिएको सम्पूर्ण रकम बुझाउन आउनु हुन कर्जाको ऋणी तथा धन जमानी समेतलाई अनुरोध गरिएको छ। उपरोक्त अनुसारको मितिमा समेत सो सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न नआउनु भएमा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा यसै सार्वजनिक सूचनाबाट जानकारी गराईन्छ। यदि सो कर्जा उपरोक्त अनुसारको मितिमा चुक्ता भुक्तानी नगरेमा १६ औं दिनका दिन तथा सो दिन बिदा परे कार्यालय खुलेको पहिलो दिन लिलाम डाक बढावढबाट सो घर/जग्गा बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने र ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको लेना रकम साँवा ब्याज र हर्जानाबाट अपुग भएमा ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघरका परिवारका सदस्यको नाममा रहेका भएका चल अचल सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सर्वसाधारण सबैलाई जानकारी गराईन्छ। यसै सूचनालाई आधारमानी सो घर जग्गा लिलाम बढावढबाट खरिद गरी लिने इच्छुक सर्वसाधारण/संस्थालाई समेत यो सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको नाम	धितोको विवरण
१.	**कर्जा नं.**: ७४७५/०००१BI, ७६७७/००१०IL, ७६७७/००२१IL, ७८७९/००१८H, ७८७९/००९८A, ७८७९/००९९A **नाम : विनोद श्रेष्ठ समेत** **बाजे : जगत बहादुर श्रेष्ठ, बुबा : विष्णु शंकर श्रेष्ठ** **ठेगाना : म.थि.न.पा.४, भक्तपुर।**	**भक्तपुर जिल्ला सा मध्यपुर थिमि नगरपालिका वडा नं. १३ नक्सा सीट नं. १०२-१२३०-०३ कि.नं. ३६४ क्षेत्रफल २२९.८५ व.मी. को जग्गा र सो जग्गामा बनेको घर समेत।**

१) धितो लिलाम बढाबढमा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको १०% प्रतिशत हुने रकम धरौटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा यस संस्थामा जम्मा गर्नु पर्नेछ। तर सूचनामा उल्लेख गरिएका ऋणीका घर/जग्गा पन्चकृत मूल्य निर्धारण गरी लिलाम बिक्री गरिनेछ।
२) लिलाम बढाबढमा भाग लिने व्यक्ति/संस्थाले स्वीकृत पत्र पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई नामसारी गर्नु पर्नेछ। नामसारी गरि नलिएमा धरौटी बापत रहेको १०% प्रतिशत रकम स्वतः जफत हुनेछ।
३) तोकेको दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खोलिएको पहिलो दिनमा लिलाम बढाबढ गरिनेछ।
४) लिलाम बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्ति वा संस्थालाई लिलाम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहनेछ।
५) लिलाम बिक्री हुने घर जग्गा एवं सो सम्बन्धी कागजात हेर्न चाहनु हुने महानुभावहरूले यस संस्थाको कार्यालयबाट कार्यालय समय भित्र जानकारी लिन सक्नेछ।
६) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नु पर्ने माथि उल्लेखित घर जग्गा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त धितोमा रहेको घर जग्गाको स्वामित्व आफूमा लिन सक्नेछ।
७) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरू ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ। धितो नामसारी दा.खा. गर्दा लागेको खर्च लिलाम सकार गर्नेले व्यहोर्नु पर्नेछ।
८) संस्थामा सुरक्षणमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा निजको एकाघर परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।
९) लिलाम बढाबढ यस संस्थाको कार्यालयमा मिति २०८० कार्तिक २ गते बिहीबार दिनको १:०० बजेदेखि दिनको ४:०० बजेसम्म हुनेछ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०६/१७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० कात्तिक ०२ गते बिहीबार**का दिन शाखा कार्यालय नयाँ पर्सा, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीहरुको विवरणः
चंखे बहादुर चेपाङको नाति, वृद्धि बहादुर चेपाङको छोरा, बिगमाया प्रजाको पति, चितवन जिल्ला, पदमपुर गा.वि.स.,वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ति न.पा., वडा नं. ६ (साबिक भण्डारा गा.वि.स., वडा नं. ०६) बस्ने **विष्णु बहादुर प्रजा** (ना.प्र.नं. २४६१/०३४, जारी मिति २०६२/०६/०२, जिल्ला प्रशासन कार्यालय चितवन)...१ र रवि लाल प्रजाको नातिनी, काली बहादुर प्रजाको छोरी, वृद्धि बहादुर चेपाङको बुहारी, विष्णु बहादुर प्रजाको पत्नी, चितवन जिल्ला कठार गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ति न.पा., वडा नं. ६ (साबिक भण्डारा गा.वि.स., वडा नं. ०६) बस्ने **विगमाया प्रजा** (ना.प्र.नं. ५९०/०३४, जारी मिति २०५७/११/०५, जिल्ला प्रशासन कार्यालय चितवन)...१ समेत जना २।

लिलाम हुने सम्पत्तिको विवरणः
१. **विष्णु बहादुर प्रजा ..१ र विगमाया प्रजा**...१ को संयुक्त नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, राप्ति गा.वि.स./न.पा. वडा नं. ०६ (साबिक चितवन जिल्ला भण्डारा गा.वि.स./न.पा. वडा नं. ५ग) स्थित कित्ता नं. ९० को क्षेत्रफल ०-४-१८ (बि.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० कात्तिक ०१ गते** भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमाले लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० कात्तिक ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय नयाँ पर्सा, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० कात्तिक ०२ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

सिटिजन्स बैंकका ग्राहकलाई गुरु ट्राभल्सले छुट दिने



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका ग्राहकले गुरु ट्राभल्समार्फत यात्रा गर्दा छुट पाउने भएका छन्। बैंक र काठमाडौंको दरबारमार्गमा रहेको गुरु ट्राभल्सबीच बैंकका ग्राहकलाई छुट दिने समझदारी भएको हो।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहक ग्राहकले गुरु ट्राभल्समार्फत विभिन्न अन्तर्राष्ट्रिय भ्रमण प्याकेज लिँदा १० हजार रुपैयाँसम्म छुट पाउने जनाइएको छ। साथै, गुरु ट्राभल्सको सिफारिसमा डलर-ट्राभल्स कार्ड बनाउन आउने ग्राहकलाई बैंकले कार्ड जारी शुल्कमा छुट दिने उल्लेख छ। यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ।

बैंकले हाल देशभरमा एक सय ८८ शाखा, एक सय ४८ एटिएम, तीन विस्तारित काउन्टर तथा ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

नेपाल एसबिआई बैंकका ग्राहकलाई साथी अस्पतालमा छुट



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेड र कैलालीको टीकापुरमा रहेको साथी अस्पताल एन्ड रिसर्च सेन्टरबीच छुटसम्बन्धी सम्झौता भएको छ। बैंकका सम्पूर्ण भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा प्रयोगकर्तालाई छुट दिने सम्झौता भएको हो। सम्झौतामा बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख सन्तोषकुमार भण्डारी तथा अस्पतालका अध्यक्ष जगदीश्वर पण्डितले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौताअनुसार अस्पतालको सेवा लिएबापत एसबिआई बैंकका ग्राहकले कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गरेमा छुट पाउने बैंकले जनाएको छ।

'९% ऋणपत्र-२०८९' नेप्सेमा सूचीकृत

नेपाल एसबिआई बैंकको ऋणपत्र नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत भएको छ। बैंकको '९ प्रतिशत नेपाल एसबिआई बैंक ऋणपत्र-२०८९' सूचीकृत भएको हो। प्रतिसेयर अंकित तथा चुक्ता मूल्य एक हजार रुपैयाँ दरका जम्मा १४ लाख १८ हजार तीन सय ६६ कित्ता ऋणपत्र सूचीकृत भएको बैंकले जनाएको छ।

रिलायन्स फाइनान्सका ग्राहकले हेल्पिङ ह्यान्ड्स अस्पतालमा छुट पाउने



काठमाडौं/ रिलायन्स फाइनान्स लिमिटेडका ग्राहकले काठमाडौंको चाबहिलमा रहेको हेल्पिङ ह्यान्ड्स सामुदायिक अस्पतालमा छुट पाउने भएका छन्। फाइनान्स र अस्पतालबीच फाइनान्सका ग्राहक, कर्मचारी तथा सेयरधनीलाई छुट दिने सम्झौता भएको हो।

सम्झौतामा फाइनान्सका प्रमुख कार्यकारी अधिकृत समाजप्रकाश श्रेष्ठ र अस्पतालका कार्यकारी अध्यक्ष डा. गुप्तबहादुर श्रेष्ठले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौताअनुसार फाइनान्सका सरोकारवालालाई अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवामा ५० प्रतिशतसम्म छुट प्रदान गर्ने उल्लेख छ। काठमाडौंमा केन्द्रीय कार्यालय रहेको फाइनान्सले देशका मुख्य सहरमा २१ वटा शाखामार्फत सेवा दिँदै आएको जनाइएको छ।

संस्थाले निक्षेप तथा कर्जाका सेवाग्राहीलाई इ-बैंकिङ, एससिटी नेटवर्क एटिएम, रेमिट्यान्स सेवा, सिआस्बा, आइपिएस, कनेक्ट आइपिएस सेवा, इलेक्ट्रोनिक चेक क्लियरिङलगायतका सेवा दिँदै आएको संस्थाले जनाएको छ।

आइएसएमटीको साइबर सेक्युरिटी एन्ड डिजिटल फरेन्सिक्स कार्यक्रम सुरु



काठमाडौं/ बेलायतको युनिभर्सिटी अफ सन्डरल्यान्डबाट सम्बन्धनप्राप्त आइएसएमटी कलेजले साइबर सेक्युरिटी एन्ड फरेन्सिक्समा बिएससी (अनर्स) कार्यक्रम सुरु गरेको छ। सन् २०११ देखि बेलायतको शिक्षा पढाउँदै आएको कलेजले यो वर्षदेखि उक्त कार्यक्रम सुरु गरेको हो।

विश्व नै प्रविधिमैत्री भइरहेको र नेपालमा पनि सूचना प्रविधिका सम्भावना बढ्दै गइरहेको सन्दर्भमा यो कार्यक्रम सुरु गरेको कलेजले जनाएको छ। विश्वभर प्रयोगमा आउने तथा नेपालको सरकारी, गैरसरकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, प्राइभेट, बैंक तथा वित्तीय संस्थालगायत विभिन्न सेक्टरमा यो कार्यक्रमका विद्यार्थीको सम्भावना बढी रहेको कलेजको भनाइ छ।

यस किसिमको विषय अध्ययन गर्दा विद्यार्थीले इथिकल ह्याकिङ, साइबर हमला हुँदा गर्नुपर्ने काम, डिजिटल फरेन्सिक्स अनुसन्धान, कुनै पनि व्यक्तिगत तथा सांगठनिक डेटा सुरक्षा, आर्टिफिसियल इन्टेलिजेन्स, ब्लक चेन तथा साइबर सेक्युरिटी विशेषज्ञका रूपमा सक्षम भएर निस्कने कलेजको दाबी छ। यसैकारण छिटो तथा सजिलै रोजगारी पाउने कलेजको दाबी छ।

यसका साथै कलेजले बिबिए, बिएचएम, बिएससी आइटी (कम्प्युटर सिस्टम्स इन्जिनियरिङ) कार्यक्रम पनि सञ्चालन गरिरहेको जनाएको छ। आइएसएमटी ग्रुपअन्तर्गत नेपालका प्रमुख सहरहरू चितवन, पोखरा, विराटनगर र बुटवलमा पनि शिक्षा मन्त्रालयको अनुमतिमा युनिभर्सिटी अफ सन्डरल्यान्डको सम्बन्धनमा कलेजहरू सञ्चालनमा रहेको जनाइएको छ।

महँगी नियन्त्रणमा सरकारको सक्रियता

काठमाडौं/ चाडपर्वको पूर्वसन्ध्यामा बजारमा कालोबजारी र गुणस्तरहीन वस्तु बिक्री हुन थालेपछिसरकार सक्रिय भएको छ। सरकारले कालोबजारी र गुणस्तरहीन वस्तु बिक्री गर्नेमाथि कडा कानुनी कारबाही गर्ने चेतावनी दिएको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले आसन्न चाडपर्वका अवसरमा उच्च माग हुने खाद्य तथा गैरखाद्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी अस्वाभाविक मूल्यवृद्धि, कालोबजारी र अखाद्य वस्तु मिसावट गरी गुणस्तरहीन वस्तु बिक्री-वितरण गर्नेजस्ता अनुचित कार्य नगर्न-नगराउन उद्योगी, व्यवसायीको ध्यानाकर्षण गराएको छ।

मन्त्रिपरिषद्को प्रस्तावमा बजारमा कृत्रिम अभाव सिर्जना गर्ने र नाफाखोरी गर्ने व्यक्ति, फर्मलाई कानुनबमोजिम कडा कारबाहीका लागि कोही-कसैसँग सूचना भए हेलो सरकार, वाणिज्य विभागको पोर्टल वा टोल फ्री नम्बर ११३७ मा सूचना दिन उपभोक्तालाई अनुरोधसमेत गरिएको छ।

उपभोग्य वस्तुको बिक्री-वितरणसँग सम्बन्धित सार्वजनिक निकायले तत्काल देशभर सुपथ मूल्यका पसल सञ्चालन गर्ने, बजार अनुगमनका लागि स्थापित सम्पूर्ण संयन्त्रलाई थप सक्रिय र क्रियाशील बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउने विशेष प्रस्तावमा छ। त्यसैगरी बैठकले अस्वाभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने, अस्वाभाविक नाफाखोरी गर्ने र अस्वाभाविक रूपमा मूल्यवृद्धि गरी कालोबजारीमा संलग्न हुने जो-कोहीलाई प्रचलित कानुनबमोजिम कडा कारबाही गर्ने र सोको प्रतिवेदन सर्वसाधारण सबैका जानकारी लागि सम्बन्धित निकायबाट दैनिक रूपमा सम्प्रेषित गर्ननिर्देशन दिइएको छ। त्यस्तै, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न-नगराउन अनुरोध गरिएको छ। विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायत संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सरकारले सामाजिक सञ्जालको बढ्दो प्रयोग सकारात्मक तथा मर्यादित बनाउन आग्रह गरेको छ।

पेट्रोलियममा...

पृष्ठ १ बाट क्रमशः

सात वर्षयता कुन शीर्षकमा कति कर उठ्यो (अर्बमा)

विवरण	०७२/७३	०७३/७४	०७४/७५	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९	०७९/८०
भन्सार शुल्क	६.०१	१०.३६	१२.१२	१३.९४	१५.२९	३७.३५	४३.६०	३६.९०
सडक मर्मत शुल्क	२.५३	४.२५	५.१३	५.७०	४.९९	५.७५	६.४७	५.४६
प्रदूषण शुल्क	०.५२	०.८५	१.०४	१.५७	२.९४	३.३३	३.६९	३.०८
भ्याट	११.६३	१८.१५	२३.४६	२९.३१	२३.४६	२९.६६	४२.५४	४६.६३
पूर्वाधार कर	१.१६	९.४३	११.३६	१२.४१	१३.९८	२२.८७	२४.९५	२०.५६
आयकर	१.७०	४.०३	१.९०	३	५.९१	०.०२	-	-
कुल कर	२३.५५	४७.०७	५५.०१	६५.९३	६६.५७	९८.९८	१२१.२५	११२..६३
कुल आयात	६०	१०९	१५५	१९३	१४६	१५८	३०८	२८१

त्यस्तै, ११८ रुपैयाँ ४० पैसा प्रतिलिटरमा खरिद गरिएको डिजेलमा ४७.१६ रुपैयाँ र ११३ रुपैयाँ ४६ पैसा प्रतिलिटरमा खरिद गरिएको मट्टीतेलमा ३३.६६ रुपैयाँ कर लाग्ने गरेको छ। निगमले डिजेल र मट्टीतेल समान १७३ रुपैयाँ प्रतिलिटरका दरले बेचिरहेको छ।

प्रत्येक घरको भान्सामा खपत हुने ग्यासमा समेत सरकारले उच्चदरमा प्रतिसिलिन्डर ३०९ रुपैयाँ ५७ पैसाका दरले कर असुल्ने गरेको छ। निगमले आइओसीबाट १४ सय ५८ रुपैयाँ ९४ पैसा प्रतिसिलिन्डरमा खरिद गरेको ग्यास उपभोक्ताले १८ सय ९५ मा किन्नुपर्छ।

११३ रुपैयाँ ७५ पैसा प्रतिलिटरमा खरिद गरेको आन्तरिक हवाई इन्धनमा १९.६१ रुपैयाँ र सोही दरमा खरिद गरेको बाह्य हवाई इन्धनमा १.९५ रुपैयाँ प्रतिलिटरका दरले कर उठाउने गरिएको छ। निगमले आन्तरिक हवाई इन्धन १३६ रुपैयाँ प्रतिलिटर र बाह्य हवाई इन्धन १.०३६ डलर प्रतिकिलोलिटरमा बिक्री गर्छ।

उपभोक्ताले तिरेको पेट्रोलियमको मूल्यको एकतिहाइ सरकारले राजस्वबापत लिँदै आएको छ। पछिल्ला दुई वर्षयता सरकारले पेट्रोलियममा वार्षिक एक खर्बभन्दा बढी कर उठाइरहेको छ।

गत आर्थिक वर्ष ०७९/८० मा दुई खर्ब ८१ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको थियो। सो पेट्रोलियम आयात गर्दा भन्सार विन्दुमै एक खर्ब १२ अर्ब ६३ करोड रुपैयाँ कर बुझाएको थियो। गत आवमा करिब १८ अर्ब रुपैयाँ नाफा भएकाले आयकरसमेत थपिनेछ।

त्यस्तै, ०७८/७९ मा तीन खर्ब आठ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ आयात भएको थियो। सो वर्ष एक खर्ब २१ अर्ब २५ करोड रुपैयाँ करबापत सरकारले उठाएको छ। त्यस आवमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ उच्च विन्दुमा पुगेकाले पेट्रोलियम पदार्थ आयातमा ठूलो रकम बाहिरिन पुगेको थियो। आव ०७७/७८ मा एक खर्ब ५८ अर्ब रुपैयाँको पेट्रोलियम आयात हुँदा ९८ अर्ब ९६ करोड रुपैयाँ सरकारले करबापत लिएको थियो।

त्यस्तै, ०७६/७७ मा एक खर्ब ४६ अर्बको पेट्रोलियम आयात हुँदा ६६ अर्ब ५७ करोड र ०७५/७६ मा एक अर्ब ९३ अर्बको आयात गर्दा ६५ अर्ब ९३ करोड कर उठाएको छ। आव ०७४/७५ मा एक खर्ब ५५ अर्बको पेट्रोलियमा आयात भएको थियो, त्यसमा ५५ अर्ब एक करोड कर उठाइयो। त्यस्तै, ०७३/७४ मा एक खर्बको आयात हुँदा ४७ अर्ब सात करोड र ०७२/७३ मा ६० अर्बको पेट्रोलियम आयात गर्दा २३ अर्ब ५५ करोड रुपैयाँ कर उठाइएको थियो।

आयल निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले निगमले भन्सार विन्दुमै सरकारलाई राजस्व बुझाइरहेको बताए। 'ट्यांकरमा वा पाइपलाइनबाट आएको इन्धनका लागि तोकिएको करबापतको रकम भन्सार विन्दुमा तत्कालै दाखिला हुने गरेको छ,' उनले भने, 'पछिल्लो समय वार्षिक एक खर्ब रुपैयाँभन्दा बढी करबापत भुक्तानी गर्न थालेका छौँ।'

सरकारले उपभोक्तालाई वेलावेलामा राहत दिनका लागि करका दरमा हेरफेर गर्न सक्ने प्रावधान रहे पनि नेपालमा व्यावहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन। राजस्व परामर्श विकास समितिका पूर्वअध्यक्ष महेश दाहालले बजेटबाटै निर्दिष्ट गरेको करको दर र लक्ष्यलाई हेरफेर गर्न कठिन भए पनि उपभोक्ताका सवालमा निर्णय गर्दा खासै फरक नपर्ने बताए।

'संसद्ले पास गरेको आर्थिक ऐनअनुसार कर असुली हुने भएको हुँदा पुनः बीचमा हेरफेर गर्न अलि कठिन होला, तर आमउपभोक्ताको सवालमा सरकारले निर्णय गर्ने हो भने संसद्ले सर्वसम्मत रूपमा करका दरहरू हेरफेर गर्ने सरकारको निर्णयलाई समर्थन गर्न सक्छ,' दाहालले भने, 'त्यसैले राष्ट्रिय आवश्यकता के हो भन्ने कुराको पहिचान गरेर सरकारले निर्णय लिन पाउँछ।'

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले पनि थरीथरीका करले गर्दा पेट्रोलियम पदार्थ महँगो भएको बताए। 'अहिले भारतको तुलनामा नेपालमा पेट्रोलियम पदार्थ केही महँगो छ। खासमा सीमा क्षेत्रमा पेट्रोलियम पदार्थको मूल्य उस्तै हुनुपर्छ। यसो गर्दा पेट्रोलियमको तस्करी हुन पाउँदैन। नेपालको इन्धन सस्तो गर्न पनि कर घटाउनुपर्ने देखिन्छ,' उनले भने, 'अर्कातिर, अहिले विभिन्न शीर्षकमा तोकिएको कर नै बढी छ। यसलाई समायानुकूल परिवर्तन गर्न कसैको ध्यान गएको देखिँदैन। महँगीले आक्रान्त भएका उपभोक्तालाई करको दर घटाएर राहत दिने अहिले सही वेला आएको छ। त्यसैले सरकारले करको दर घटाएर उपभोक्तालाई राहत दिन ढिला गर्नुहुँदैन।'

आयल निगमका पूर्वकार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले कर नीतिमा नै संशोधन आवश्यक रहेको बताए। 'पेट्रोलियम उपभोक्तालाई राहत दिने हो भने सरकारले मूल्य अभिवृद्धि करलाई चलाउनुपर्छ,' उनले भने, 'अहिले मूल्य बढेका वेला भ्याटबापत बढी र मूल्य घटेका वेला भ्याटबापत कम कर उठ्ने गर्छ। त्यसैले यसलाई हेरफेर गरेर मूल्य बढेका वेला कम भ्याट उठ्ने नीति बनाइयो भने पेट्रोलियमको मूल्य स्वतः नियन्त्रण हुन्छ।'

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उपभोक्तालाई सहुलियत दिने विषयमा सरकारले गृहकार्य गरिरहेको बताए। 'पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा मूल्य निरन्तर बढ्दा नेपालमा समेत बढाउनुपर्ने र त्यसले उपभोक्तालाई असर गर्नेतर्फ सरकार गम्भीर छ। उपभोक्तालाई परेको असरलाई ध्यान दिएर नै यसपटक स्वचालित कार्यविधि नै मिचेर भए पनि आयल निगमलाई घाटा हुने गरी बढेको मूल्य फिर्ता भएको छ। आगामी दिनमा पनि पेट्रोलियम पदार्थमा उपभोक्तालाई केही सहुलियत दिन सकिन्छ कि भनेर सरकारका तर्फबाट गृहकार्य भइरहेको छ। उपभोक्तालाई राहत दिने विषयमा चाँडै एउटा टुंगोमा पुग्छौँ,' उनले भने, 'ग्यासमा उपभोक्ता प्रयोजन र व्यावसायिक प्रयोजनको मूल्यमा पनि पुनरावलोकन गर्नेतर्फ पनि मन्त्रालयले काम गरिरहेको छ। स्वचालित मूल्य निर्धारण प्रणाली पनि कायमै छ।'

मूल्य स्थिरीकरण कोषमा एक अर्ब मात्रै

मूल्य नियन्त्रणका लागि आयल निगमले 'मूल्य स्थिरीकरण कोष'समेत बनाएको छ। ०७१ देखि सञ्चालित यो कोषमा पेट्रोलबाट १.८३ रुपैयाँ, डिजेल र मट्टीतेलबाट समान १.७३ रुपैयाँ, आन्तरिक हवाई इन्धनबाट १.३६ रुपैयाँ र बाह्य हवाई इन्धनबाट १.३७ रुपैयाँ प्रतिलिटर कटौती गरी जम्मा हुने गरेको छ। त्यस्तै, ग्यासबाट प्रतिसिलिन्डर १८.६३ रुपैयाँ कोषमा जम्मा हुने गरेको छ।

हालसम्म यो कोषमा करिब २० अर्ब रुपैयाँ जम्मा हुनुपर्नेमा अहिले एक अर्ब मात्रै रहेको निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले बताए। 'कोषमा जम्मा भएको १५ अर्ब रुपैयाँभन्दा बढी रकम इन्डियन आयल कर्पोरेसन (आइओसी)को बक्यौता तिर्न प्रयोग गरियो,' उनले भने, 'त्यसपछि पनि ऋण तिर्न भन्दै खर्च गरियो। जसकारण अहिले एक अर्बजति मौज्दात छ।'

निगमका पूर्वकार्यकारी निर्देशक पौडेलले कोष सञ्चालन बाहिरी क्षेत्रलाई जिम्मा दिनुपर्ने बताए। 'कोषको अवधारणा ठीक छ। यसमा पेट्रोलियम क्षेत्रसँगै ढुवानी भाडा, पेट्रोल पम्पलगायत सरोकारवाला अन्य पक्षबाट पनि योगदान हुने गरी दायरा बढाउनुपर्छ,' उनले भने, 'कोषमा एक खर्ब पुऱ्याउन सकियो भने मूल्य समायोजन नै गर्नुपर्दैन। त्यही कोषको पैसा प्रयोग गर्न सकिन्छ।' अहिले कोष निगमले सञ्चालन गरिरहेका कारण पैसा खर्च हुने गरेको भन्दै सञ्चय कोष वा नागरिक लगानी कोषलाई सञ्चालनको जिम्मा दिए रकम बचत हुने पौडेलको भनाइ छ।

पूर्वाधार करबापत एक खर्ब १६ अर्ब उठ्यो

आर्थिक वर्ष ०७२/७३ को बजेटमार्फत सरकारले बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि पेट्रोलियम पदार्थमा कर उठाउन थालेको थियो। त्यसयता अहिलेसम्म यो शीर्षकमा एक खर्ब १६ अर्ब ७२ करोड रुपैयाँ कर उठिसकेको छ। सुरुको पाँच वर्ष पेट्रोल, डिजेल र हवाई इन्धनबाट प्रतिलिटर ५-५ रुपैयाँका दरले 'बुढीगण्डकी आयोजना कर' शीर्षकमा रकम उठाइएको थियो। यो शीर्षकबाट मनग्ये पैसा उठ्ने, तर खर्च नहुने प्रवृत्ति देखिएपछि सरकारले आलोचना खेप्नुपरेको थियो। खर्च नहुने शीर्षकमा कर नउठाउन सरोकारवालाले दबाब दिन थालेपछि सरकारले ०७७ फागुनमा करको शीर्षक र दर नै परिवर्तन गरेको थियो।

त्यसयता यसलाई 'पूर्वाधार कर' शीर्षक दिएर रकम उठाउन थालिएको छ भने हवाई इन्धनमा यस्तो कर असुल्न छाडेर पेट्रोल र डिजेलबाट प्रतिलिटर १०-१० रुपैयाँ संकलन गर्न थालिएको छ। न्यून मात्रामा खपत हुने हवाई इन्धनबाट खासै कर नउठेपछि ठूलो मात्रामा खपत हुने पेट्रोल र डिजेलमा मात्रै यस्तो कर लगाइएको छ र करको दरसमेत वृद्धि गरिएको छ। जसकारण अहिले यो शीर्षकबाट पहिलेको तुलनामा झन्डै दोब्बर कर उठ्न थालेको छ। किनभने कुल पेट्रोलियम खपतमा डिजेलको हिस्सा ५० प्रतिशत र पेट्रोलको हिस्सा २४ प्रतिशत छ। हवाई इन्धनको भने ६ प्रतिशत मात्रै छ।

कर संकलन थालिएको सुरुको वर्ष एक अर्ब १६ करोड संकलन भएको थियो। त्यसपछि ०७३/७४ मा नौ अर्ब ४३ करोड, ०७४/७५ मा ११ अर्ब ३६ करोड, ०७५/७६ मा १२ अर्ब ४१ करोड र ०७६/७७ मा १३ अर्ब ९८ करोड यो शीर्षकमा कर संकलन भएको थियो। सरकारले पेट्रोल र डिजेलमा प्रतिलिटर १०-१० रुपैयाँका दरले कर लगाउने नीति लिएपछि ०७७/७८ मा २२ अर्ब ८७ करोड, ०७८/७९ मा २४ अर्ब ९५ करोड र गत आव ०७९/८० मा २० अर्ब ५६ करोड रुपैयाँ उठाइएको थियो।

पेट्रोलियममा लगाइएका करमध्ये सबैभन्दा बढी भ्याटको योगदान छ। १३ प्रतिशतका दरले भ्याट उठाइने हुँदा निगमको खरिद दर जति बढ्यो, भ्याटबापत सरकारले पाउने राजस्वसमेत बढ्ने गरेको छ। गत आव ०७९/८० मा भ्याटबापत ४६अर्ब ६३ लाख रुपैयाँ राजस्व उठेको छ। भन्सार शुल्कमा गत आव ३६ अर्ब ९० करोड, सडक मर्मत शुल्कमा पाँच अर्ब ४६ करोड र वातावरण प्रदूषण नियन्त्रण शुल्कबापत तीन अर्ब आठ करोड रुपैयाँ संकलन गरिएको थियो।

भारतमा उपभोक्तालाई राहत दिन करका दर तलमाथि भइरहन्छन्

भारतले माग र आपूर्तिको परिमाण तथा उपभोक्ताको मनस्थितिलाई हेरेर पेट्रोलियम पदार्थमा करका दरहरू हेर फेर गर्ने गरेको छ। जसका कारण भारतीय बजारमा तेलको मूल्यमा धेरै ठूलो उचारचढाव हुने गरेको छैन।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ न्यून विन्दुमा आएका वेला भारतले अन्तशुल्क बढाएर तेलको मूल्य नियन्त्रण गर्ने गरेको छ। कोभिड महामारीले कच्चा तेलको भाउ न्यून विन्दुमा आएका वेला मूल्य नियन्त्रण गर्न भन्दै भारतले मे २०२० मा प्रतिलिटर पेट्रोलमा ३२.९८ भारु र डिजेलमा ३१.८३ भारु अन्तःशुल्क लगाएको थियो।

तर, कच्चा तेलको भाउ बढेर महँगो भएपछि मूल्य ठूलो अन्तरले बढ्न नदिन अहिले पुनः अन्तशुल्क घटाएर प्रतिलिटर पेट्रोलमा १९.९० भारु र डिजेलमा १५.८० भारु कायम गरिएको छ। यति मात्र होइन, ग्यासको बढ्दो मूल्यबाट राहत दिन भारतले एक महिनाअघि प्रतिसिलिन्डर दुई सय भारु घटाएको थियो भने ७५ लाख गरिबी परिवारलाई फाइदा पुग्ने गरी 'उजाला अभियान'अन्तर्गतका गृहिणीलाई प्रतिसिलिन्डर चार सय भारु मूल्य घटाएको थियो।

हाल ग्यासको मूल्य बढ्न थालेपछि आइतबारबाट लागू हुने गरी व्यावसायिक प्रयोजनको ग्यासमा २०९ रुपैयाँ भारु वृद्धि गरेर उपभोक्ताले प्रयोग गर्ने घरायसी ग्यासको मूल्य यथावत् राखिएको छ। आइतबारदेखि दिल्लीमा व्यावसायिक प्रयोजनको १९ किलोको ग्यासको मूल्य प्रतिसिलिन्डर १७३१.५० भारु र घरायसी प्रयोजनको ग्यास ९०३ भारु प्रतिसिलिन्डर बिक्री मूल्य तोकिएको छ।

बझाङमा...

पृष्ठ १ बाट क्रमशः

केन्द्रमा उपचार भइरहेको छ। भूकम्पबाट बाजुरामा पनि दुईजना घाइते भएका छन्। बझाङ, बाजुरा, डोटी, डडेल्धुरा र बैतडीलगायत जिल्लामा घरसहितका भौतिक संरचनामा क्षति पुगेको छ।

राष्ट्रिय भूकम्पमापन केन्द्रका अनुसार बझाङ सदरमुकामआसपास भएर गएका सातमध्ये सबैभन्दा ठूलो भूकम्प दिउँसो ३:०६ बजेको ६.३ म्याग्निच्युडको हो। यसको धक्का राजधानी काठमाडौंसम्म महसुस भएको थियो। त्यसअघि दिउँसो २ बजेर ४० मिनेटमा ५.३ म्याग्निच्युडको भूकम्प गएको थियो। त्यसपछि ३:४५ र ४:२८ बजे समान ४.१ म्याग्निच्युडको भूकम्प गएको छ भने साँझ ४:३१ मा ४.३ म्याग्निच्युडको भूकम्पको धक्का महसुस भएको छ। साँझ ५:१९ र ५:३८ बजे समान ५ म्याग्निच्युडका भूकम्प गएका छन्। पछिल्लोपटक पश्चिम नेपाल केन्द्रविन्दु भएर एकपछि अर्को भूकम्प गइरहेका छन्। २२ कात्तिक ०७९ मा डोटीस्थित खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा केन्द्रविन्दु बनाएर ६.६ म्याग्निच्युडको भूकम्पले पूर्वीचौकी गाउँपालिका- ३ गैरागाउँका ६ जनाको मृत्यु भएको थियो।

पहिलो भूकम्पमा विद्यार्थी चौरमा निकाल्दा मानवीय क्षति टऱ्यो

भूकम्पताका बझाङका विद्यालयमा पठनपाठन भइरहेको थियो। दिउँसो २ बजेर ४० मिनेटमा भूकम्प गएपछि कतिपय विद्यालयले विद्यार्थी चौरमा निकाल्नुका साथै स्थानीय बासिन्दा घरबाहिर निस्किँदा मानवीय क्षति टरेको छ। जयपृथ्वी नगरपालिका- ४ गोलाईमा रहेको बालविकास माविका शिक्षक नरेन्द्रराज उपाध्यायले भने, 'पहिलो भूकम्प आउँदा कक्षा चलिरहेको थियो। विद्यार्थीलाई चौरमा निकाल्यौँ, शिक्षक-कर्मचारी पनि चौरमा बस्यौँ। लगत्तै ठूलो भूकम्प आएर भवन भत्काएको हो। चौरमा ननिस्केको भए ठूलो क्षति हुने रहेछ।' यो विद्यालयमा विद्यार्थी, शिक्षक, कर्मचारी गरी तीन सयजना छन्। भूकम्पले बालविकास माविको दुईतले भवनको दुईवटा कोठा पूरै ढलेका छन् भने ६-७ वटा कक्षाकोठा बस्न नमिल्ने गरी भत्किएका छन्। त्यसबाहेक कार्यालय पनि चर्केको उनले बताए।

भूकम्पका कारण जयपृथ्वीकै सत्यवादी मावि, भवानी साप्रावि, तलकोट गाउँपालिकाको सुनिकोट माविका भवनमा पनि क्षति पुगेको छ। तलकोट गाउँपालिकाका उपाध्यक्ष पार्वतीकुमारी भण्डारीका अनुसार भूकम्पले वडा नम्बर १ को कार्यालय भत्किएको छ। 'विद्यालयका भवन पनि भत्किएका छन्। बचेका विद्यालय भवन पनि चिरा परेको छ,' भण्डारीले भनिन्।

भूकम्पका कारण भएको क्षतिको यकिन विवरण आइसकेको छैन। तर, सदरमुकाम चैनपुर क्षेत्रमा ठूलो क्षति भएको जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख डिएसपी भरतबहादुर शाहले बताए। उनका अनुसार भूकम्पका कारण तीन दर्जन घर भत्किएका छन्। 'विद्यालय, वडा कार्यालयसहित सरकारी र निजी गरी तीन दर्जन भवनमा भत्किएका छन्,' उनले भने। भूकम्पपछि जयपृथ्वी नगरपालिकाको माल्लालाग्ना भिरमा र छब्बिस पाथिभेरा गाउँपालिकाको जालेबगरमा गएको सुक्खा पहिरोले जयपृथ्वी राजमार्ग अवरुद्ध भएको छ।

चौरमै प्रसूति सेवा

जिल्ला अस्पताल बझाङले भूकम्पपछि चौरमै प्रसूति सेवा दिएको छ। बेथा लागेर अस्पताल पुगेकी तलकोट गाउँपालिका- १ गोथीचौरकी २० वर्षीया मनीषा ऐडीलाई प्रसूति सेवा प्रदान गरिएको हो। अस्पतालका अनुसार मनीषाले ३ बजेर ३० मिनेटमा बच्चालाई जन्म दिएकी हुन्। नर्मल डेलिभरीमार्फत बच्चालाई जन्म दिएकी मनीषा र बच्चाको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ। भूकम्पको जोखिमका कारण अस्पतालका सबै स्वास्थ्यकर्मी बाहिर निस्केपछि मनीषालाई अस्पतालको चौरमै सेवा दिइएको हो।

मन्त्रालयमै...

पृष्ठ १ बाट क्रमशः

दिनमै स्वास्थ्य मन्त्रालयमा पेस गरेको थियो। तर, प्रतिवेदनमा असन्तुष्टि जनाउँदै मन्त्री बस्नेतले पुनः अध्ययनका लागि २७ भदौमा निर्देशन दिएका थिए। दोस्रो छानबिनपछि तयार प्रतिवेदन २९ भदौमा मन्त्रालयमा बुझाइएको थियो।

प्रतिवेदनमा अस्पताल व्यवस्थापन, चिकित्सक, सेक्युरिटी गार्ड र बालिकाका आफन्तको समेत कमजोरी रहेको निष्कर्ष निकालिएको छ। बिरामी चेकजाँचका लागि पालो कुरेर बसेको, तर चिकित्सक बिरामी जाँच्न छाडेर बाहिर गई एक घन्टा हराएको उल्लेख छ। त्यस्तै, सेक्युरिटी गार्डले पनि उपचारमा अवरोध गरेको प्रतिवेदनमा स्पष्ट पारिएको छ। तर, उक्त फाइल स्वास्थ्यमन्त्री बस्नेतले पल्टाएर हेरेका छैनन्।

बालिकाका आफन्त भने छानबिन समितिको प्रतिवेदनका आधारमा उपचारमा लापरबाही गर्नेलाई कारबाही हुनुपर्छ भन्दै कुरेर बसेका छन्। तर, यसबारेमा स्वास्थ्य मन्त्रालयले थप छानबिन र कारबाही भने गरेको छैन। अस्तालका निर्देशक डा. पंकज रायले आफूहरूले मन्त्रालयलाई प्रतिवेदन बुझाएको र त्यसबारे मन्त्रालयबाट कुनै प्रतिक्रिया नआएको बताए। 'हामीले अध्ययन गरेर दुई साताअघि नै प्रतिवेदन स्वास्थ्य मन्त्रालयमा दिएका छौँ,' उनले भने, 'प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मा मन्त्रालयको हो।'

निजीमा बिरामी पठाउनेलाई पनि भएन कारबाही

कान्ति अस्पतालमै कार्यरत चिकित्सक र सेक्युरिटी गार्डले त्यहाँ आएका गम्भीर बिरामीलाई गेटबाटै निजी अस्पताल पठाउने गरेकामा अस्पताल प्रशासनले कुनै छानबिनसम्म गरेको छैन। चिकित्सक र सेक्युरिटीले बेड खाली नभएको भन्दै 'सेटिङ'मा अस्पतालको गेटबाटै निजी अस्पताल तोकेरै पठाउने गरेका घटना विवरणसहित नयाँ पत्रिकाले ३० भदौमा समाचार प्रकाशित गरेको थियो।

अस्पतालको स्थायी सेक्युरिटीमध्येका मुखियालाल चौधरी र उत्तम बुढाथोकीले सेटिङमा कलंकीस्थित नेसनल अस्पताल, त्रिपुरेश्वरको ब्लुक्रस अस्पताल, मेट्रो काठमाडौं अस्पताललगायतमा पठाउने गरेका विवरण नै फेला परेका छन्। कान्ति अस्पतालमा कार्यरत केही डाक्टर अन्य निजी अस्पतालमा पनि काम गर्ने भएकाले मिलेमतोमा त्यसो गरिएको हो। गम्भीर प्रकारका बिरामी बोकेर अस्पतालको इमर्जेन्सीको ढोकामै पुगेका बिरामीलाई निजी अस्पतालमा पठाउँदा बिरामीको ज्यानै जाने गरेको छ। तर, यसबारे घटना सार्वजनिक हुँदा पनि अस्पताल र सरकारले कुनै छानबिनसम्म गरेको छैन।

सच्याइएको

मिति २०८०।०२।०९ गतेको नयाँ पत्रिकामा प्रकाशित कर्जा सूचना केन्द्र लि.को **कालो सूचीमा राखिनेबारेको शाखा कार्यालय, सामाखुशीको ३५ दिने सूचनामा कर्जा ग्राहकको नाम किलिमाञ्जारो कन्स्ट्रक्सन** प्रा.लि. हुनु पर्नेमा अन्यथा हुन गएकोमा सच्याइएको छ।

कृषि विकास बैंक लि.
बागमती प्रदेश कार्यालय, काठमाडौं

कम्पनीको नाम परिवर्तन भएको सूचना

मिति २०८०/५/२५ मा दियो फुडल्याण्ड एण्ड रेष्टुरेण्ट प्रा.लि. दर्ता नं. १८६५१० को नाम परिवर्तन भई **दियो महल प्रा. लि.** कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/६/१७

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७३/११/२२ मा दर्ता नं. १६४९५५/०७३/०७४ मा दर्ता भै संचालनमा रहेको प्रकृति एग्रो फार्मस प्रा.लि. कम्पनीको मिति २०८०/०४/२१ मा बसेको विशेष साधारणसभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी एग्रीकल्चर प्राउड प्रा.लि.ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०/०५/१५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

भुलसुधार

मिति २०८०/६/१५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित **Pokhara Academy of Health Science, Kaski** को **Invitation for Bids** सूचनामा तल उल्लेखित तालिकामा उल्लेख भए अनुसार हुनुपर्नेमा अन्यथा भएको हुनाले भुलसुधार गरिएको छ।

S. N.	BIds No	Name of Procurements	Types	Bid Documents Fee	Bid Security amount (NRS)
1	PAHS/NCB/GOODS/2080-81/14	Procurement of Lab Reagents I			
		Package A	Item wise	5000/-	4,68,500/-
		Package B	Package wise		32,800/-
		Package C	Package wise		26,400/-
		Package D	Package wise		26,500/-
		Package E	Package wise		16,000/-

Government of Nepal
Ministry of Health & Population
Pokhara Academy of Health Science, Kaski

निगमका कर्मचारीलाई दैनिक खाजादेखि पोसाकसम्मका भत्ता

सधैँ घाटामा रहेको बताउने आयल निगमले कर्मचारीलाई भने पोसाकदेखि खाजा खर्चसम्मका थरीथरीका भत्ता उपलब्ध गराइरहेको छ। यसरी लोभलाग्दा भत्ता वितरण गर्ने सार्वजनिक संस्थानको सूचीमा आयल निगम अग्रपंक्तिमा छ।

निगम कर्मचारीले दुई वर्षअघिबाट दैनिक १७५ रुपैयाँका दरले यातायात भत्ता बुझ्ने गरेका छन्। त्यस्तै, खाजा खर्चबापत दैनिक सय रुपैयाँ पाउँछन्। मासिक रूपमा पेट्रोलियम जोखिम भत्ताबापत चार हजार पाँच सय र महँगी भत्ताबापत दुई हजार रुपैयाँ बुझ्छन्।

त्यस्तै, वार्षिक रूपमा पोसाक भत्ताबापत निगमले कर्मचारीलाई २५ हजार रुपैयाँ उपलब्ध गराउँछ। यो शीर्षकको भत्ता निजामतीको भन्दा दोब्बर हो। घर रङरोगन खर्च भनेर दसैँअघि ४२ सयदेखि ६ हजार रुपैयाँसम्म (कमर्चारीको तहअनुसार) र एक महिनाको तलबबराबरको रकम चाडपर्व भत्ताबापत उपलब्ध गराउने गरेको छ।

कर्मचारी बिरामी भए बिलअनुसारको औषधि उपचार खर्च पाउँछन्। तर, बिरामी नै नभए पनि वर्षको एकपटक अधिकृत तहका कर्मचारीले एक महिनाको तलबबराबर, सहायकस्तरले डेढ महिनाको तलबबराबर र टेक्निसियन/हेल्परले दुई महिनाको तलबबराबरको रकम भत्ताबापत बुझ्छन्। विदेश भ्रमणमा जाँदा ७५ डलरभन्दा माथि र देशभित्र १२ सयदेखि दुई हजार रुपैयाँसम्म भत्ता पाउँछन्। निगम कर्मचारी कल्याणकारी कोषबाट एक प्रतिशत ब्याजदरमा घरजग्गाका लागि कर्जा पाउने सुविधा छ। यस्तो कर्जा बढीमा सात वर्षको तलबबराबर हुन आउने रकम लिन पाइन्छ। त्यस्तै, एक वर्षको तलबराबर सामाजिक सुरक्षा भत्तासमेत उपलब्ध छ।

निगमले कर्मचारीलाई ५० वर्षसम्म त लुगा धुने भत्ताबापत दैनिक १५ रुपैयाँका दरले उपलब्ध गराउँदै आएको थियो। चौतर्फी आलोचनापछि दुई वर्षअघि मात्रै यस्तो भत्ता कटौती गरिएको थियो।

बोनसलाई छुट्याएको रकम खर्च

बोनस ऐनले नाफा भएको वर्ष कर्मचारीलाई बोनस वितरण गर्न पाउने व्यवस्था गरेबमोजिम आयल निगमले ०७१/७२ देखि निरन्तर ६ वर्षसम्म नाफा आर्जन गरेको रकमबाट तीन अर्ब रुपैयाँभन्दा बढी रकम बोनस कोषमा जम्मा गरेर राखेको थियो। सो बोनस वितरण नगर्न संसदीय समितिहरू, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सञ्चालक समितिले निर्देशन दिएका कारण रोकिएर बसेको थियो। तर, दुई वर्षअघिबाट अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढेअनुसार नेपालमा समायोजन गर्न नपाउँदा घाटामा गएपछि निगमले सो घाटापूर्तिका लागि बोनस कोषमा रहेको सबै रकम खर्च गरिसकेको छ।

गत आव ०७९/८० मा निगमले करिब १८ अर्ब रुपैयाँ नाफा आर्जन गरेकाले त्यसको एक प्रतिशत अर्थात् करिब १८ करोड रुपैयाँ बोनसका लागि विनियोजन गर्नुपर्ने अवस्था छ। तर, अहिलेका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले समेत आफ्नो कार्यकालमा कर्मचारीलाई बोनस वितरण नगर्ने स्पष्ट पारिसकेका छन्।

Lalitpur Metropolitan City
Municipal Executive Office
Pulchowk, Lalitpur
Bagmati Province, Nepal
Notice No. 01/080/81

Invitation for Electronic Bids

First date of publication: 2080/06/17

1. The Lalitpur Metropolitan City invites electronic bids from eligible bidders for the procurement official goods as mentioned below under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.

IFB No.	Description of the Goods	Quantity (Type of Items)	Bid Document Cost (NRs.)	Bid Security Amount(NRs.)	Submission Date
NCB-G1-01/080/81	Stationary and Printing	40 Types	3, 000.00	1,60,000.00	2080/07/17
NCB-G2-01/080/81	Sanitary Goods	18 Types	3, 000.00	30, 000.00	
NCB-G3-01/080/81	Printing Goods	10 Types	3, 000.00	50, 000.00	

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Lalitpur Metropolitan City, Address: Pulchowk, Lalitpur, Nepal, Telephone: +977 (1) 5902340, Email: info@lmc.gov.np Or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Pre-bid meeting shall be held at Office of Lalitpur Metropolitan City, Pulchowk, Lalitpur, Nepal, at 13:00 Hrs on 2080/07/10.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing regulations.

बुधबार १७ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

१९ औं एसियाड

भारतसँग पराजित भएसँगै बाहिरियो नेपाल

हाङ्झाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

१९औं एसियन खेलकुद प्रतियोगिता (एसियाड) अन्तर्गत क्रिकेटको पहिलो क्वार्टरफाइनलमा नेपाल भारतसँग २३ रनले पराजित भएको छ। पहिलो ब्याटिङ गरी भारतले २० ओभरमा चार विकेट गुमाएर २ सय २ रनको योगफल बनाएको थियो। नेपालले दुई सय ३ रनको चुनौतीपूर्ण लक्ष्य पायो। युनिभर्सिटी मैदानमा भारतले टस जितेर पहिलो ब्याटिङ गर्ने निर्णय लिएको थियो। प्रत्युत्तरमा नेपालले २० ओभरमा नौ विकेटको नोक्सानीमा एक सय ७९ रन जोडेको थियो।

हारसँगै नेपाल एसियाडको पुरुष क्रिकेटबाट बाहिरिएको छ। भारतले सेमिफाइनल स्थान सुरक्षित गरेको छ।

नेपालको ब्याटिङमा दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ३२ रनको योगदान दिएका थिए। उनले १५ बलमा चार छक्का प्रहार गरेका थिए। यसैगरी, कुशल मल्ल र सन्दीप जोराले समान २९ रन बटुले। कुशलले २२ बलमा समान दुई चौका र छक्का हिर्काए। सन्दीप जोराले १२ बलमा तीन छक्का र एक चौका प्रहार गरे। करण केसीले १३ बलमा दुई छक्का र एक चौकाको सहयोगमा १८ रन बनाए। भारतले नेपाललाई १२ अतिरिक्त रन दिएको थियो।

नेपालको ब्याटिङमा पाँचौं विकेटका लागि दीपेन्द्रसिंह र सन्दीप जोराबीच २० बलमा ४५ रनको साझेदारी भएको थियो। कुशल भुर्तेल र कुशल मल्लबीच दोस्रो विकेटका लागि ३१ बलमा ३३ रनको साझेदारी भयो। नेपालले भारतविरुद्ध १४ छक्का र भारतले नेपालविरुद्ध १२ छक्का प्रहार गरेको थियो।

नेपाल र भारतबीच पहिलोपटक अन्तर्राष्ट्रिय टी-२० खेल भएको हो। गत महिना नेपाल पाकिस्तान र श्रीलंकामा संयुक्त रूपमा आयोजना भएको एसिया कपमा भारतविरुद्ध पहिलोपटक एकदिवसीय खेलमा भिडेको थियो। जसमा भारत १० विकेटले विजयी भएको थियो। अन्तर्राष्ट्रिय टी-२० को पहिलो भेटमा भारतले नेपाललाई हराउन कडा मिहिनेत गर्नुपरेको थियो। भारत सन् २००७ मा दक्षिण अफ्रिकामा भएको आइसिसी टी-२० विश्वकपको विजेता हो। नेपालले सन् २०१४ मा पहिलो अन्तर्राष्ट्रिय टी-२० खेल खेलेको थियो।

नेपालका कप्तान रोहितकुमार पौडेलले भारतविरुद्धको खेलमा फिल्डिङमा चुकेको प्रतिक्रिया दिएका छन्। यसमा प्रशिक्षक मोन्टी देसाईले पनि सहमति जनाए। 'नेपालले भारतसँग जुन स्तरमा फिल्डिङ गर्नुपर्ने थियो, त्यो खेलाडीले गर्न सकेनन्,' खेलपछि पौडेलले नयाँ पत्रिकासँग भने, 'फिल्डिङकै कारण हामीले अनावश्यक रूपमा १५ रनजति धेरै दियौं।' पछिल्लो समयमा नेपालले टेस्ट मान्यताप्राप्त राष्ट्रसँग प्रतिस्पर्धा गरिरहेको कारण खेलाडीमा आत्मविश्वास बढेको उनको भनाइ छ। 'लगातार हामीले राम्रो टोलीसँग र राम्रा खेल खेल्न पाइरहेका छौं,' उनले भने, 'यसले हामीलाई मोटिभेसन मिलिरहेको छ।'

प्रशिक्षक देसाईले आइपिएलमा नाम कमाएका खेलाडीविरुद्ध राम्रो प्रतिस्पर्धा भएको जनाए। 'भारतीय टोलीको लिस्ट हेर्दा नै भने सबै आइपिएलमा चम्किएका खेलाडी छन्, नेपालले उनीहरूविरुद्ध राम्रो खेल्यो,' नेपाली खेलाडीको प्रशंसा गर्दै उनले भने, 'नेपाल १९० रनसम्म सहजै पछ्याउन सक्ने टोली हो, फिल्डिङमा अलि नसोचेको अतिरिक्त रन दिन पुग्यौं।'



भारतविरुद्ध ब्याटिङ गर्दै नेपालका कुशल मल्ल

यशस्वीको कीर्तिमानी शतक

भारतका लागि भारतीय बायाँहाते युवा ब्याट्सम्यान यशस्वी जैसवालले नेपालविरुद्ध कीर्तिमानी शतक प्रहार गरेका थिए। उनले ४८ बलमा ८ चौका र ७ छक्का प्रहार गरेका थिए। सोमपाल कामीको १६.५ ओभरमा एक रन बटुल्दै उनले शतक पूरा गरेका थिए।



१९.४ ओभरमा उनले छक्का प्रहार गरेको सम्झी शतकको सेलिब्रेसन गरेका थिए। अम्पायरले चौकाको संकेत गरेपछि जैसवाल ९९ रनमै रोकिए र अर्कोपटक उनले शतक पूरा गरे। उनी भारतीय टोलीका लागि कम उमेरमा अन्तर्राष्ट्रिय टी-२० खेलमा शतक प्रहार गर्ने खेलाडी बनेका छन्। जैसवालले २१ वर्ष २ सय ७९ दिनमा शतक पूरा गरेका हुन्।

भारतका लागि शुभमन गिलले गत फ्रेबुअरीमा न्युजिल्यान्डविरुद्ध २३ वर्ष १ सय ४६ दिनमा १ सय २६ रनको शतकीय इनिङ्स खेलेका थिए। अन्तर्राष्ट्रिय टि-२० मा फ्रान्सका गुस्तभ म्याकेओनले १८ वर्ष २ सय ८० दिनमा स्विट्जरल्यान्डविरुद्ध शतक हानेका थिए। नेपालका कुशल मल्लले एसियाडअन्तर्गत समूह चरणमा मंगोलियाविरुद्ध १९ वर्ष २ सय ६ दिनमा शतक हानेका थिए।

भारतका लागि रिंकु सिंह र शिभम दुबेले पाँचौं विकेटका लागि २२ बलमा विस्फोटक ५२ रनको साझेदारी गरेका थिए। गत सिजनको इन्डियन प्रिमियर लिगमा चम्केका रिंकुले १५ बलमा ३७ रनको इनिङ्स खेले। कोलकाता नाइटराइडर्सका विस्फोटक ब्याट्सम्यानका रूपमा चर्निने रिंकुले दुई चौका र चार छक्का प्रहार गरे। शिभमले १९ बलमा दुई चौका र एक छक्का ठोके। भारतले उत्कृष्ट सुरुवात गरेको थियो। पहिलो विकेटका लागि जैसवाल र गायकवाडले ९.५ ओभरमा १ सय ३ रनको शतकीय साझेदारी गरेका थिए।

तर, भारतले नेपालविरुद्ध १० देखि १५ ओभरसम्म सोचेजस्तो स्ट्रोक लगाउन सकेन। यसवेला नेपालले कसिलो बलिङ गरेको थियो। भारतले यस पाँच ओभरमा ३४ रन मात्र बनायो। इनिङ्सको १५ ओभर खेलसम्म भारतले स्कोर बोर्डमा एक सय ३८ रन जोडेको थियो। तर, भारतले अन्तिम पाँच ओभरमा ६४ रन जोड्दा खेल नेपालको हातबाट फुत्कियो।

दीपेन्द्रको नाममा दुई विकेट



भारतविरुद्धको बलिङमा नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक दुई विकेट लिए। उनले चार ओभरमा ३१ रन खर्चेर दुई विकेट हात पारे। सोमपाल कामीले चार ओभरमा ३८ रन दिँदै एक विकेट लिए। यसैगरी, सन्दीप लामिछानेले तीन ओभरमा एक विकेट लिन २८ रन खर्चेका थिए। करण केसी, अभिनाश बोहरा र रोहित पौडेल विकेटविहीन रहे। दीपेन्द्रले भारतीय कप्तान ऋतुराज गायकवाडको विकेट लिए।

प्रशिक्षक मोन्टी देसाई भन्छन्- कम्तीमा १ सय ९५ रन पछ्याउन सकिन्थ्यो



सबैलाई थाहा छ, भारत बलियो राष्ट्र हो। यसपटक पदक जित्ने लक्ष्यका साथ आएको छ। नेपालले भारतविरुद्ध एक सय ९० रनको लक्ष्य पछ्याउन सक्ने हिम्मत राखेको थियो। तर, हामीले अनावश्यक रूपमा १०-१५ रन धेरै दियौं। इन्डियन प्रिमियर लिग खेलेका खेलाडीले नेपालविरुद्ध दुई सय रन बनाउनु स्वाभाविक थियो। एक-दुई बल हामीले राम्ररी फिल्डिङ गरेको भए उनीहरूलाई १९० मा रोक्न सक्थ्यौं। बलर र ब्याट्सम्यानले फिल्डमा आफ्नै योजनाअनुसार खेल्छन्। तर, हामीले अझै योभन्दा राम्रो गर्न सकिन्थ्यो। टी-२० फर्म्याटमा जे पनि हुन सक्छ। राम्रो फिल्डिङ गर्न सकेको भए स्कोर बोर्डमा दुई सय रनभन्दा कम हुन सक्थ्यो। यसले खेलको रूप नै परिवर्तन हुन सक्थ्यो। भारतविरुद्धको खेलमा नेपाली खेलाडीको प्रदर्शनले गर्व लागेको छ। भारतीय टोलीमा आइपिएलमा राम्रो छाप छाडिसकेका खेलाडी थिए। हामीले उनीहरूविरुद्ध राम्रो प्रदर्शन गर्‍यौं। मलाई खेलाडीको प्रदर्शनप्रति गर्व छ। यसले विश्वकप छनोटका लागि आत्मविश्वास बढाएको छ। पछिल्लो समयमा नेपाली क्रिकेटले विश्वमा एउटा चरित्र निर्माण गरिरहेको छ। हामी यो यात्राबाट गौरवान्वित छौं।

कप्तान रोहित पौडेल भन्छन्- सुरुको ब्याटिङ राम्रो भएन



ब्याटिङ सुरुमा राम्रो भएन। पछि दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा र करन केसीले राम्रो खेल्नुभयो। सुरुमा राम्रोसँग खेलेको भए अझ राम्रो गर्न सकिन्थ्यो। खेलको नतिजा जे पनि हुन सक्थ्यो। समग्र खेलको प्रदर्शन सन्तोषजनक रहयो। फिल्डिङमा केही कमजोरी भयो। नेपालको फिल्डिङमा जुन स्ट्यान्डर्ड थियो, त्यसलाई हामीले पूरा गरेनौं। कुनै दिन यस्तै अफ भइहाल्छ। दीपेन्द्रसिंह ऐरी र सन्दीप जोराले ब्याटिङ गरिरहेका वेला जित्ने विश्वास थियो। उहाँहरू दुईमध्ये एकजना अन्तिमसम्म टिकेको भए नतिजा जे पनि हुन सक्थ्यो। पछिल्लो दुई-तीन महिनामा नेपालले राम्रा टिमसँग खेलिरहेको र एक्सपोजर पाइरहेको छ। लगातार टेस्ट राष्ट्रसँग पनि खेलिरहेका छौं। भारतसँग पनि राम्रो प्रतिस्पर्धा गर्‍यौं। जितेको भए झन् राम्रो हुन्थ्यो। टी-२० विश्वकप छनोटअघि दीपेन्द्र दाइ फर्ममा आउनु हाम्रो लागि राम्रो पक्ष हो। केही समय उहाँ फर्ममा बाहिरजस्तै लागेको थियो। तर, एसियाडमा दीपेन्द्र दाइको फर्म हेरियो। यो सकारात्मक पक्ष हो। नेपाली टोलीमा उनलाई विशेषज्ञ खेलाडीका रूपमा लिइन्छ।

भारोत्तोलनमा बनेन राष्ट्रिय रेकर्ड



एसियाडअन्तर्गत भारोत्तोलनमा कुनै पनि राष्ट्रिय रेकर्ड अहिलेसम्म बनेको छैन। प्रतियोगिताको मंगलबार पुरुष ८१ केजीमा नेपालका विकास भट्टले स्न्याचमा १२० केजी र क्लिन एन्ड जर्कमा १४५ गरी जम्मा २६५ केजी भार वहन गरेका छन्। स्न्याचमा विकासले दोस्रो लिफ्टमा १२० केजी वजन उचाल्न सफल भए। पहिलो लिफ्टमा उनले १२० केजी वजन उचाल्ने प्रयास गरे पनि असफल भए। तेस्रो लिफ्टमा उनले १२५ केजी तौल उठाएर स्न्याचमा आफ्नै नाममा रहेको १२४ केजीको राष्ट्रिय कीर्तिमान सुधार गर्ने प्रयास गरेका थिए।

उनले १२५ केजी वजन उठाउन सकेनन्। क्लिन एन्ड जर्कमा पहिलो लिफ्टमा १४५ केजी तौल उठाउने प्रयास गरेका विकास दोस्रो लिफ्टमा मात्र समान तौल वजन उचाल्न सफल भए। तेस्रो लिफ्टमा विकासले १५० केजी उठाउने प्रयास गरे। तर, उनी सफल भएनन्। १५० केजी वजन उचालेको भए विकास आफ्नै नाममा रहेको १४८ केजीको राष्ट्रिय कीर्तिमान भंग हुने थियो। २७२ केजीको राष्ट्रिय कीर्तिमान पनि विकासकै नाममा छ। अब नेपालबाट दुई पुरुष खेलाडी विशालसिंह विष्ट र सागर भण्डारीले खेल्न बाँकी छ।

घिमिरे झापाको प्रशिक्षक

काठमाडौं/ फ्रेन्चाइज टोली झापा फुटबल क्लबले नेपाल सुपर लिग (एनएसएल) दोस्रो संस्करणका लागि चेतन घिमिरेलाई सहायक प्रशिक्षकमा नियुक्त गरेको छ। झापाले मुख्य प्रशिक्षकमा युरोपबाट प्रो लाइसेन्स प्रशिक्षक भिकाउने तयारी गर्दा एएफसी ए लाइसेन्स प्राप्त घिमिरे सहायक प्रशिक्षक भएका हुन्। एनएसएल ८ मँसिरबाट आयोजना हुँदै छ। 'घरेलु फुटबलमा मेरो लागि यो अर्को राम्रो अवसर हो। क्लबले युरोपियन प्रशिक्षक ल्याउने तयारी गरिरहेको छ। धेरै कुरा सिक्न मिल्नेछ,' घिमिरेले भनेका छन्। जेठमा सम्पन्न सहिद स्मारक 'ए' डिभिजन लिगमा पूर्वअन्तर्राष्ट्रिय खेलाडी घिमिरेले विभागीय टोली नेपाल पुलिस क्लबको जिम्मेवारी सम्हालेका थिए। डबल लिगमा पुलिस पहिलो चरण सकिँदा रेलिगेसनमा थियो। घिमिरेले पहिलोपटक विभागीय टोलीमा विदेशी खेलाडी अनुबन्ध गर्दै नाजुक अवस्थाबाट तेस्रो स्थान हासिल गरेका थिए।

लिभरपुल कलेजको हार

काठमाडौं/ एपेक्स आइसिसी कप क्रिकेट प्रतियोगितामा मंगलबार लिभरपुल कलेजले इस्लिङटन कलेजविरुद्ध ६ विकेटको जित निकालेको छ। जितसँगै २ खेलमा २ अंक जोडेको लिभरपुल समूह 'बी' को दोस्रो स्थानमा छ। दुवै खेलमा पराजय व्यहोरेको इस्लिङटन पुछारमा छ। मूलपानी रंगशालामा इस्लिङटनले दिएको ४६ रनको लक्ष्य लिभरपुलले १२ ओभरमा ४ विकेट गुमाउँदै भेट्टाएको थियो। लिभरपुलका अभिषेक यादवले अविजित १४ र प्रज्वल खत्रीले १४ रन बनाए। इस्लिङटनका शुयस ढकालले २ र मिनाल तिमिल्सिनाले १ विकेट लिए। त्यसअघि टस हारेर ब्याटिङ गरेको इस्लिङटनले ११ ओभरमा सबै विकेट गुमाउँदै ४५ रन बनायो। इस्लिङटनका खालिद हसन अन्सारी र शुभम शाहले समान १० रन बनाएका थिए। लिभरपुलका विशाल केसीले ४ ओभरमा २० रन खर्चिँदै ५, चुन्चुनबाबु यादवले २ र जयराम यादवले १ विकेट लिए।

फूलमतीलाई आठ सय मिटर हिट्समा छैटौं स्थान

एथ्लेटिक्सको महिला ८ सय मिटर दौडमा नेपालकी फुलमती राणाले आफ्नो पहिलो चरणको दोश्रो हिटमा छैटौं भएकी छन्। सहभागी ७ मध्ये फुलमतीले समग्रमा छैटौं स्थानमा दौड टुंगाएकी हुन्। हाङ्झाव एसियाडको मुख्य रंगशाला हाङ्झाव ओलम्पिक स्पोर्ट्स सेन्टर स्टेडियममा भएको पहिलो चरणको दोश्रो हिटमा फुलमतीले निर्धारित दूरी २ मिनेट २२.५९ सेकेन्डमा पूरा गरिन्। उक्त हिटमा पाकिस्तानकी रविला फारुक डिस्क्वालिफाइ भइन्। १ हजार ५ सय मिटर दौडमा फुलमतीको चुनौती समाप्त भइसकेको छ। यता, नेपालकी राजपुरा पछाईं महिला ५ हजार मिटर दौडमा १२ औं स्थानमा सीमित भइन्। सहभागी १३ मध्ये राजपुरा १२ औं भएकी हुन्। राजपुरासँगै उक्त स्पर्धामा १३ औं दक्षिण एसियाली खेलकुदकी स्वर्णधारी नेपालकी सन्तोषी श्रेष्ठले पनि प्रतिस्पर्धा गरेकी थिइन्। सन्तोषीले भने दौड पूरा गर्न सकिनन्। राजपुराले निर्धारित दूरी पूरा गर्न १७ मिनेट ०५.३४ सेकेन्डको समय निकालिन्। यो प्रदर्शन उनको अहिलेसम्मकै उत्कृष्ट समय हो। उनको व्यक्तिगत उत्कृष्ट समय १७ मिनेट ५८.५४ सेकेन्ड रहेको छ।

ब्याडमिन्टनमा रसिला अन्तिम १६ मा

एसियाडमा ब्याडमिन्टनको महिला एकलतर्फ रसिला महर्जन प्रिक्वार्टरफाइनलमा पुगेकी छिन्। रसिलाले मंगलबार भएको अन्तिम ३२ को खेलमा मंगोलियाकी म्याग्मार्टसेरेन गन्बाटरलाई २-० को सोझो सेटमा हराइन्। १६ मिनेटसम्म चलेको खेलमा उनले मंगोलियाकी खेलाडीलाई ११-४ र ११-७ ले पाखा लगाएकी हुन्। अनुमाया राई महिला एकलको अन्तिम ३२ मा थाइल्यान्डकी पोर्नपावी चोचुवोङसँग २-० को सोझो सेटमा पराजित भएकी छिन्। अनुमायाले २४ मिनेटसम्म प्रतिस्पर्धा गर्दा १०-२१ र ४-२१ ले खेल गुमाएकी हुन्। यसैगरी, महिला डबल्समा चाइनिज ताइपेईका चिङ या सु र चिन वान लिनको जोडीले नेपालका निता लम्साल र नङसल तामाङको जोडीलाई २१-१ र २१-५ ले हरायो। अर्को खेलमा नेपालका रसिला महर्जन र अनुमाया राईको जोडी इन्डोनेसियाका दिपुजी कुसुमा फेब्रियन र काहाया प्रतिवी अमालियाको जोडीसँग २१-३ र २१-७ ले पराजित भयो।



कबड्डीमा इरानसँग नेपाल पराजित



अनपेक्षित रूपमा पदक सम्भावना बोकेको नेपाली महिला कबड्डी टोली मंगलबार आफ्नो दोस्रो खेलमा एसियाडकै साबिक स्वर्ण विजेता इरानसँग समूह 'बी'मा ४३-१९ ले पराजित भएको छ। जिओसाना ग्वाली स्पोर्ट्स सेन्टरमा भएको खेलमा नेपालले इरानलाई पहिलो हाफमा चुनौती दिएको थियो। पहिलो हाफमा नेपालले इरानविरुद्ध १९-११ को प्रदर्शन गर्‍यो। दोस्रो हाफमा नेपाली खेलाडीले धेरै गल्ती गरे। इरानले सम्हालिएर खेल्दा नेपाललाई दोस्रो हाफमा २४-८ ले हरायो। नेपालले दुई खेलबाट दुई अंक बटुलेको छ। नेपालले एसियाडकै डेब्यु खेलमा बंगलादेशलाई ३७-२४ ले पराजित गरेको थियो। सन् २०१९ मा काठमाडौंमै भएको १३औं दक्षिण एसियाली खेलकुदमा नेपालले बंगलादेशलाई हराएको थियो। यस समूहमा तीन राष्ट्र मात्र छन्। अब इरानले आज बंगलादेशको सामना गर्नेछ। इरानले बंगलादेशलाई हराउँदा नेपाल सेमिफाइनलमा पुग्नेछ। महिला कबड्डीमा सेमिफाइनलमा पुग्ने टोली कम्तीमा कांस्य पदक हकदार बन्नेछ। ओसिएले दुई टोली स्वर्णका लागि भिड्दा सेमिफाइनलिस्टलाई संयुक्त रूपमा कांस्य दिने नियम बनाएको छ।

Janaki Rural Municipality
Office of the Rural Executive
Manpur, Banke

Invitation for Electronic Bids

Date of Publication: 2080/06/17 (Oct 4th, 2023)

1. Janaki Rural Municipality, Office of the Rural Executive, Manpur, Banke invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

S.N.	Contract Name and Number	Bid Security (NRs.)	Bid Doc Fee
1	Supply and Delivery of Medicine and Surgical Items JANAKI/G/MEDICINE/NCB-01/80/81	89,000.00 (120 days)	3,000.00

2. Only Electronic Bidding through ***www.bolpatra.gov.np/egp*** is permitted and **Bid shall be submitted on or before 2080/07/17 (Nov 3rd, 2023) 12:00 Noon** and Bid shall be opened on the same Submission date **at 13:00 Noon** at Employer's Office; Janaki Rural Municipality, Manpur, Banke.
3. Eligible Bidders may obtain the further information from Janaki Rural Municipality, Office of the Rural Executive, Manpur, Banke or may visit PPMO website ***www.bolpatra.gov.np/egp*** to download all the bidding documents.
4. Bidders should deposit cost of bidding document on the Aantarik Rajaswa Khata of Janaki Rural Municipality, Manpur, Banke and upload the scanned copy (PDF format) of the bank deposit Voucher.
   Account Name: Anatarik Rajaswa Khata (आन्तरिक राजस्व खाता)
   Account Number: *1112050028667002*
   Name of the Bank NIC Asia Bank, Khajura, Banke.
5. Bid Security (Cash/Bid bond) should be deposited in Dharuti Khata of Janaki Rural Municipality, Manpur, Banke.
   Account Name : Dharauti Khata
   Account Number: *B 141498321524001*
   Name of the Bank: NIC Asia Bank, Khajura, Banke.
6. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com